सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ मंसिर २०८१, शनिबार (23 Nov 2024, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सडकमा एमालेको शक्ति प्रदर्शन

'०८४ को चुनावसम्म यही समीकरण रहन्छ'



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ भद्रकालीदेखि दरबारमार्गसम्म जुलुससहित एमालेको शक्ति प्रदर्शन

■ ट्राफिक जामले नागरिकलाई सास्ती

■ दरबारमार्गमा फोहोर गरेको भन्दै महानगरले एमालेलाई गऱ्यो एक लाख जरिवाना

शुरोजंग पाण्डे/नयाँ पत्रिका

पार्टीले आयोजना गरेको जागरणसभामार्फत एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीले आफ्नाविरोधी र आलोचकमाथि प्रहार गरेका छन्। प्रधानमन्त्री ओलीले खास गरेर प्रमुख प्रतिपक्ष दलका नेता एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वगृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछाने, मेडिकल व्यवसायी दुर्गा प्रसाईं र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलक्षित प्रहार गरे। ओलीले कसैको नाम त लिएनन्, तर उनीहरूले उठाएका मुद्दा र कामको विषयमा आफ्नो धारणा राख्दै कठोर आलोचना गरे। साथै प्रधानमन्त्री ओलीले अहिलेको सरकार आगामी निर्वाचनसम्म कायमै रहने भनाइ दोहोऱ्याएका छन्।

माओवादी अध्यक्ष प्रचण्डले ओलीको आसन्न चीन भ्रमणलाई लिएर केही प्रश्न उठाएका वेला यसको विरोध गर्नेहरू कायर भएको टिप्पणी गरे। 'कतिले के-के न व्यवसाय भेटेजस्तै गरेर पहिले कता जानुपर्ने कता गयो, अपरिपक्व भयो भन्दै छन्। कस्तो हुन्छ परिपक्व ? कता जानुपर्ने हो ? धर्मशास्त्र, संविधान, कानुनमा लेखेको छ कि, संयुक्त राष्ट्रसंघको बडापत्रमा लेखेको छ ? तपाईंले कहाँ परिपक्वता भेट्नुभो ?' काठमाडौंको

» पृष्ठ २ मा क्रमशः



चीन भ्रमण अत्यन्त सफल रहनेछ। यसो घुमेर आऊँ भनेर चीन जान लागेको होइन। देशको हित र भलाइका लागि कुनै पनि देशको भ्रमण गरिन्छ। उदाहरणीय हुनेछ, म ढुक्कले भन्न चाहन्छु।

हामी सकेसम्म कतैको पनि ऋण लिँदैनौं। अहिले ऋण लिने मनस्थिति र अवस्था पनि छैन। तर, हामीले उत्पादन बढाउनुपर्छ र आर्थिक उन्नति गर्नुपर्छ।

यो सरकारले दसैं देख्दैन, तिहार देख्दैन, मंसिर कट्दैन भनियो, अहिले फेब्रुअरीको भाका राख्दै छन्, अब फागुनको कुरा होइन, म भन्न चाहन्छु– ०८४ मंसिरको चुनावसम्म अहिलेको समीकरण कायम रहन्छ। सबैले बुझे हुन्छ, कान खोलेर सुने हुन्छ– ०८३ असारसम्म म प्रधानमन्त्री रहन्छु। त्यसपछि देउवाजीलाई जिम्मा लगाउँछु। भ्रममा नपर्नुस्, भ्रममा पर्न नदिनुस् र ढुक्कले अगाडि बढ्नुस्।

■ प्रधानमन्त्रीमाथि कांग्रेसको दबाब

बिआरआईमा ऋण अस्वीकार गर्ने अडान कायमै

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



हामीले बिआरआई हुँदैन भनेका छैनौं। ऋण लिनुहुँदैन मात्र भनेका हौं। बिआरआईअन्तर्गत नै अनुदान कार्यान्वयन गर्नुपर्छ, यो अवस्थामा ऋणचाहिँ लिनुहुँदैन। अनुदानबारे प्रतिबद्धता कार्यान्वयन भएको छैन। अनुदान नै कार्यान्वयन भएको छैन भने ऋणको के अर्थ ?

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सत्तारूढ दल कांग्रेसले बिआरआई कार्यान्वयन योजनालाई ऋणका रूपमा स्वीकार गर्न नसकिने पुरानै अडान दोहोऱ्याएको छ। आसन्न चीन भ्रमणमा यस्तो योजनामा हस्ताक्षर गर्ने प्रधानमन्त्री केपी ओलीको प्रयास रहेकै वेला कांग्रेसले आफ्नो अडान दोहोऱ्याएको हो। बिआरआईमा समान धारणा बनाउन कांग्रेस र एमालेबिच छलफल जारी रहेकै वेला कांग्रेसले विज्ञहरूसँग छलफल गरेर

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उद्योगीले बक्यौता तिर्ने समयसीमा चार दिन बाँकी

कुलमानलाई नै निलम्बन गर्ने तयारी

सार्वजनिक संस्थानमा हुने अनियमितता छानबिन गर्न अख्तियार र सतर्कता केन्द्र छ। तर, कुलमानलाई लक्षित गरेर सरकारले पूर्वन्यायाधीशको नेतृत्वमा छानबिन समिति गठन गरेको छ। समितिले पूर्णता पाएलगत्तै उनलाई निलम्बन गर्ने योजना छ।

सरकारको नियतमै खोट देखिन्छ

● **गान्धी पण्डित**, वरिष्ठ अधिवक्ता



मन्त्रिपरिषद्ले कार्यक्षमता र अनुशासनको विषय हेर्ने हो। भ्रष्टाचारको कुरा हेर्न अख्तियार छ। अख्तियारले हेर्ने विषयमा छानबिन समिति गठन गर्नुले नियतमै खोट देखिन्छ। अहिले कुलमान घिसिङलाई राम्रो काम गरिरहेका वेला अख्तियारले हेर्ने विषयमा जोडेर छानबिन गर्छु भन्नु कानुनीभन्दा पनि प्रतिशोध लिन खोजेको देखिन्छ। सरकारले प्राधिकरणमाथि गरिरहेको एकपछि अर्को निर्णयले यही देखाउँछ। भर्खरै क्याबिनेटले बक्यौता नतिरे १५ दिनमा लाइन काट्ने भन्यो। फेरि छानबिन समिति बनायो। सरकारले काम गर्नेलाई निरुत्साहित गर्नु राम्रो भएन। यो कानुनी रूपमा पनि मिलेको छैन।

अजित अधिकारी/नयाँ पत्रिका

आमनागरिकले दैनिक १८ घण्टासम्म लोडसेडिङ खेपेका वेला उद्योगहरूले डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत प्रिमियम महसुल तिर्ने गरी २४सै घण्टा बिजुली प्रयोग गरे, तर त्यसको अर्बौं बक्यौता महसुल अहिले पनि तिर्न अटेर गरिरहेका छन्। विद्युत् प्राधिकरणले बक्यौता उठाउन खोज्दा सरकार उल्टै कुलमान घिसिङलाई हटाउन लागिपरेको छ। पछिल्लोपटक उनलाई हटाउने 'नियत'सहित सरकारले प्राधिकरणभित्रको अनियमितता छानबिन गर्न भन्दै पूर्वन्यायाधीशको नेतृत्वमा समिति गठन गरेको छ।

एक मन्त्रीका अनुसार बिहीबारको मन्त्रिपरिषद् बैठकबाट पूर्वन्यायाधीश हरिकुमार पोखरेलको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति बनाइएको छ। दुई सदस्य थप गर्न बाँकी छ। ती मन्त्रीका

» पृष्ठ २ मा क्रमशः

■ कुलमानविरुद्ध सरकारका चार महिना



३० असारमा केपी ओली प्रधानमन्त्री नियुक्त भए। त्यसको केही दिनअघि नै बक्यौता नतिर्नेमध्ये ६ उद्योगमा विद्युत् प्राधिकरणले लाइन काटिसकेको थियो। नयाँ सरकार बनेको सुरुदेखि नै प्रधानमन्त्री ओली र ऊर्जामन्त्री दीपक खड्का उद्योगीको पक्षमा उभिए। ४ साउनमा उद्योगीहरूकै अगाडि विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई प्रधानमन्त्री ओलीले काटिएको लाइन जोड्न ठाडो निर्देशन दिए। तर, कुलमानले मन्त्रिपरिषद् वा मन्त्रालयको निर्णय आवश्यक पर्ने अडान लिएपछि प्राधिकरण सञ्चालक समितिले निर्णय गर्न सकेन।

६ साउनमा प्रधानमन्त्री ओलीले 'प्राधिकरणले मनपरी महसुल उठाउन नपाउने' भन्दै संसद्कै रोस्टमबाट घोषणा गरे। त्यही दिन विद्युत् नियमन आयोगको बैठकबाट लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिने निर्णय सरकारले गरायो। त्यसकै आधारमा ८ साउनमा प्राधिकरणले तीन महिनाभित्र बक्यौता उठाउने गरी लाइन जोड्ने, नतिरे पुनः लाइन काट्ने निर्णय गऱ्यो। त्यसअघि बक्यौता उठाउनुपर्छ भन्ने प्राधिकरणका सञ्चालकद्वय कपिल आचार्य र भक्तबहादुर पुनलाई उल्टै सरकारले कारबाही गऱ्यो। तर, अदालतले पुनर्बहाली गराइदियो।

त्यसपछि सरकारले संसद्को सार्वजनिक लेखा समितिलाई पनि दुरुपयोग गर्न खोज्यो। एमालेका ऋषिकेश पोखरेल समिति सभापति थिए। सरकारको योजनामा उनले यसअघि नै समितिबाट निर्णय र निर्देशन भइसकेको डेडिकेटेड र ट्रंकलाइनसम्बन्धी फाइल प्राधिकरणबाट पुनः झिकाए। र, उद्योगीहरूको स्वार्थअनुसार सिंहदरबारबाहिरै निर्णयको ड्राफ्ट गरेर समितिबाट अनुमोदन गराउन खोजे। त्यसमा सत्तासाझेदार कांग्रेसकै असहयोग भएपछि यो प्रयास पनि सफल भएन। अल्पमतमा पर्ने भएपछि बैठक स्थगित गरेका सभापति पोखरेलले त्यसपछि बैठकसमेत राख्न सकेका छैनन्।

उद्योगीलाई दिइएको तीन महिनाको समयावधि सकिएपछि ८ कात्तिकमा प्राधिकरणले ४३ उद्योगको लाइन काटिदियो। लगत्तै १० कात्तिकमा बक्यौता नतिर्ने उद्योगीको घरमा समेत बिजुली काट्ने चेतावनी दियो। यसबाट सरकार थप रुष्ट भयो। तर, प्राधिकरणले उद्योगीहरूलाई सहज बनाउन ५६ किस्तामा बक्यौता तिर्न सक्ने सुविधा दिने निर्णय लियो। त्यसअघि २८ किस्ताको सुविधा थियो। तैपनि राजनीतिक लबिङमा रहेका उद्योगी किस्ता तिर्न आएनन्। प्राधिकरण त्यस्ता उद्योगीको घरमा पनि लाइन काट्ने तयारीमा थियो। यहीबिचमा २५ कात्तिकमा मन्त्रिपरिषद् बैठकले बिजुली काटिएको उद्योगमा लाइन जोड्न र १५ दिनभित्र बक्यौता उठाउन निर्देशन दिने निर्णय गऱ्यो। लगत्तै प्राधिकरण बोर्डले गरेको निर्णयअनुसार २८ कात्तिकमा बिजुलीको लाइन जोडिएको थियो।

उद्योगीहरूलाई पछिल्लोपटक दिइएको समयसीमा १२ मंसिरमा सकिँदै छ। तर, त्यसअघि नै सरकार कुलमानलाई हटाउन खोज्दै छ। यही उद्देश्यसहित ६ मंसिरको मन्त्रिपरिषद् बैठकले प्राधिकरणमा भएको अनियमितता छानबिन गर्ने भन्दै समिति गठन गरेको छ।

■ ओली सरकारले समेत पाँच वर्षअघि बक्यौता उठाउने निर्णय गरेको थियो

● महसुल विवाद समाधानका लागि केपी ओली नेतृत्वको तत्कालीन सरकारले ऊर्जासचिव दिनेश घिमिरे नेतृत्वमा २१ पुस ०७६ मा समिति गठन गरेको थियो। त्यो समितिले पनि ०७२ माघदेखि ०७५ वैशाखसम्मको प्रिमियम महसुल उठाउन सिफारिस गरेको थियो। ०७२ साउनदेखि पुससम्म र लोडसेडिङ अन्त्य भएपछिको अवधि सम्बन्धमा निर्णय गर्न भने नियमन आयोगलाई जिम्मा दिइएको थियो।

● ओली नेतृत्वकै मन्त्रिपरिषद्ले १९ साउन ०७७ मा घिमिरे नेतृत्वको समितिले तयार गरेको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गऱ्यो। २६ साउन ०७७ मा ऊर्जा मन्त्रालयबाट कार्यान्वयनका लागि प्राधिकरण र आयोगमा पत्रचार भयो।

● यसबाहेक संसद्को सार्वजनिक लेखा समितिले २५ चैत ०७७ मै बक्यौता उठाउन निर्देशन दिएको थियो भने अख्तियारले ३० साउन ०७७ मा सिफारिस गरेको थियो। महालेखाले पछिल्ला हरेक वार्षिक प्रतिवेदनमा यही सुझाव दिँदै आएको छ। प्राधिकरणले जारी गरेका बिल बदरको माग गर्दै उद्योगीहरूले दायर गरेका रिट पनि विभिन्न निकायका अदालतले खारेज गर्दै बक्यौता उठाउन आदेश गरेका छन्।

झ्ण्याँ



सन्तुलित
दमननाथ

पूर्वसभामुख दमननाथ ढुंगानासँग रटिरटाउ रुटिनभन्दा संसद् जीवन्त बनाउने चेत थियो

सम्झना

● विरोध खतिवडा

26th ANNIVERSARY

सेवाको २६ औं वर्ष





MANAKAMANA CABLE CAR
1998-2024 | २०५५–२०८१

मनकामना माताको असीम आशिर्वाद एवं कृपा, नेपालका केबुलकारका श्रष्टा एवं यस प्रा.लि.का संस्थापक स्व. लक्ष्मणबाबु श्रेष्ठको मार्गदर्शनका साथै आदरणीय यात्रुजनहरुको माया र स्नेहका कारण आज हामी सेवाको २६ औं वर्ष पुरा गरी २७ औं वर्षमा प्रवेश गरेका छौं र आगामी आउने दिनमा निरन्तर स्तरीय सेवा दिने प्रण गर्दछौं ।

हामीलाई यहाँसम्म पुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा हामी आभार व्यक्त गर्दछौं ।

MANAKAMANA CABLE CAR

मनकामना दर्शन (प्रा.) लि.
MANAKAMANA DARSHAN (P) LTD.

manakamanacablecar.com @ cablecarmanakamana manakamanacablecar info@manakamanacablecar.com

ह्याकरको आक्रमणपछि बिहीबारदेखि पासपोर्ट सेवा बन्द

एकीकृत डाटा व्यवस्थापन केन्द्रमा कम्प्युटरको जाँच, पूर्ण रूपमा सुरक्षित भएपछि सेवा सञ्चालनमा आउने, आइतबारसम्म सेवा सुरु गर्ने विभागको तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

ह्याकरको आक्रमणबाट सिस्टममा भाइरस प्रवेश गरेपछि राहदानी (पासपोर्ट) सेवा प्रभावित भएको छ। यससँगै राहदानी विभागले डिजिटल माध्यमबाट राहदानी बनाउने तथा वितरण गर्ने प्रक्रिया बन्द गरेको छ।

जिल्ला र विदेशस्थित नियोगबाट सेवा दिइरहेको कम्प्युटरमा च्यान्सम वेयर भनिने भाइरसबाट आक्रमण भई फाइल करप्ट गर्ने र पैसा माग्ने स्थिति आएपछि अनलाइन सेवा बन्द गरिएको महानिर्देशक तीर्थराज अर्यालले बताए। अर्यालका अनुसार ललितपुरसहित केही जिल्ला र नियोग गरी ११ वटा कम्प्युटरमा समस्या देखिएको छ।

भाइरसको समस्या देखिएका ११ कम्प्युटरको एकीकृत डाटा व्यवस्थापन केन्द्रमा बिहीबारदेखि जाँच भइरहेको छ। 'बिहीबारदेखि डाटा सेन्टरमा कम्प्युटर जाँच भइरहेको छ। शनिबार पनि जाँच हुन्छ,' महानिर्देशक अर्यालले भने, 'फाइनल सेक्युरिटी जाँच भइसकेपछि सेवा सञ्चालनमा ल्याउँछौं।'

विभागका अनुसार केन्द्रीय प्रणालीभन्दा

» पृष्ठ २ मा क्रमशः



फाइल तस्बिर

राहदानी विभागले दैनिक ६ हजारहाराहारी राहदानी वितरण गर्दै आएको छ। त्रिपुरेश्वरस्थित विभागबाट दैनिक औसत १५ सय र बाँकी जिल्ला तथा नियोगबाट राहदानी सेवा प्रवाह हुँदै आएको छ। सेवा प्रभावित भएपछि सेवाग्राही मर्कामा परेका छन्। विदेशस्थित कतिपय नेपाली नियोगले डिजिटल प्रणालीमा आएको समस्याका कारण सेवा दिन नसक्ने भन्दै सूचना नै जारी गरेका छन्।



● **तीर्थराज अर्याल**, महानिर्देशक, राहदानी विभाग

भाइरसको समस्या देखिएका ११ कम्प्युटरको एकीकृत डाटा व्यवस्थापन केन्द्रमा बिहीबारदेखि जाँच भइरहेको छ। शनिबार पनि जाँच हुन्छ। फाइनल सेक्युरिटी जाँच भइसकेपछि सेवा सञ्चालनमा ल्याउँछौं। ह्याकरले हामीलाई नै टार्गेट गरेको देखिएन। विभागमा चाहिँ छैन। विभागबाहिर जिल्ला र नियोगमा समस्या हो। तर, कहाँबाट भाइरस आयो भन्ने ट्र्याक नगरेसम्म समस्या नै छ। जिल्ला र नियोगमा भने सेवा सञ्चालन हुन केही समय लाग्नेछ।

प्रधानमन्त्री र रक्षामन्त्रीसँग भारतीय सेनाध्यक्षको भेट

नयाँ पत्रिका

नेपाल भ्रमणमा रहेका भारतीय सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीले शुक्रबार प्रधानमन्त्री केपी ओली र रक्षामन्त्री मानवीर राईसँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेका छन् । दुई देश र सेनाबिचको सम्बन्ध सुदृढ गर्ने विषयमा छलफल भएको नेपाली सेनाले जनाएको छ ।

भेटवार्तामा द्विवेदीसँग भारतीय राजदूत नवीन श्रीवास्तव, भारतीय रक्षा सहचारी तथा प्रतिनिधिमण्डलका सदस्य सहभागी थिए । भेटहरूमा जनरल द्विवेदीले आफूले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्राप्त गर्न पाउनु सौभाग्यको कुरा भएको बताएको भारतीय राजदूतावासले जनाएको छ । 'उहाँले दुवै देश तथा सेनाबिचको उत्कृष्ट द्विपक्षीय सहकार्यलाई थप मजबुत बनाउने विषयमा पनि छलफल गर्नुभयो,' भारतीय दूतावासले भेटबारे जारी गरेको विज्ञप्तिमा उल्लेख छ । भेटमा दुई देशबिच 'व्यापक सैन्य तथा द्विपक्षीय सम्बन्ध'का बारेमा विचार आदानप्रदान भएको पनि विज्ञप्तिमा उल्लेख छ । रक्षामन्त्री राईसँगको भेटमा सेनाध्यक्ष द्विवेदीले सबै मिलेर दुई देशबिचको रक्षा सम्बन्धलाई थप सुदृढ गर्दै नयाँ उचाइमा पुऱ्याउनुपर्ने कुरामा जोड दिएका छन् ।

भेटवार्ताअघि भारतीय सेनाध्यक्ष द्विवेदीले शिवपुरीस्थित नेपाली आर्मी कमान्ड एन्ड स्टाफ कलेजमा शिक्षार्थीसँग अन्तर्क्रिया गरेका छन् । उनी तथा भारतीय सैनिक प्रतिनिधिमण्डलका टोलीले शुक्रबार बिहान माउन्टेन फ्लाइटमार्फत सगरमाथालगायत हिमालको अवलोकन गरेका थिए ।



जनरल द्विवेदी नेतृत्वको प्रतिनिधिमण्डल शनिबार मुक्तिनाथ मन्दिर दर्शन गर्न जोमसोम जाने र पोखरा फर्केर पश्चिम पृतना हेडक्वार्टर भ्रमण र अवकाशप्राप्त भारतीय गोर्खा सैनिक एवं परिवारलाई सम्बोधन गर्ने कार्यक्रम छ । उनी शनिबार साँझ काठमाडौं आएर आइतबार दिल्ली फर्किने कार्यक्रम रहेको सैनिक प्रवक्ता सहायकरथी गौरवकुमार केसीले जानकारी दिए ।

आइतबारदेखि शुल्क लिएर धरहरा सञ्चालन गर्ने मन्त्रिपरिषद् निर्णय



नयाँ पत्रिका

सरकारले आइतबार (९ मंसिर) देखि शुल्क लिएर धरहरा सञ्चालन गर्न दिने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम नहुँदासम्म अन्तरिम रूपमा हाललाई शुल्क लिई ९ मंसिरदेखि धरहरा सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरेको हो ।

सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालका अनुसार नेपालीका लागि धरहरा चढेको शुल्क दुई सय रुपैयाँ तोकिएको छ । विद्यार्थी र ७० वर्षमाथिकाले ५० प्रतिशत छुट पाउनेछन् । सार्क राष्ट्रका विदेशीका लागि पाँच सय र अन्य देशका लागि एक हजार तोकिएको छ । धरहराको पार्किङ शुल्क पनि निर्धारण गरिएको छ । चारपांग्रेका लागि प्रतिघण्टा २० र दुईपांग्रेका लागि १० रुपैयाँ तोकिएको छ । सरकारले टेन्डरमार्फत निजी कम्पनीलाई धरहरा व्यवस्थापनको जिम्मा दिने तयारीसमेत गरेको छ ।

त्यस्तै, मन्त्रिपरिषद् बैठकले पूर्वसचिव रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगमा निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप गर्ने निर्णय पनि गरेको छ । कपिलवस्तुनिवासी पूर्णबहादुर नेपालीलाई श्रीलंकाका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने सरकारको निर्णय छ । यसैगरी, राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा डा. सुरेशप्रसाद आचार्य तथा आयुक्तमा गगन विष्ट र दुर्गा भण्डारी पौडेललाई नियुक्त गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

स्विट्जरल्यान्ड सरकारबाट सुरक्षित आप्रवासन (सामी) चौथो चरण कार्यक्रमका लागि प्राप्त हुने नेपाली रुपैयाँ करिब एक अर्ब ७६ करोड ९७ लाख अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि सरकारले गरेको छ । चालू आवको मंसिरमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्कासन हुने दुई अर्ब रुपैयाँको नागरिक बचतपत्रको अवधि पाँच वर्ष र ब्याजदर ७.५ प्रतिशत तोक्ने तथा कार्यालयबाट निष्कासन हुने ५० करोडको वैदेशिक रोजगार बचतपत्रको अवधि पाँच वर्ष र ब्याजदर ८.५ प्रतिशत तोक्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिको सिफारिसका लागि गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीको संयोजकत्वमा पूर्वसचिव दीपक सुवेदी र सहप्राध्यापक डा. रेश्मा श्रेष्ठ रहेको सिफारिस समिति गठन गरिएको छ ।

राष्ट्रिय योजना आयोगमा विशेष अधिकृत दरबन्दी (राजपत्रांकित विशिष्ट श्रेणी, मुख्यसचिवसरह) पदमा कार्यरत डा. वैकुण्ठ अर्यालले पेस गरेको स्वेच्छिक अवकाश स्वीकृत गर्नेसहित सहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्नेलगायत १९ वटा निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

स्वास्थ्य सेवा ऐन ल्याउने तयारी

काठमाडौं / तीनै तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको समस्या सम्बोधन गर्ने गरी स्वास्थ्य सेवा ऐन ल्याउन स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले प्रक्रिया अघि बढाएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संघीयताअनुरूपको स्वास्थ्य सेवा ऐन अघि बढाउन सैद्धान्तिक स्वीकृति दिएसँगै ऐन ल्याउने तयारी थालिएको मन्त्रालयले जनाएको हो ।

हालसम्म नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अनुरूप काम भइरहेको र सो ऐनले संघीयताअनुरूप कर्मचारीको व्यवस्थापन गर्न नसकेको भन्दै मन्त्री पौडेलले ऐन ल्याउनका लागि प्रक्रिया अघि बढाउने उद्देश्यका साथ मन्त्रिपरिषद् बैठकमा प्रस्ताव लगेको बताएका हुन् ।

संघीयता लागू भए पनि स्वास्थ्य कर्मचारीको वृत्तिविकासमा आइरहेको समस्या समाधानका लागि उपयुक्त ऐन नहुँदा समस्या भइरहेको बताउँदै मन्त्री पौडेलले सबै पक्षको सुझाव समेटेर ऐन निर्माण अघि बढ्ने बताएका छन् । 'हाल संघीयताअनुरूपको नयाँ ऐन नआउँदा समायोजन भएका कर्मचारीको वृत्तिविकास तथा बढुवा आदिमा समस्या परेको छ । मन्त्रालयले तीनै तहका कर्मचारीबिच अन्तर्सम्बन्ध कायम गर्ने तथा स्वास्थ्य सेवामा रहने पदबारे आवश्यक व्यवस्था गर्ने गरी नयाँ ऐनको प्रस्ताव गर्नेछ,' उनले भने ।

कीर्तिपुरमा माओवादीका उम्मेदवारले सार्वजनिक गरे प्रतिबद्धतापत्र

काठमाडौं / माओवादीका कीर्तिपुर नगरपालिकाका प्रमुख र वडाध्यक्षका उम्मेदवारले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् । उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाको प्रमुख आतिथ्यतामा शुक्रबार माओवादीका उम्मेदवारहरूले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् । आगामी १६ मंसिरमा हुने स्थानीय तहको उपनिर्वाचनमा माओवादीले कीर्तिपुरको प्रमुखमा प्रा.डा. शिवशरण महर्जनलाई उम्मेदवार बनाएको छ । महर्जनलाई एकीकृत समाजवादी र जसपाको पनि समर्थन छ । कीर्तिपुर १ को वडाध्यक्षमा सरलगोपाल महर्जन र ४ मा नारायण विष्ट उम्मेदवार छन् । नगरपालिकाको संस्थागत सुधार, समृद्ध कीर्तिपुरको आधार मूल नारासहित माओवादीका उम्मेदवारहरूले सामाजिक सुरक्षा, युवा तथा खेलकुद र रोजगारीको व्यवस्था, आर्थिक विकास, शुद्ध खानेपानीको व्यवस्था, शिक्षामा सुधारलगायतको विकासका योजना प्रतिबद्धतापत्रमा अघि सारेका छन् ।

ह्याकरको...

पृष्ठ १ बाट क्रमशः

पनि स्थानीय प्रणालीमा समस्या देखिएपछि सतर्कताका लागि सट डाउन गरिएको हो । 'जुन ठाउँमा इन्फेक्ट भयो, त्यहाँ सेवा अवरोध भइहाल्यो । अन्त पनि इन्फेक्ट गर्न सक्छ भनेर सतर्कता अपनाएर सट डाउन गर्‍यौं,' महानिर्देशक अर्याल भन्छन् ।

अर्यालले विभागको केन्द्रीय प्रणालीलाई नै केन्द्रित नगरेकाले सुरक्षाका उपाय अपनाएर शीघ्र सेवा पुनः सञ्चालनमा ल्याउने आफूहरूको प्रयत्न रहेको बताए । 'हामीलाई नै टार्गेट गरेको देखिएन । विभागमा चाहिँ छैन । विभागबाहिर जिल्ला र नियोगमा समस्या हो । तर, कहाँबाट भाइरस आयो भन्ने ट्र्याक नगरेसम्म समस्या नै छ,' उनले भने । जिल्ला र नियोगमा भने सेवा सञ्चालन हुन केही समय लाग्ने उनको भनाइ छ ।

राहदानी विभागले आइतबारदेखि क्रमशः राहदानी सेवा सञ्चालनमा ल्याउने तयारी गरेको छ । 'सिस्टममा डिस्टर्बेन्स आएपछि थप जोखिमलाई आकलन गरेर अनलाइन सेवा बन्द गरी सतर्कता अपनाएका हौँ । विभागबाट केही फर्म लिने अफलाइन काम भइरहेको छ । पूर्ण रूपमा सेवा सञ्चालन हुन अझै एक-दुई दिन लाग्छ,' महानिर्देशक अर्यालले भने ।

राहदानी विभागले दैनिक ६ हजारहाराहारी राहदानी वितरण गर्दै आएको छ । त्रिपुरेश्वरस्थित विभागबाट दैनिक औसत १५ सय र बाँकी जिल्ला तथा नियोगबाट राहदानी सेवा प्रवाह हुँदै आएको छ । सेवा प्रभावित भएपछि सेवाग्राही मर्कामा परेका छन् । विदेशस्थित कतिपय नेपाली नियोगले डिजिटल प्रणालीमा आएको समस्याका कारण सेवा दिन नसक्ने भन्दै सूचना नै जारी गरेका छन् ।

कुलमानलाई...

पृष्ठ १ बाट क्रमशः

अनुसार समितिले पूर्णता पाउनासाथ घिसिङलाई छानबिन अवधिभरका लागि निलम्बन गर्ने सरकारको तयारी छ । 'छानबिन समितिले काम सुरु गर्नासाथ घिसिङलाई निलम्बन गरिहाल्ने भन्ने विषयमा मन्त्रिपरिषद्मा छलफल भएको छ,' ती मन्त्रीले नयाँ पत्रिकासँग भने, 'छानबिनको समयमा पदमा राख्दा प्रमाण नष्ट गर्ने आधार रहन्छ भन्ने बलियो तर्क पेस गरेर घिसिङलाई निलम्बन गर्न सकिन्छ भन्ने कुरा भएको छ ।'

जब कि सार्वजनिक संस्थानमा हुने अनियमिततालगायत विषयमा छानबिन गर्न शक्तिशाली अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । त्यसबाहेक राष्ट्रिय सतर्कता केन्द्रले पनि छानबिन गरी कारबाहीका लागि सरकारलाई सिफारिस गर्न सक्छ । विभागीय मन्त्रालयले पनि समिति बनाएर सार्वजनिक संस्थानबारे छानबिन गर्न सक्ने अवस्था छ । तर, सरकारले सार्वजनिक संस्थानबारे छानबिन सम्भवतः गर्न पहिलोपटक मन्त्रिपरिषद्बाटै समिति गठन गरेको छ ।

मन्त्रिपरिषद्ले गठन गरेको समिति संवैधानिक मर्मविपरीत भएको विज्ञहरूको भनाइ छ । वरिष्ठ अधिवक्ता गान्धी पण्डितले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले राम्रो काम गरिरहेका वेला अख्तियारले हेर्ने विषयमा जोडेर छानबिन गर्छु भन्नु कानुनीभन्दा पनि प्रतिशोध लिन खोजेको देखिने बताए । 'मन्त्रिपरिषद्ले कार्यक्षमता र अनुशासनको विषय हेर्ने हो । भ्रष्टाचारको कुरा हेर्न अख्तियार छ । अख्तियारले हेर्ने विषयमा छानबिन समिति गठन गर्नुले नियतमै खोट देखिन्छ । अहिले कुलमान घिसिङलाई राम्रो काम गरिरहेका वेला अख्तियारले हेर्ने विषयमा जोडेर छानबिन गर्छु भन्नु कानुनीभन्दा पनि प्रतिशोध लिन खोजेको देखिन्छ । सरकारले प्राधिकरणमाथि गरिरहेको एकपछि अर्को निर्णयले यही देखाउँछ,' उनले भने, 'भर्खरै क्याबिनेटले बक्यौता नतिरे १५ दिनमा लाइन काट्ने भन्यो । फेरि छानबिन समिति बनायो । यसको अर्थ प्राधिकरणलाई छानबिनमा अल्झाएर क्याबिनेटको निर्णय कार्यान्वयनमा अवरोध गर्ने भन्ने देखिन्छ । यसको अर्थ राम्रोभन्दा नराम्रो हुन्छ । सरकारले काम केही नगर्ने र गर्नेलाई निरुत्साहित गर्नु राम्रो भएन । यो कानुनी रूपमा पनि मिलेको छैन । व्यावहारिक रूपमा हेर्दा त नियत नै राखेको देखिन्छ ।'

गत ३१ असारमा प्रधानमन्त्री भएयता केपी ओली र ऊर्जामन्त्री दीपक खड्का कुलमानलाई हटाउन निरन्तर प्रयासरत छन् । यद्यपि, ती सबै प्रयास असफल भएका छन् । डेडिकेटेड फिडर र ट्रंकलाइन विवादमा खुलेर उद्योगीको पक्षमा उभिएका प्रधानमन्त्री ओलीले लेखा समितिको दुरुपयोग गरेरसमेत कुलमानलाई हटाउने असफल प्रयास गरेका थिए । समितिको सभापति रहेका एमाले सांसद ऋषिकेश पोखरेलले उद्योगीहरूसँग बसेर बाहिरै निर्णयको 'ड्राफ्ट' गरेर समितिबाट अनुमोदन गराउन खोजेका थिए । तर, सत्तासाझेदार कांग्रेसकै समर्थन नपाएपछि त्यो प्रयास पनि असफल भयो ।

ऊर्जामन्त्री खड्का त कुलमानप्रति झन् कठोर देखिन्छन् । उनले दसैँको फूलपातीको दुई दिनअघि २२ असोजमा १५ बुँदे विवरण मागेका थिए । त्यसवेला मन्त्रीले प्राधिकरण कर्मचारी सेवा-सर्तसम्बन्धी विनियमावली, आर्थिक प्रशासन विनियमावली, सोसँग सम्बन्धित विगत चार वर्ष अवधिमा सञ्चालक समितिले गरेको विभिन्न मितिको निर्णय, घिसिङलाई सञ्चालक समितिले प्रत्यायोजन गरेको अधिकार र भारतसँग विद्युत् व्यापार गर्दाको सम्झौतालगायत विवरण माग गरिएको थियो ।


ती सबै विवरण कुलमानले दसैँलगत्तै उपलब्ध गराएका थिए । ऊर्जा मन्त्रालयले केही दिनअघि थप ६ बुँदामा मागेको अन्य कागजातपनि प्राधिकरणले बुझाएको छ । मागेजति सबै विवरण प्राप्त भएपछि सरकारले मन्त्रिपरिषद्बाट छानबिन समिति गठन गरेको हो ।

बिहीबारको मन्त्रिपरिषद् बैठकमा पनि घिसिङलाई कारबाही गर्नेबारे धेरै लामो समय छलफल नभएको एक मन्त्रीले बताए । 'सबै तयारी पहिले नै सकिएकाले होला । बिहीबारको बैठकमा छानबिन समिति बनाउनेबारे धेरैबेर छलफल भएन,' ती मन्त्रीले भने, 'प्राधिकरणबारे छानबिन गर्नुपर्छ भनेर समिति बनाउने कुरा भयो र टुंगियो ।'

मन्त्रिपरिषद्मा प्राधिकरणबारे छानबिन समितिको प्रस्ताव ऊर्जामन्त्री खड्काले ल्याएका थिए । त्यसमा प्रधानमन्त्रीले अगाडि बढ्दा हुन्छ भनेर स्वीकृति दिएको स्रोतको भनाइ छ । 'खासै ठूलो प्रसंगविनै प्राधिकरणबारे छानबिन समिति गठन गर्नुपर्‍यो भनेर ऊर्जामन्त्रीले प्रस्ताव गर्नुभयो । प्रधानमन्त्रीले हुन्छ भनेर सामान्य हिसाबले जवाफ दिनुभयो । त्यसपछि छानबिनलगत्तै निलम्बन गरेर अघि बढ्दा सहज हुने विषयमा कुरा भयो,' एक मन्त्रीले भने ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आफूमाथि सरकारले छानबिन समिति गठन गरेको सुनेको, तर आधिकारिक जानकारी नपाएको भन्दै थप प्रतिक्रिया दिन चाहेनन् ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००९/१२/०३

स्वर्गारोहण
वि.सं. २०८१/०७/२६

स्व. प्रकाश मान बनिया

हाम्रा सहकर्मी श्री प्रतिष्ठा बनियाको पूजनीय पिता श्री प्रकाश मान बनियाको स्वर्गारोहण भएको आज १३औं पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

सिद्धार्थ बैंक परिवार

SiddharthaBank


सानिमा बैंक लिमिटेडको
पुतलीसडक शाखा स्थानान्तरणबारे जरुरी सूचना !

यस बैंकको काठमाण्डौ महानगरपालिका वडा नं. २८ पुतलीसडक स्थित शाखा कार्यालय सो स्थानबाट १२० मिटर उत्तर पूर्व तर्फको के.आइ.इ.सि. भवनमा स्थानान्तरण भई उक्त स्थानबाट मिति २०८१/०८/०९ गतेदेखि सम्पूर्ण बैंकिङ्ग कारोबार संचालन हुने व्यहोरा समस्त ग्राहक महानुभाव तथा अन्य सरोकारवालाहरूमा जानकारी गराइन्छ ।

यसै सन्दर्भमा २०८१/०८/०७ गते साँझ देखि सम्बन्धित शाखामा ए.टि.एम. सेवा बन्द रहने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अन्य जानकारीका लागि शाखा प्रबन्धक सुभाष ढुङ्गाना ९८५११५८६१० मा सम्पर्क गर्नुहोला ।

यसबाट ग्राहक महानुभावहरूमा पर्न गएको असुविधा प्रति बैंक क्षमाप्रार्थी छ ।



सानिमा बैंक
www.sanimabank.com

पुतलीसडक शाखा कार्यालय, फोन नं.: ०१-५३६०३७७/७९५
इमेलः Putalisadak@sanimabank.com

'०८४ को...

पृष्ठ १ बाट क्रमशः

केन्द्र दरबारमार्गमा शुक्रबार आयोजित जागरणसभामा प्रधानमन्त्री ओलीले भने, 'यी वाहियात र कायर कुरा हुन् । हामी सबै छिमेकीसँग सम्मानपूर्वक सम्बन्ध, पारस्परिक सम्मानका आधारमा व्यवहार गर्छौं, कसैप्रति वैरभाव छैन ।'

प्रधानमन्त्री ओलीले अहिलेको सरकारले अन्तर्राष्ट्रिय सम्बन्धलाई अत्यन्त सन्तुलित बनाउन चाहेको उल्लेख गरे । सरकारले राष्ट्रिय स्वाधीनता, स्वाभिमान, भौगोलिक अखण्डताको रक्षा गर्दै छिमेक सम्बन्ध अझ सुदृढ बनाउन खोजिरहेको प्रधानमन्त्रीको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले आफ्नो आसन्न चीन भ्रमण सफल हुने दाबी गरे । 'चीन भ्रमण अत्यन्त सफल रहनेछ । यसो घुमेर आऊँ भनेर चीन जान लागेको होइन । देशको हित र भलाइका लागि कुनै पनि देशको भ्रमण गरिन्छ । उदाहरणीय हुनेछ, म ढुक्कले भन्न चाहन्छु,' ओलीले भने । बिआरआईतर्फ लक्षित गर्दै ओलीले थपे, 'हामी सकेसम्म कतैको पनि ऋण लिँदैनौँ । अहिले ऋण लिने मनस्थिति र अवस्था पनि छैन । तर, हामीले उत्पादन बढाउनुपर्छ र आफैँले उन्नति गर्नुपर्छ ।'

सहकारीको रकम अपचलनको आरोपमा छानबिनका लागि हिरासतमा रहेका रास्वपा सभापति लामिछाने र उनको पार्टीको गतिविधि स्वीकार्य नहुने चेतावनी दिए । 'हिन्दीमा एउटा भनाइ छ- उल्टै चोर, कोटवालको डाँठे । उल्टै चोरले प्रहरीका हाकिमलाई हप्काएछ । यस्तै यहाँ त उल्टै सहकारीमा ठगेको कति-कति प्रमाण छन् । आफैँ सहकारी ठगी गर्ने अनि अरूलाई मुख छाड्ने ? अरूलाई गाली गर्ने ?' ओलीले भने, 'कुनै पनि प्रकारको भ्रष्टाचार सह्य हुनेछैन । कुनै पनि प्रकारको ठगी सह्य हुनेछैन । कुनै पनि प्रकारको मानव तस्करी सह्य हुनेछैन । अहिलेको सरकारले जुनसुकै पक्षको होस् अनुहार हेर्दैन, कारबाही गर्छ ।'

कम्बोडियाको आजियटा टेलिकम कम्पनीमा आफ्नो साढे ३२ अर्ब लगानी रहेको भनेर व्यवसायी दुर्गा प्रसाईंको प्रचारको पनि प्रधानमन्त्री ओलीले खण्डन गरे । 'तपाईंहरू एमालेप्रति औँला उठाउँदै हुनुहुन्छ । तथ्य-प्रमाणको आधारमा बहस गर्न सक्नुहुन्छ ? भन्दिए त भो नि, कम्बोडियामा ३२ हजार करोड, २१ हजार करोड स्विस बैंकमा, तपाईंहरू हेर्न जान सक्नुहुन्न, भन्दिए भो । अमेरिकाका बैंकको आधा सम्पत्ति मेरै हो भन्देउन, भन्दिनका लागि । फाल्तु कुरा गर्नुको अर्थ छैन ।'

प्रधानमन्त्रीले कसले सात पुस्ताका लागि सम्पत्ति थुपारेर र गैरकानुनी लगानी गरेको छ आफू सार्वजनिक रूपमै खुला बहस गर्न तयार रहेको चुनौती दिए । अहिले लोकप्रियतावादकै दुरुपयोग गरेर त्यसकै बदनाम हुने गरी अराजकता मच्चाइएको ओलीको भनाइ छ । 'सामाजिक अराजकता लोकप्रियतावाद होइन, ढाँटवाद हो,' उनले भने ।

सामाजिक अराजकता र साम्प्रदायिक विद्वेष फैलाएर लोकतन्त्र, राजनीतिक स्थायित्व र मुलुकको अर्थतन्त्रमाथि भइरहेको प्रहार कडाइका साथ नियन्त्रण गर्ने ओलीको सन्देश छ । प्रधानमन्त्री ओलीले प्रसाईंलाई लक्षित गर्दै बैंकको ऋण नतिर्न आह्वान गरेर अर्थतन्त्र खलबल्याउने, उद्यमी, मारवाडीलाई खेद्नुपर्छ भन्दै अभियान चलाएर साम्प्रदायिक विद्वेष मच्चाएर देशलाई ध्वस्त बनाउने गतिविधि कडाइका साथ नियन्त्रण गर्ने बताए ।

'गालीगलौज गर्ने, अपशब्द बोल्ने, शान्तिपूर्ण भन्ने, तर आफ्नाविरुद्ध बोल्नेलाई राति पछाडिबाट हत्या गर्न कोसिस गर्ने, मान्छेलाई दिउँसै ट्रकमा थुनेर आगो लगाएर जघन्य अपराध गर्ने, चरित्र हत्या गर्ने र घृणा फैलाउनेजस्ता नेपाली समाजलाई अराजक दिशामा लैजाने अशोभनीय, अराजक र आपराधिक गतिविधि स्वीकार्य छैन । यस्ता कुरा नियन्त्रण गर्दै बिस्तारै सामाजिक सुप्रबन्ध गर्छौं, त्यस्ता गतिविधि नियन्त्रण गर्ने दिन आउँछ र सरकार त्यही दिशामा अगाडि बढ्छ ।'

ओलीले घिसिङलाई पनि निशानामा लिँदै विद्युत् लाइन काटेर निर्यात ठप्प बनाउने, उद्यमीको मनोबल घटाउने र उद्योग बन्द गराएर मजदुरहरूलाई बेरोजगार बनाउने काम स्वीकार्य नरहेको बताए ।

प्रधानमन्त्री ओलीले एमालेविरुद्ध प्रहार भइरहेको वेला गुटवाद र फाटोवादबाट मुक्त भएर देश र पार्टीको हितमा काम गर्न पार्टी कार्यकर्तालाई निर्देश गरे । प्रधानमन्त्री ओलीले अहिलेको गठबन्धन ०८४ सम्मै कायम रहने दाबी गरे । 'यो सरकारले दसैँ देख्दैन, तिहार देख्दैन, मंसिर कट्दैन भनियो, अहिले फेब्रुअरीको भाका राख्दै छन्, अब फागुनको कुरा होइन, म भन्न चाहन्छु- ०८४ मंसिरको चुनावसम्म अहिलेको समीकरण कायम रहन्छ,' ओलीले भने, 'सबैले बुझे हुन्छ, कान खोलेर सुने हुन्छ- ०८३ असारसम्म म प्रधानमन्त्री रहन्छु । त्यसपछि देउवाजीलाई जिम्मा लगाउँछु । भ्रममा नपर्नुस्, भ्रममा पर्न नदिनुस् र ढुक्कले अगाडि बढ्नुस् ।'

ओलीले देशलाई अप्ठ्यारोबाट बचाउन अहिलेको गठबन्धन बनेको दाबी गरे । 'कांग्रेस र एमाले प्रतिस्पर्धी पार्टी पनि हुन्, तर अहिले हामीबिचको प्रतिस्पर्धाभन्दा महत्त्वपूर्ण कुरा हाम्रो एकता हो । देश र लोकतन्त्रलाई अप्ठ्यारोमा पारेर संविधान मास्न खोजिएको छ, अराजकतामा लैजान खोजिएको छ । अलोकतान्त्रिक बाटोबाट अराजकताको बाटोबाट समाज भाँड्न खोजिएको छ । त्यसका विरुद्ध हामीले एकता कायम गरेर अगाडि बढेका छौँ,' ओलीले भने ।

कार्यक्रममा एमाले महासचिव शंकर पोखरेलले आफ्नो पार्टी यती-ओम्नी भ्रष्टाचार आरोपको छानबिनका लागि तयार रहेको बताए । 'जतिवेला कोभिड महामारीमा विश्व आक्रान्त थियो, अस्पतालसमेत बन्द भएको त्यस्तो वेला नेपाली जनताको जीवनरक्षाका लागि चीनबाट जसरी पनि सामान ल्याउन अनुमति दिइयो । ओम्नी कम्पनीले त्यहाँ जे पाइन्छ त्यही सामान ल्यायो, हामीले जनताको जीवनरक्षाको अभियान चलायौँ । तर, सर्तअनुसार सामान आएन भन्ने गुनासो आएपछि हामीले छानबिन गरेर ओम्नीको धरौटी नै जफत गर्‍यौँ, सरकारले सामानको भुक्तानी नै रोकिदियो । यस्तो विषयलाई पनि एमालेविरुद्ध जोडेर भ्रमपूर्ण तरिकाले भ्रष्टाचारको प्रचार गरिएको छ,' पोखरेलले भने ।

त्यस्तै, स्वर्गीय राजा वीरेन्द्रको सम्पत्ति भाडामा दिने निर्णय र प्रक्रिया तत्कालीन प्रधानमन्त्री प्रचण्डकै पालामा भएको पोखरेलको भनाइ थियो । 'स्वर्गीय वीरेन्द्रको सम्पत्ति ट्रस्टको सम्पत्तिमा रूपान्तरण भएपछि भाडामा लगाउने प्रक्रिया तत्कालीन प्रधानमन्त्री प्रचण्डको पालामा टुंगिएको कुरासँग एमालेलाई जोडेर सधैँ बदनाम गरिन्छ, कसले गरेको हो, के भयो छानबिन गरौँ, हामी तयार छौँ,' पोखरेलले भने ।

जागरणसभाको एमालेलाई 'सेटब्याक'

सर्वसाधारणको आक्रोश, महानगरको तिरायो एक लाख जरिवाना

पार्टीविरुद्धका भ्रम चिरेर नागरिकमा जागरण ल्याउने उद्देश्यले सत्तारूढ दल नेकपा (एमाले)ले गरेको जागरणसभाले शुक्रबार बिहानैदेखि काठमाडौंको सडक अस्तव्यस्त बन्यो । स्टेज बनाउन भन्दै बिहानैदेखि दरबारमार्गको सडक प्रहरीले बन्द गराएको थियो । जसकारण कार्यालय समयमा आसपासको सडकमा चाप बढ्दा एक घण्टासम्म जाम हुने अवस्था आयो । ११ बजेपछि भद्रकालीलगायत विभिन्न स्थानबाट निकालिएका र्‍यालीका कारण थप जाम भएको थियो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी उमाप्रसाद चतुर्वेदीका अनुसार बिहान ११-१२ बजेको समयमा सडकमा अत्यधिक चाप थियो । दरबारमार्गआसपासका सडकमा सधैँजसो सवारीको चाप धेरै हुनेमा एउटा सडक नै बन्द भएको र अन्यत्र पनि जुलुस भएपछि दिनभरिजस्तो सडक अस्तव्यस्त बनेको हो । जसकारण सडकमै सभा गर्ने एमालेको कामले सर्वसाधारणलाई थप नकारात्मक बनायो । सामान्यतया राजीतिक कार्यक्रम गर्न प्रहरीले यसरी सडक बन्द गर्न दिने गरेको छैन । तर, प्रधानमन्त्रीको दलको कार्यक्रम भएकाले यसरी सडक नै बन्द गरेर कार्यक्रम गर्न दिइएको थियो । यसबाट एमाले थप आलोचित बन्न पुगेको छ ।

अर्कोतर्फ काठमाडौं महानगरपालिकाले दरबारमार्गमा फोहोर गरेको भन्दै एमालेलाई एक लाख रुपैयाँ तिराउने निर्णय गरेको छ । कार्यक्रमपछि पार्टीका झण्डा र पानीका बोतलले दरबारमार्ग प्रदूषित बनेको थियो । सोही आरोपमा महानगरले कारबाही गरेको हो । महानगरले शुक्रबार नै एमालेलाई पत्र लेख्दै एक लाख जरिवाना तिर्न भनेको छ । फोहोरको विषयमा महानगरले कारबाही गरेपछि शुक्रबार साँझ एमाले कार्यकर्ता दरबारमार्ग पुगेर सरसफाइ गरेका थिए ।

बिआरआईमा...

पृष्ठ १ बाट क्रमशः

पार्टी धारणा सार्वजनिक गरेको हो । कांग्रेस संसदीय दलले शुक्रबार आयोजना गरेको 'नेपालको विद्यमान आर्थिक अवस्था र सुधारका उपाय' विषयक अन्तर्क्रियामा कांग्रेसले आफ्नो धारणा राखेको हो । परराष्ट्र मामिलाका जानकार तथा अर्थविद्हरूसँगको छलफलपछि प्रतिक्रिया दिँदै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले ऋण लिन नसकिने निष्कर्षमा कायम रहेको बताए ।

अहिलेको अवस्थामा कुनै पनि देशबाट ऋण लिएर मुलुकलाई आर्थिक भार थप्न नहुने पक्षमा कांग्रेस अडिग रहेको डा. महतले बताए । 'हामीले बिआरआई हुँदैन भनेका छैनौँ । ऋण लिनुहुँदैन मात्र भनेका हौँ । बिआरआईअन्तर्गत नै अनुदान कार्यान्वयन गर्नुपर्छ, यो अवस्थामा ऋणचाहिँ लिनुहुँदैन,' उनले भने, 'अनुदानबारे प्रतिबद्धता कार्यान्वयन भएको छैन । अनुदान नै कार्यान्वयन भएको छैन भने ऋणको के अर्थ ?'

प्रमुख सचेतक श्यामकुमार घिमिरेले अन्तर्क्रियामा आएका सुझाव अब बस्ने संसदीय दलको बैठकबाट पारित गर्ने र कार्यान्वयनका लागि सरकारलाई सुझाव दिइने बताए । सभापति शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, कृष्ण सिटौला, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणा, ऊर्जा मन्त्री दीपक खड्कालगायत सहभागी थिए । प्रमुख सचेतक घिमिरेका अनुसार यसक्रममा पूर्वअर्थमन्त्रीहरू, पूर्वअर्थराज्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरू, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, निजी क्षेत्रका उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, निर्माण व्यवसायी महासंघ र अर्थविज्ञहरूसँग छलफल गरिएको थियो ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनियाँ
शनिबार ८ मंसिर ०८१
nayapatrikaofficial @naya_patrika

सन्तुलित दमननाथ

पूर्वसभामुख दमननाथ ढुंगानासँग रटिरटाउ रुटिनभन्दा संसद् जीवन्त बनाउने चेत थियो



● विरोध खतिवडा



सम्झना

मानव अधिकारवादी संघसंस्थामा जोडिएको र कानुनको समेत जानकार भएकाले दमननाथ ढुंगानाजीको व्यवहारमै परिपक्व लोकतान्त्रिक संस्कार, मूल्य-मान्यता प्रतीत हुन्थ्यो । सबै पार्टीले अवसर पाउनुपर्छ, कसैप्रति आग्रही-पूर्वाग्रही हुनुहुँदैन, द्वेष वा घृणा कसैप्रति गर्नुहुन्न, आ-आफ्नो राजनीति गर्ने हो भन्ने भावना उहाँको आचरण र व्यवहारमा देखिन्थ्यो । उहाँको व्यवहारले ०४८ देखि ०५१ सम्मको संसदीय अभ्यासलाई उन्नत बनाउन मद्दत गऱ्यो ।

मैले दमननाथ ढुंगानाको नाम नेपाल ल क्याम्पसमा पढ्दा सुनेको हो । कानुन पृष्ठभूमि, त्यो वेला सर्वोच्च बारको नेतृत्वमा रहेका वरिष्ठ अधिवक्ता दमनजी र ल क्याम्पसमा हामीलाई पढाउने साहित्यकारसमेत रहनुभएका भुवन कोइराला उहाँको श्रीमती भएको नाताले चासो भयो । अध्ययनका क्रममा केही राम्रा वकिलमध्ये दमनजी पनि एकजना हो भन्ने उदाहरण आउँथ्यो ।

हामी अखिलमार्फत विद्यार्थी आन्दोलनमा रहेको अवस्थामा ढुंगाना वकालतका साथै कांग्रेसको राजनीतिमा सक्रिय हुनुहुन्छ भन्ने थाहा पाउँदै गइयो । अध्ययन सकिँदासम्म सिनियारिटीको नाताले नमस्कार गर्ने तहको भेटघाट भयो । पछि बाबुराम भट्टराई, पद्मरत्न तुलाधार, मेरा पिता भूषण खतिवडा (मानव अधिकार संरक्षण मञ्चको संस्थापक अध्यक्ष) र दमननाथ ढुंगाना मिलेर मानव अधिकारवादी आन्दोलनमा सक्रिय हुँदा नजिकबाट चिन्न पाएँ । उहाँ मलाई 'विरोध बाबु' भन्नुहुन्थ्यो ।

कानुनको अध्ययन सकेर म जिल्ला फर्किएँ । मकवानपुरबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएर आएँ । उहाँ पनि काठमाडौं २ बाट निर्वाचित भएर आउनुभयो । सभामुख बन्नुभयो । संसद्बाहिरै कानुन पृष्ठभूमिबाट भएको चिनजान संसद्भित्र पनि काम लाग्यो । २०५ सांसदमध्ये उहाँले चिन्ने १०-२० जनाभित्रै पर्नुँ । यसैकारण संसद्भित्रको समय र अवसर पनि बढी पाउँथें । सदनमा सभामुखको कार्यकक्षमा जाने, चियागफ गर्ने, अझै बुझ्ने क्रम चलिरह्यो ।

मानव अधिकारवादी संघसंस्थामा जोडिएको र कानुनको समेत जानकार भएकाले दमननाथ ढुंगानाजीको व्यवहारमै परिपक्व लोकतान्त्रिक संस्कार, मूल्य-मान्यता प्रतीत हुन्थ्यो । सबै पार्टीले अवसर पाउनुपर्छ, कसैप्रति आग्रह-पूर्वाग्रही हुनुहुँदैन, द्वेष वा घृणा कसैप्रति गर्नुहुन्न, आ-आफ्नो राजनीति गर्ने हो भन्ने भावना उहाँको आचरण र व्यवहारमा देखिन्थ्यो । उहाँको व्यवहारले ०४८ देखि ०५१ सम्मको संसदीय अभ्यासलाई उन्नत बनाउन मद्दत गऱ्यो ।

कांग्रेस-कम्युनिस्ट टकराव

पञ्चायतबाट बहुदलमा आउँदा राजनीतिमा तीनवटा शक्ति थिए, कांग्रेस, कम्युनिस्ट र दरबार । तीनै शक्तिबिच एक-अर्कामा अविश्वास र अस्वस्थ प्रतिस्पर्धी भावना थियो । कांग्रेसले कम्युनिस्ट देख्नै नसक्ने, कम्युनिस्टले कांग्रेस नरुचाउने र दुवैलाई जुधाएर आफ्नो गुमेको शक्ति फर्काउने दरबारको ध्यान्न । द्वन्द्व र झगडाको यो प्रतिकूल परिवेशमा पहिलो जननिर्वाचित सभामुख बनेका दमननाथ ढुंगानासामु सदनलाई उदाहरणीय नजिरसहित असल अभ्यासतर्फ डोऱ्याउनुपर्ने चुनौती थियो । कम्युनिस्टप्रति अनुदार कांग्रेसको नेतृत्व (गिरिजाप्रसाद कोइराला) थियो । प्रदीप गिरि, दमननाथ ढुंगानालगायत सफ्टलाइनर भए पनि पार्टीका नेतृत्वदायी भूमिकामा थिएन । त्यो वेला कांग्रेस-कम्युनिस्टको सडकमा जे द्वन्द्व थियो, सदनमा त्यही नै प्रतिबिम्बित हुन्थ्यो ।

बहस प्राथमिकतामा

कांग्रेस र कम्युनिस्टका सांसदबिच हार्दिकतापूर्ण सम्बन्ध विकसित भइसकेको थिएन । हामी कम्युनिस्टहरूमा अझ थिएन । कांग्रेसका सांसदसँग सँगै नहिँड्ने, क्यान्टिनमा सामूहिक नबस्ने, चौरमा अलग्गै बस्ने खालको पानी बाराबारको द्वन्द्व थियो । सदनभित्रको बहसमा पनि एकले अर्कोलाई जित्नैपर्ने, प्रतिक्रियात्मक हुने, वाद-प्रतिवादमा उत्रिने अवस्था थियो । यो स्थितिलाई दमननाथजीले सभामुखको कुर्सीबाट धैर्यतापूर्वक सम्हाल्नुभयो । सदनको वादविवाद र बहस लामो समय चल्न दिने र त्यसपछि अझै कति समय चाहिन्छ भनेर बहसलाई प्रोत्साहन गर्ने ढुंगानाको स्वभाव थियो । जोरजबर्जस्ती गरेर कुनै पनि विषयलाई रोक्न नखोज्ने सकारात्मक पक्ष थियो ।

दमननाथजी सभामुख हुँदा कर्मचारी र शिक्षकको आन्दोलनमा कांग्रेस-कम्युनिस्टबिच सदनमा कडा द्वन्द्व भयो । सत्तारुढ कांग्रेसले पेल्न खोजेपछि कर्मचारी, शिक्षक, मजदुरको पक्षमा हामी कम्युनिस्टहरू बोल्नुपर्ने हुन्थ्यो । कहिले तँतँ-मम, कहिले हात हालाहाल, कहिले कुर्सी उचाल्ने, कहिले माइक थुताथुत हुन्थ्यो । तर, उहाँ सभामुखको कुर्सीमा धैर्यतापूर्वक बसेर सहजीकरण गर्नुहुन्थ्यो । माहोल हेरेर कांग्रेसलाई नै घुमाउरो भाषामा गाली गरेर हुन्छ कि वा अन्य कौशल देखाएर स्थिति शान्त पार्नुहुन्थ्यो ।

प्रदीप गिरिको भूमिका

कांग्रेसभित्र दमननाथ ढुंगाना र प्रदीप गिरि कम्युनिस्टप्रति सफ्टलाइनर हुनुहुन्थ्यो । एकपटक शेरबहादुर देउवा प्रधानमन्त्री भएका वेला पाटनमा कौसीमा बसेको बच्चालाई गोली लागेको विषयमा संसद्मा गर्मागर्मी भयो । हामी विपक्षीले यो विषय चर्काैंसँग उठायौं । कांग्रेसका माननीयले प्रतिवाद गरिरहेका थिए । सदनभित्र द्वन्द्व चर्किँदै गर्दा प्रदीप गिरिले हात उठाएर समय माग्दै माहोल साम्य पार्नुभयो । कांग्रेसको आलोचना गरेर बोल्न सुरु गरेका गिरिले 'तपाईंहरू शेरबहादुरको विरुद्धमा यसरी किन लागिरहनुभएको छ, लाग्न जरुरी नै छैन, यो बुद्धि भएको मान्छे नै होइन' भनेर वनारसमा बिपीलाई भेट्न गएको प्रसंग सुनाउनुभयो । शेरबहादुर, आफू र अर्को एकजना आन्दोलनको विषयमा सल्लाह गर्न वनारस जाँदा बिपीले अपरिपक्व र अल्लारे भनेको सुनाउँदै यस्ताको पछि लागेर हुन्छ, यसरी जाँदा भइहाल्यो नि भनेर यो विषय साम्य भयो । सभामुख ढुंगानाले विवाद साम्य पार्ने विषयलाई महत्त्व दिनुहुन्थ्यो ।

विषयको गाम्भीर्य छुट्याउने खुबी

उहाँ मुद्दा हेरेर अघोषित रूपमा प्रोत्साहन गर्नुहुन्थ्यो । सरकारले गलत गरेको छ र विपक्षीले ठिकै उठाएको छ, नियन्त्रण हुनुपर्छ भन्ने लागेमा उहाँले आफैं सांसदलाई झकझक्याउनुहुन्थ्यो । सरकारले गर्न नहुने सन्धि-सम्झौता, असान्दर्भिक कानुनलगायत काम गर्न खोजेमा सक्रिय हुनुहुन्थ्यो । राष्ट्रिय-अन्तर्राष्ट्रिय गम्भीर विषय उठ्दा त्यत्तिकै सेलाउन नदिन 'अँ माननीय तपाईंको केही भन्नु छ कि' भनेर अपोजिट सांसदलाई माग्दै नमाग्दा पनि बोल्न समय दिनुहुन्थ्यो । विपक्षीले उठाएका मुद्दामा सत्ता पक्षलाई केही छ भनेर बहसको वातावरण बनाइदिनुहुन्थ्यो । ताकि, त्यसले जीवन्त छलफल भएर सरकारलाई दबाब पुगोस् भन्ने थियो । समयको सीमा विषयको गाम्भीर्यका आधारमा सभामुखले तय गर्छ भन्ने अभ्यास स्थापित गर्नुभयो ।

मदन भण्डारीलाई पर्खिंदा...

सभामुख ढुंगाना नेता, विषय र समयको महत्त्व बुझ्नुहुन्थ्यो । एकपटक शून्य समयमा बोल्न प्रतिपक्षी दलका नेता मदन भण्डारीले नाम टिपाउनुभयो । उहाँको क्रम संख्याअनुसार पालो आयो । सभामुख ढुंगानाले 'माननीय मदन भण्डारी' भनेर बोलाउनुभयो । तर, उहाँ आफ्नो सिटमा हुनुहुन्थेन । त्यो वेला मदन भण्डारीले के बोल्ने होला भनेर सभामुख स्वयंलाई जिज्ञासा थियो, सदनलाई पनि थियो । संसद्को अभ्यास तीनपटक नाम बोलाउने र त्यतिन्जेल उपस्थित भएन भने अर्को माननीयको पालोमा जान्थ्यो । मदन भण्डारी विपक्षी रोहको अग्रपंक्तिमा बस्नुहुन्थ्यो । सिटमा नदेखेपछि सभामुख ढुंगानाले दुई-तीन मिनेट कुर्नुभयो । चुप लागेर बस्नुभयो । चार मिनेटपछि फेरि 'माननीय मदन भण्डारी' भन्नुभयो । त्यतिवेला पनि आइसक्नुभएको थिएन । त्यहीबिचमा पार्टीका माननीय उहाँ खोज्न दौडिए । सभामुखलाई पनि खोजेर उपस्थित गराउलान् भन्ने आस हुने भयो । त्यसपछि ८, ९, १० मिनेट गयो । दमननाथजी त्यत्तिकै बसेकोबस्यै, तेस्रोपटक नामै नलिने । जब मदन भण्डारी गेटबाट पसेर आफ्नो कुर्सीतिर जान थाल्नुभयो, तेस्रोपटक माननीय मदन भण्डारी भनेर समय दिनुभयो । मतलब विषय, महत्त्व र व्यक्तित्वलाई प्राथमिकता दिनुहुन्थ्यो । मदन भण्डारीले के बोल्छ, यो नेपाली नागरिकले जान्न पाउनुपर्छ भन्ने चेत थियो । उहाँसँग रटिरटाउ रुटिनभन्दा संसद् जीवन्त बनाउने चेत थियो । सबैलाई सन्तुलित ढंगले लैजान प्रयत्न गर्नुहुन्थ्यो । विषय र मुद्दाको गाम्भीर्य छुट्याउन सक्नुहुन्थ्यो ।

> दमननाथले कांग्रेस-कम्युनिस्ट द्वन्द्वको समयमा सदनलाई सन्तुलित ढंगले अगाडि बढाएर एउटा मानक स्थापित गर्नुभयो । उहाँको योगदान संसदीय इतिहासमा बिर्सन सकिँदैन । सुरुवाती कालमा संसदीय व्यवस्थालाई ठिक ट्र्याकमा लैजान उहाँले गरेको योगदानको स्मरणमा संसद्ले वर्षको कुनै दिन केही कार्यक्रम गरेर मनाउनुपर्छ ।

संसद्भित्रको पेन्टिङ हट्यो

संसद्भित्र अवस्था यस्तो थियो कि हरेक दिन नयाँ-नयाँ मुद्दा प्रवेश हुन्थ्यो । सभामुख ढुंगानाले प्राथमिकता दिनुहुन्थ्यो । संसद् भवनभित्र सिकारीले बाघको सिकार गरेको, हात्तीमा बसेर बन्दुक ताकेको, बाघको छाला सुकाएकोजस्ता पेन्टिङ थिए । यसबारे घन्टौं बहस भयो । अन्तिममा जनावरलाई यस्तो हिंसा गरेको कुरो संसद् भवनमा राख्नुहुन्न, अन्तर्राष्ट्रिय बेइज्जतको कुरा हुन्छ भनेर हटाउने काम भयो । यस्ता विषय संसद्को नियमित कार्यसूचीमा आउने होइनन् । तर, सभामुख ढुंगानाले बहस गराइदिनुहुन्थ्यो ।

टनकपुर सन्धि सदनमा

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा गएर टनकपुर सन्धि गर्नुभयो । यो विषय हामीले सदनमा प्रवेश गराऱ्यौं । सभामुख ढुंगानाले पर्याप्त स्थान दिनुभयो । सदनमा सरकारले नटेरेपछि सडक आन्दोलनमा पनि गयौं । तर, सन्धिबारे सरकार बोल्दै बोलेन । धेरै समयपछि समझदारी गरेर आएको हो भन्यो । हामीले सन्धि सम्झौता नै हो भन्यौं । सदनभित्र द्वन्द्व चर्किँदै थियो । सर्वोच्चमा पनि मुद्दा पऱ्यो । अदालतले सन्धि सदनबाट पारित गर्नुपर्ने फैसला गऱ्यो । हामीले राष्ट्रहितमा नरहेको भन्दै अस्वीकृत गर्नुपर्ने आवाज सदनमा बुलन्द गऱ्यौं । संसद् मतदानको प्रक्रियामा अगाडि बढ्यो । टनकपुर सन्धिको द्वन्द्व बढेर हाम्रो पार्टी विभाजन तहसम्म पुग्यो । सिपी मैनाली र वामदेव गौतमहरूले पार्टी विभाजन गर्नुभयो । मतदानमा पनि हाम्रो पार्टीमा धाँधली भयो । आठ घण्टाअगाडिको बैठकमा बहुमतले सन्धि इन्कार गर्ने कुरो भएको थियो । अल्पमतमा पर्नेले एक छिनपछि के-के घुमाएर फेरि बैठक राख्न लगाएर, मनमोहनजीलाई बिरामी बनाएर अस्पतालमा राख्न लगाएर वैकल्पिक सदस्य (अहिलेका सभामुख देवराज घिमिरे)लाई भोटर बनाएर केपी ओलीको जोडबलमा निर्णय उल्टियो । धाँधली गरेर सन्धिको पक्षमा मतदान गरियो । सभामुख ढुंगानाले यो विषय सदनमा प्रशस्त भेन्टिलेटर हुन दिनुभयो र अघोषित ढंगबाट यो संसद्बाट स्वीकृत वा अस्वीकृतको निर्णय हुनुपर्छ भन्ने स्थितिमा पुऱ्याउनुभयो । सन्धि भएपछि संसद्बाट पारित हुनुपर्छ, समझदारी हुँदा पर्दैन भन्ने थियो । गिरिजाबाबुले संसद् छल्नलाई सन्धि सम्झौता नभनेर समझदारी भन्नुभयो । त्यो स्थितिमा टनकपुरलाई भेन्टिलेट हुन दिएर यसरी सरकारले संसद्लाई छल्न, लुकाउन पाउँदैन भन्ने ढंगबाट सभामुख ढुंगानाले भूमिका खेल्नुभयो ।

आफ्नै पार्टीबाट निसानामा

ढुंगाना कांग्रेसबाट सभामुख हुनुभएको थियो । कांग्रेसकै सरकार थियो । सदनमा पनि बहुमत कांग्रेसकै थियो । तर, उहाँले सदनमा अल्पमतमा रहेको विपक्षीले उठाएका मुद्दालाई महत्त्व दिनुभयो । सरकारका गलत कदमलाई सदनबाट असहयोगजस्तो भयो । सदनमै कांग्रेसका माननीयले प्रतिपक्षीलाई महत्त्व दियो, हामीलाई दिएन, यो एमाले भइसक्यो, कम्युनिस्ट भइसक्यो भन्ने ढंगबाट प्रश्न उठाउनुहुन्थ्यो । मिडियामा 'दमनप्रति गिरिजाबाबु असन्तुष्ट' भन्ने खबर छापिन्थ्यो । एकपटक उहाँको कार्यकक्षमा गफ हुँदा 'कांग्रेसले गाली गरिरहेको छ, कसरी व्यवस्थापन गर्नुहुन्छ' भनेर सोध्दा 'कसले के भन्यो भन्ने कुरामा मलाई मतलब भएन, संसद्लाई सबै विषयमा भेन्टिलेट हुन दिइएन भने त्यो कुरा सडकमा जान्छ, सडक जाने भनेको आन्दोलन हुने हो । आन्दोलन भनेको मुठभेड हो । मुठभेड भनेको क्याजेल्टी अथवा तोडफोड अथवा मान्छेको जीवन-मरण हुने हो, त्यसले गर्दा हरेक समस्या संसद्बाटै समाधान गर्नुपर्छ र गर्न सकिन्छ' भन्ने उहाँमा भित्रैदेखि दृढ विश्वास थियो । यो बुझेरै उहाँ योजनाबद्ध रूपमा लोकतन्त्रको दीर्घकालीन हित हुने गरी नेतृत्वदायी भूमिकामा अघि बढ्नुभयो ।

गिरिजाबाबुसँग टकराव

गिरिजाबाबु जिद्दी, एकोहोरो स्वभावको हुनुहुन्थ्यो । उहाँ कम्युनिस्टलाई भन्नुहुन्थ्यो, 'भैंसी बाँड्छु, चार तोला सुन बाँड्छु भनेर जनतालाई झुक्याएर कम्युनिस्टहरू आए, अब चुनाव भयो भने यिनीहरू नामेट हुन्छन्, विश्वबाटै सिद्धिसकेको छ, यी संगत गर्न लायक छैनन्, कसले पत्याउँछ ।' अर्को 'चुनावबाट कांग्रेसलाई बहुमत दिइसक्यो । पाँच वर्ष हामीले मन लागेको गर्छौं, चुनाव आउँछ मुद्दा उठाऊ । पत्याए दिन्छन्, अनि अगाडि जाऊ । बिचमा मलाई काममा डिस्टर्ब गर्न पाइँदैन' भन्ने ।

हामी 'राष्ट्रिय अहितका मुद्दाहरू पाँच वर्ष कुरेर हुँदैन, अहिले नै बिग्रिसकेपछि त बिग्रियो नि' भन्थ्यौं । यो मामिलामा अधिकांश मुद्दा (पछि हामीले उठाएकै सही भयो)मा सरकारले नचाहँदा सदनमा विषय प्रवेश गराउने काम दमनजीले गर्नुभयो । उहाँलाई जायज लागेको, विपक्षीले उठाएको विषयमा मलजल गर्नुहुन्थ्यो । विवेक प्रयोग गर्नुहुन्थ्यो । त्यो कारणले सुरुदेखि नै गिरिजाबाबुसँग उहाँको द्वन्द्व रह्यो । द्वन्द्वकै कारण ढुंगाना कांग्रेसको राजनीतिबाट किनारामा पर्नुभएको पनि चर्चामा आएको थियो ।

दरबारियाको आरोप

दमननाथ ढुंगानामाथि दरबारियाको आरोप पनि लाग्थ्यो । कांग्रेसले भनेको हिसाबले नहिँडेको हुनाले कांग्रेस पक्षले 'यो दरबारिया हो' भनेर लगाएको आरोप हो । दरबार भर्खर पराजित भएको, उसले ठाउँ खोजिरहेको छ, यस (ढुंगाना)लाई प्रयोग गरिरहेको छ, कम्युनिस्टलाई उचालिरहेको छ, सबै कांग्रेसलाई तह लगाउने ग्रान्ड डिजाइन हो भन्ने कांग्रेसका साथीहरूको बुझाइ थियो । तर, यसमा कुनै सत्यता थिएन । बरु दरबारका लोकतन्त्रविरोधी गतिविधिविरुद्ध ढुंगानाले सभामुखको आसनबाट सदनमा प्रशस्त बहस गराउनुहुन्थ्यो । यसमा दरबारबाट बरु दबाब आउँथ्यो । पछि माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सरकारी पक्षका तर्फबाट पद्मरत्न तुलाधरसँगै वार्ता समितिमा बसेर सजीकरण गरेको भूमिकाले बेकारको आरोप हो भन्ने स्पष्ट नै भइसकेको थियो ।

सरकार सत्तापक्षको, सदन प्रतिपक्षको

सदनमा सत्तापक्षबाटै आफूमाथि पटक-पटक असहयोगको आक्षेप र पार्टीभित्र पनि आफ्नो भूमिकाको आलोचना हुन थालेपछि सभामुख ढुंगानाले सदनमा 'सरकार सत्तापक्षको, संसद् प्रतिपक्षको' भन्ने चर्चित शब्द प्रयोग गर्नुभयो । किनभने, प्रतिपक्षलाई बोल्ने ठाउँ हुँदैन । सरकार आफ्नै पार्टीको भएपछि सत्तापक्षका माननीयको पहुँच प्रतिपक्षभन्दा सजिलै हुन्छ, आफ्नो विषय सम्बोधन गराउन सक्छन् । सरकारमा रहेको पार्टीले सदनमा माग्ने, कराउनेभन्दा पनि गर्ने हो, यदि जरुरी छ भने सदनमा भएन भन्ने होइन, गर्ने हो । त्यसकारण सत्तापक्षले सदनमा धेरै बोल्ने होइन । प्रतिपक्षीले बढी यो अवसर पाउनुपर्छ भनेर सरकार सत्तापक्षको, सदन प्रतिपक्षको भन्ने एउटा गहन अर्थ राख्ने कोसेढुंगा उहाँले स्थापित गर्नुभयो । तर, यसको निरन्तरता भइरहेको देखिँदैन । प्रतिपक्षको आवाज उठाउने ठाउँ सदनबाहेक अरू हुँदैन, संसद्मा ठाउँ दिनुपर्छ, दिइएन, छेक्यो भने सडकमा पुग्छ, सडकमा जे पनि हुन सक्छ भन्ने ढंगबाट उहाँ प्रस्तुत भएपछि समाजका विभिन्न क्षेत्र उहाँको पक्षमा उभिए । उहाँमाथि पार्टीबाट लाग्ने आक्षेप मत्थर भयो ।

त्यसवेला म सदनमा पटक-पटक जबर्जस्ती समय माग्थें । मलाई समय नदिने, अर्कोलाई दिने, पक्षपात गर्दै हुनुहुन्छ भनें । मैले समय माग्दा अर्कोले खण्डन गऱ्यो, फेरि मैले खण्डन गरें, फेरि प्रतिवाद भयो । प्रतिवादको सिलसिला चलिरहँदा अति भयो भनेर उहाँले त्यसलाई मिलाएर सदनको वातावरण सहज बनाउन र हामीजस्ता जबर्जस्ती गर्ने माननीयलाई गलाउने गरी उहाँले एउटा शब्द बोल्नुभयो, 'तपाईंको काम विरोध गर्ने हो विरोध गरिरहनुस् । मेरो नाम दमन हो, म दमन गरिरहन्छु ।' एक्कासि माहोल नै रमाइलो भयो । नाम मिल्न जानु, उहाँ सभामुख हुनु, म माननीय हुनु, फेरि मैले कचकच गरिरहने, यो सबै संयोग मिल्दा सबैका लागि यो रोचक प्रसंग भयो ।

समिति खुला गर्न अनुमति

ढुंगानाले सभामुख हुँदा संसदीय समिति खुला गर्न पहल गर्नुभएको थियो । आर्थिक पक्षसँग गाँसिएका काण्ड लेखा समितिले हेर्थ्यो । सञ्चारकर्मीलाई प्रवेश थिएन । झ्यालबाट चिहाउनुपर्ने अवस्था थियो । म, हृदयेश त्रिपाठी, दीप उपाध्यायलगायतले सल्लाह गरेर 'यसरी हुँदैन, सदन खुला छ भने सदनकै अंग समिति पनि खुला हुनुपर्छ' भनेर दमनजीकहाँ गयौं । सभामुखको रूपमा उहाँले मिडियालाई प्रवेश दिनुपर्छ भनेर लेखा समितिलाई अनुमति दिनुभयो । त्यसपछि अरू समिति पनि खुला गर्ने अभ्यास हुन थाल्यो । सुरुवातमा उहाँले 'यसमा गोपनीयता केही पनि हुनुहुन्न, किन गोप्य राख्नुपऱ्यो, कसको दृष्टिकोण के छ, नागरिकले थाहा पाउनुपर्छ, पारदर्शी हुनुपर्छ' भन्ने मान्यतासहित अनुमति दिनुभएको थियो ।

उहाँले पहिलो संसद्बाट गलत नजिर स्थापित हुन दिनुभएन । अहिलेका कतिपय सभामुखजस्तो सीधै पार्टीको पक्षमा देखिने, मुद्दा/विषयमा ध्यान नदिने, राष्ट्रहितमा छ-छैन मतलब नगर्ने, देशको लागि बहसयोग्य छ कि छैन नहेरी पार्टीले के लाइन दिन्छ, त्यहीअनुसार अडिग भएर बसिराख्ने, सदन टारिदिने उहाँले गर्नुभएन । कांग्रेस र कम्युनिस्टको द्वन्द्वको समयमा सदनलाई सन्तुलित ढंगले अगाडि बढाएर एउटा मानक स्थापित गर्नुभयो । उहाँको योगदान संसदीय इतिहासमा बिर्सन सकिँदैन । सुरुवाती कालमा संसदीय व्यवस्थालाई ठिक ट्र्याकमा लैजान उहाँले गरेको योगदानको स्मरणमा संसद्ले वर्षको कुनै दिन केही कार्यक्रम गरेर मनाउनुपर्छ ।


प्रस्तुति : **कमलराज भट्ट**



लेखक गणेश खनियालाई **मन परेका ५ पुस्तक**


ओपन वाटर (कालेव अजुमा नेल्सन)


घानामा जन्मेका नेल्सन बेलायतको लन्डनमा संघर्षरत छन् अहिले । २६ वर्षको उमेरमै ओपन वाटरमार्फत आख्यानमा डेब्यु गरे उनले, दुनियाँको नजरमा पर्‍यो उनको किताब । फोटोग्राफर केटा र नर्तकी केटीको प्रेमको परिवृत्तमा बेलायती रंगभेदको जेलिएको जालो सतहमा आउँछ । कथावाचन कौतुहलमय छ यसमा । संगीत, सिनेमा तथा अन्य अन्तरविधाको मीठो संयोजन छ यसमा । पुनरावृत्ति अक्सर झिँझो लाग्छ, तर नेल्सनले यही शैलीलाई आकर्षक पाराले प्रयोग गरेका छन्, अझ पानीको बहावको सन्दर्भमा । उपन्यासको शीर्षकले सुझाएझैं यो जमेको पानी होइन, प्रवाहमान पानी हो । यसको केन्द्रीय स्वर दमदार छ-हेपिएको वर्ग, समुदाय आफूलाई समर्पण नगरी संघर्षरत छ आफ्नो अस्तित्व रक्षामा ।



दि रिटर्न : फादर्स, सन्स एन्ड दी ल्यान्ड इन बिटविन (हिसाम मातर)

लिबियाली मूलका मातरको दी रिटर्न कारुणिक, तर लयात्मक संस्मरण हो । गद्दाफी सरकारले अपहरणपछि बेपत्ता पारेको उनका बुबाको खोजीमा बेलायतबाट जन्मदेश लिबिया फर्केपछिका घटनाहरू समावेश छन् पूर्वार्द्धमा । आफ्ना बुबाको खोजीका क्रममा लिबियालाई नजिकबाट नियाल्न पुग्छन् उनी । गद्दाफी सरकारको विरोधी दलमा सक्रिय थिए उनका बुबा, त्यसैकारण गायब पारिए । तर, मातरको यो खोजी बडो काव्यिक छ । मातर पीडालाई पनि यति आत्मीय पाराले कसरी व्यक्त गर्न सक्छन् ? साह्रै लोभ लाग्छ । यस संस्मरणको एक पृष्ठमा आफ्ना बेपत्ता बुबाको पीडालाई अनुभूत गर्न हिउँदको चिसो छिँडीमा कपडा खोलेर केही घण्टा सुत्छन्, एकान्तमा । त्यो त्यही जेलको छिँडी थियो जहाँ उनका बुबालाई अन्तिमपटक देखेको सुनाउँदै थिए उनका एक आफन्त । बदलाभावको राजनीतिक खिचातानीबिच पाउनु र गुमाउनु, सम्झनु र बिर्सनु, मौन र वाचाल यस्ता अनेक विपरीत भावलाई सतहमा ल्याएर मानवीय बन्न सिकाउँछ यो संस्मरणले । युद्धका घाउहरू बल्झिरहेको हाम्रो समाजका लागि मातरको यो संस्मरण केही सान्दर्भिक पठन हुन सक्छ ।






बिटर फ्रुट्स : मन्टोका अब्बल कथाहरू (सआदत हसन मन्टो)

कथामार्फत मानवीयताको पैरवी गर्ने अग्रणी लेखक हुन् सआदत हसन मन्टो, दक्षिण एसियाका गौरव । कमजोर, आवाजविहीन, असहजतामा फसेका पात्रहरू उनका कथाका सामर्थ्य हुन् । अझ समाजले नैतिकताको सीमारेखा कोरेर कलंकित ठानिएका साहसी महिला पात्रहरूलाई उनले सम्मानित स्थान दिएका छन् आफ्ना आख्यानमा । भारत पाकिस्तान विभाजनपछिका कैयौं अगोचर आघात र घाउलाई उनले अभिलेखीकरण गरेका छन् । टौवा टेक सिं, खोल दो, ठन्डा गोस्त, काली सलवारजस्ता धेरै कथा संलग्न यो संकलनले मन्टोको तत्कालीन समाजलाई परख गर्ने अनेक आयाम देखाउँछ । आफ्ना कथामा अश्लीलताको आरोपमा कोर्टकचहरी धाउन बाध्य पारिएका मन्टो आजको विद्रुप समाजलाई बेनकाव पार्नका लागि अरू पढिनु जरुरी छ । उनका कथाकहाँनी हिन्दी अनुवादमा समेत हामीकहाँ सजिले उपलब्ध भएकाले उनलाई पढौं, मनन गरौं र समाज/सत्तालाई आ-आफ्नै माध्यमबाट खबरदारी गरौं ।

खतोंका सफरनामा (अमृता प्रितम र इमरोज)


पत्राचार सँगालोको पनि आफ्नै महत्त्व हुनेरहेछ । पारिजात र सुकन्याको पत्राचारले हामीलाई पारिजातका थुप्रै पक्षबारे बुझ्न मद्दत पुगेको छ । सिमोन दी बुभ्वा र उनका प्रेमी नेल्सनबिचका पत्राचारले बुभ्वाका अनुदुघाटित रहस्यको पटाक्षेप भयो । अमेरिकी लेखक पल अस्टर र दक्षिण अफ्रिकी लेखक जे एम कुट्सीबिचको पत्राचारको सँगालो हियर एन्ड नाउ त्यस्तै महत्त्वपूर्ण दस्तावेज बन्यो । अमृता प्रितमका कविता, आख्यान तथा प्रेमजीवनबारे त धेरैलाई जानकारी छ । साहिर लुधिवान्वीसँगको अमृताको पहिलो प्रेम इनिड्स जति चर्चामा छ, कलाकार इमरोजसँगको उनको अलग प्रेमजीवन र सहवासका सन्दर्भमा पाठक नजर कम परेको हुन सक्छ । यस अपूरोपनालाई मेटाउँछ अमृता र इमरोजबिचका चिठी-चपेटाको आदानप्रदानबाट । खतोंका सफरनामा उनीहरू विभिन्न समयमा विभिन्न कारणले टाढिँदाको समयमा एकअर्कालाई लेखेका पत्रहरूको सँगालो हो । उनीहरू पत्रमा आत्मीय भाव र नितान्त निजी विषयमा प्रवेश गरिरहँदा पनि उत्तिखेरै त्यसलाई सार्वजनिक बहसको विषय बनाउँछन् । युरोपका विभिन्न देशमा साहित्यिक अनुष्ठानमा संलग्न रहेकी अमृता इमरोजलाई त्यहाँका महत्त्वपूर्ण गतिविधि पत्रमार्फत बताउँछिन् । पत्राचार पढिरहँदा घटनाको प्रत्यक्ष प्रसारण हेरेझैं लाग्छ । अनुपस्थित व्यक्ति त्यहाँ हुन्थ्यो भने कति सार्थक चित्रण गथ्र्यो होला त्यो परिवेश- यो आशय निरन्तर व्यक्त भएका छन् दुवैका पत्रमा ।





वाकिङ विथ कमरेड्स (अरुन्धती रोय)

भारतीय सत्ता र कर्पोरेट दुनियाँलाई एकसाथ निरन्तर प्रहार गरिरहन्छिन् अरुन्धती । त्यसैले त उनका गैरआख्यानहरूको प्रभाव दिगो छ । सानो आकारको उनको गैरआख्यान 'वाकिङ विथ कमरेड्स' विशेष यस अर्थमा छ कि यो उनले नक्सलवादी प्रभावित क्षेत्रमा आफैं घुमेर लेखेको तथ्य र अनुभूतिको मिश्रण हो । यो दस्तावेजले देखाउँछ- भारतीय शासकले कसरी राजनीतिको आवरणमा नक्सलवादीलाई नामेट पार्ने निहुमा निःशस्त्र आदिवासीहरूको कत्लेआम गरिरहेछ ? अनि उनीहरूकै क्षेत्रका प्राकृतिक सम्पदा, खनिज आदिको दोहन गरी आदिवासीका पुस्तैनी पेसा र जीविकोपार्जनलाई कसरी धरापमा पारेको छ ? अहिले विश्वभरका सत्तासीनहरूले यसरी नै विस्थापन गरिरहेछन् रैथानेहरूलाई । यस अर्थमा यो किताब हामी सबैका लागि आफ्नै परिवेश बुझ्ने र आफैंलाई सचेत बनाउने माध्यम हुन सक्छ । अरुन्धतीको सूचना सामग्री संकलनप्रतिको निष्ठा र समर्पणका खातिर पनि पढ्नैपर्ने किताब हो यो ।



असफलताले सिकाउँदो रहेछ

'दर्पणछाया २' मा मेरो मिस्टेक थियो, दर्शकको फिल्म हेर्ने शैली परिवर्तन भइसकेको रहेछ



आत्मसमीक्षा



● **तुलसी घिमिरे**
चलचित्र निर्देशक

बम्बई फर्किएको भए पैसा कमाइन्थ्यो होला । तर, मलाई पश्चात्ताप छैन । यहाँ सानो संघर्ष छ । सानै कुरामा खुसी हुने बानी पनि छ । मानिसहरूको आँखामा मेरा लागि सम्मान देख्छु । त्यतिले नै मलाई खुसी दिन्छ ।

समय परिवर्तनशील छ । हामीभन्दा अघि बिएस थापा, प्रकाश थापा दाइहरू हुनुहुन्थ्यो । त्यसपछि हाम्रो एउटा पुस्ता आयो । अहिले नयाँ भाइ-बहिनीहरू बाहिरबाट पढेर, ट्रेनिङ लिएर आए । नयाँ फिल्ममेकरहरूको यो पुस्ताले नेपाली सिनेमामा नयाँ टेस्ट दिइरहेको छ । एउटा नयाँ कलर दिएको छ ।

मेरो अनुभवमा मसँगै काम गर्ने धेरैले अहिले फिल्म क्षेत्र छाडिसक्नुभयो । यादव खरेल दाइ, निर शाह पछिसम्म सक्रिय हुनुहुन्थ्यो । मेरो हकमा 'दर्पणछाया', 'लहाना', 'देश', 'दर्पणछाया-२' गरिरहेकै थिएँ । नयाँसँग सिक्दै पुरानो अनुभव उपयोग गर्दै अघि बढिरहेको छु ।

कुनै समय लगातार फिल्महरू राम्रै चलिरहेका पनि थिए । तर, सधैं समय एकनास रहँदैन । सफलता र असफलताका बाबजुद पनि यही क्षेत्रलाई निरन्तरता दिन पाइरहकै छु । यसैमा खुसी छु । नयाँ स्क्रिप्टमा काम भइरहेको छ । 'पहाड' चाँडै नै फ्लोरमा जानेछ । यो फिल्मले नेपालका पहाडहरू रित्तँदै गएको अवस्था र त्यसले निम्त्याएका परिघटना उजागर गर्छ । अहिले धेरैवटा गाउँमा महिलाले लास उठाउनुपर्ने अवस्था निम्तिएको छ । पुरुषहरू सबै विदेश जान थालिसके । पहिले मानिसहरू बाहिर गए पनि फर्किएर नेपालमै जग्गा जोड्थे । अहिले पलायन हुने गरी गइरहेका छन् । कुनै दिन यस गाउँमा वृद्ध मात्रै हुनेछन् । काम गर्ने उमेर समूहको अभाव हुनेछ । कतिपय गाउँमा यस्तो अवस्था निम्तिएको छ ।

दुई-तीन दशकअघिसम्म हामी सुटिङ गर्न दुर्गम गाउँमा पुग्दा त्यहाँ युवाहरूको बाक्लो उपस्थिति थियो । जमघट र मेलाहरू चल्थ्यो । गाउँमा विकास भएन भन्ने गुनासो सुनिन्थ्यो, अहिले सडक र बिजुली पुगेका छन् । तर, मानिस छैनन् । त्यो गाउँ र अहिलेको गाउँमा धेरै फरक छ । त्यो रिक्तताले मानिसको जीवनमा ल्याउने व्यावहारिक र भावनात्मक उतार-चढावलाई 'पहाड'मा देखाउँदै छौं । मेरो पुरानो अनुभवलाई नयाँ प्रस्तुतिमा ढाल्ने प्रयास गरेको छु । नयाँ पुस्ताका साथीसँग काम गरिरहेको छु ।

बलिउडको प्रभाव

बलिउड फिल्मबाट प्रभावित भनेर कतिपयले मेरो टिप्पणी गरेको पनि सुन्छु । सुनेकै भरमा उहाँहरूले यो आरोप लगाउनुभएको भन्ने लाग्छ । हामीलाई हिन्दी फिल्म हेर्ने बानी परेको साँचो हो । नेपालको पहिलो निर्देशक डिबी परियार, हिरासिंह खत्री, बिएस थापा, प्रकाश थापा, चेतन कार्की सबैले बलिउडकै फर्मुलालाई पछ्याएर फिल्म बनाउनुभएको हो । हाम्रा दर्शकलाई पनि यही फर्मुलाको फिल्म मनपरेको साँचो हो । किनकि, चिनियाँ प्रविधि वा कोरियन प्रविधिमा हामी फिल्म बनाउन सक्ने अवस्थामा थिएनौं । बनाएर पनि चल्नेवाला थिएन । फर्मुला मिल्यो होला, तर मैले बनाएका फिल्म मौलिक थिएनन् भन्ने आरोप साँचो होइन । मैले घमन्ड गरेको होइन । तर, मैले बनाएका फिल्म फरक-फरक स्वादका छन् । 'बाँसुरी' अलग्गै फ्लेबरको थियो । 'कुसुमे रुमाल'मा आउँदा रोमान्टिक फ्लेबर लिएर आएँ । त्यसपछि 'लाहुरे'मा गोर्खा सैनिकका व्यथा देखाएँ । कतिपयले 'चिनो'लाई हिन्दी फ्लेबरको भनेको सुन्छु । कहिलेकाहीं यस्ता टिप्पणी बकवास पनि लाग्छ । 'चिनो'को प्याटर्न र तरिका फरक थियो । 'कुसुमे रुमाल'मा नेपाली संस्कृतिलाई उजागर गरेको छु ।

मोदनाथ प्रश्रितको कृतिमै आधारित रहेर मैले 'बलिदान'को स्क्रिन प्ले र डायलग बनाएँ । राजनीतिक रूपमा मसँग धेरै गहिरो ज्ञान नभएकाले मदनकृष्णजी र हरिवंशजीसँग लामै छलफल भएको थियो । यसले पनि फिल्मलाई बलियो बनाउन भूमिका खेल्यो । यी सिनेमा नेपाली मौलिक कथामा आधारित हुन् । त्यहीकारण नै धेरै दर्शकले रुचाउनुभएको थियो ।

मेरो १०औं चलचित्र 'दक्षिणा' आफ्नो गुरु कमलाकार कर्खानिशमा समर्पित थियो । शिक्षकहरूले समाजमा गरेको योगदान झल्काउन 'दक्षिणा' बनाएको हुँ । जीवनमा शिक्षा र गुरुको सधैं विशेष महत्त्व हुन्छ । त्यहीकारण यो फिल्म मैले गुरुलाई समर्पित गरें । त्यतिबेलै, भारतमा राम्रो शैक्षिक स्तर रहेका राज्यहरूमा दुर्गम क्षेत्रलाई विशेष प्राथमिकता दिइन्थ्यो । अहिले धेरै राज्यले यो नीति पछ्याएका छन् । त्यहाँ दुर्गममा शिक्षक जानका लागि ६-७ वटा अन्तर्वार्ता पास गर्नुपर्छ । त्यहाँ धेरै योग्य शिक्षक पठाइन्छ । सेवा-सुविधा र सहुलित पनि राम्रो हुन्छ । तर, नेपालमा बदमासी गरेका, घुस खाएका शिक्षकलाई दुर्गममा पठाउने चलन थियो । सजाय पाएर गएका शिक्षकले शिक्षाको अन्धकार रहेको ठाउँमा गएर कस्तो शिक्षा देला ? त्यही विषयमा 'दक्षिणा' बनाएँ । मलाई अझै पनि नेपाली शिक्षामा केही न केही ग्याप छ भन्ने लाग्छ । हाम्रा बच्चाहरूले के सिक्न चाहन्छन् भन्ने कुरामा पर्याप्त अनुसन्धान नै नगरी हामीले कतै जबर्जस्ती आफ्ना कुरा लादिरहेका त छैनौं ? ती बच्चाले यस्तो शिक्षा भनेर अभिव्यक्त गर्न पक्कै नसक्लान् । यस विषयमा पर्याप्त अनुसन्धान भएको त छ ? अनुसन्धान गरेर त्यसअनुसार शैक्षिक प्रणाली विकास गर्नुपर्ने कुरामा हामी कत्तिको सचेत छौं ? यी कुरा अहिले पनि लागिरहन्छ ।

'दक्षिणा' रिलिज भएपछि शिक्षकहरूबाट धेरै राम्रो प्रतिक्रिया आएको थियो । एकपल्ट त चितवनबाट एक बसमै शिक्षकहरू मलाई भेट्न आउनुभएको थियो । उहाँहरूसँग लामो अन्तर्क्रिया भयो । शिक्षा प्रणालीका समस्या उजागर गरिदिएको भन्दै उहाँहरू खुसी हुनुभएको थियो ।

'दक्षिणा' बनाएपछि बम्बई फर्कन्छु भन्ने सोच थियो । तर, प्रकाश थापा, चेतन कार्की दाइहरूले रोक्नुभयो । मलाई पनि नेपाली फिल्ममै मज्जा आइरहेको थियो । मलाई रोक्नेहरू बिलुभयो । म यतै काम गरिरहेको छु । अहिले सम्झिँदा लाग्छ, मुम्बईमा पैसा धेरै कमाइन्थ्यो होला । तर, यहाँ दर्शकको स्नेह धेरै कमाएँ ।

'चिनो', 'लाहुरे', 'दक्षिणा'लाई अहिले पनि धेरैले सम्झन्छन् । मलाई तुलसी घिमिरे नभनेर कतिले 'हरि सर' भन्नुहुन्छ । साह्रै खुसी लाग्छ ।

मैले लाइट, मेकअप, क्यामेरा, एडिटिङ र निर्देशन विभिन्न गुरुसँग सिक्न पाएँ । उहाँहरूकै कारण आज यो क्षेत्रमा स्थापित हुन सकें । तर, अभिनय मैले आफैं सिकेको हुँ । त्यहीकारण पनि अरूले राम्रो भनिदिँदा खुसी लाग्ने रहेछ ।

'लाहुरे'मा एउटा सिपाहीको व्यथालाई उठाएको छु । 'देश'मा नेपालबाट गएका गोर्खा सैनिक र भारतकै गोर्खा सैनिकबिचको फरक देखाएको थिएँ । मेरो बुबा र दाजुहरूले पनि गोर्खा पल्टनमा काम गर्नुभयो । त्यस्तो परिवारमा हुर्किएको हुनाले सैनिकको संघर्ष देखाउन पाउँदा मलाई बेग्लै सन्तुष्टि मिलेको थियो । मैले धेरैभन्दा धेरै भेरिएसनका फिल्म बनाएको छु । 'दर्पणछाया' सफल होला भनेर धेरैले सोचेका थिएनन् । एक्सन फिल्म चल्ने त्यो जमानामा एउटा पनि फाइट नराखी

साप्ताहिक राशिफल



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

८ मंसिर (शनिबार)
१४ मंसिर (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

धर्मकर्म तथा समाजसेवामा मन लागिरहनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साताको मध्यमा बोलीको प्रभावले विशेष अवसर दिलाउनेछ । धनलाभका हिसाबले साता महत्त्वपूर्ण रहनेछ । आम्दानीका स्रोत बढ्नुका साथै खेलकुद तथा मनोरञ्जनमा मन रमाउनेछ । साताको अन्त्यमा अधुरा कार्यले पूर्णता पाउनेछन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा सञ्चित धनमा वृद्धि हुनुका साथै कार्यक्षेत्रमा अतिरिक्त जिम्मेवारी मिल्ने सम्भावना छ । नयाँ सवारी साधन खरिद-बिक्रीको योग छ । वैदेशिक क्षेत्रसँग सम्बन्धित कार्य अधि बढ्नेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । सेयरको कारोबारबाट सफलता मिल्नेछ । यात्रा र घुमफिरको योग पनि छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भ सामान्य रहनेछ । सामाजिक कामबाट मान-सम्मानमा वृद्धि हुनेछ । व्यापारमा नयाँ मार्ग मिल्नेछन् । राजनीतिक कार्यमा ख्याति कमाउने योग छ । नयाँ कामको थालनी र व्यापार व्यवसायमा सफलता पाइनेछ । धार्मिक यात्रामा सहभागी हुने योग छ । खर्च भए पनि फाइदाजनक काममा लगानी गर्ने अवसर जुट्नेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

लामो समयदेखि रोकिएका कानुनी जटिलताले निकास पाउँदा परिवारमा खुसियाली छाउनेछ । विश्वासपात्रबाट धोका हुन सक्ने हुँदा विशेष सावधानी अपनाउनुपर्नेछ । निर्णय लिएर पनि शंका गर्ने बानीले पछि परिनेछ । घरजग्गाको कारोबारमा सफलता मिल्नेछ । नयाँ कामको थालनी हुनेछ । धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय रहेको छ । कृषि तथा पशुपालनमा भने सोचेको लाभ नहोला । व्यापारमा प्रशस्त फाइदा हुने योग छ । श्रमको उचित मूल्यांकन होला । साताको अन्त्यमा पढाइमा पनि राम्रै प्रगति हुनेछ । अधुरा कामहरू पूर्ण हुनेछन् । घरमा शुभकार्यको थालनी हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । रोकिएका काम बन्नेछन् । बिहीबारदेखि निराशा र आलस्यका कारण काम अवरुद्ध हुने योग छ । आफ्नो विचार विपरीत निर्णय हुन सक्छ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरीसमेत आउन सक्ने हुँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

काममा केही चुनौती देखिए पनि समयको सदुपयोग हुनेछ । सहयोगीहरूले काममा तत्परता देखाउनेछन् । प्रयत्न गर्दा गोप्य रहस्य पत्ता लगाउन सकिनेछ । नसोचेको धन लाभ हुन सक्छ । बिहीबार सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ने समय छ । साताको अन्त्यमा स्वास्थ्यमा अलि कमजोरीको अनुभूति हुनेछ । खानपिनमा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् । अतिथिको रूपमा सत्कार पाइनेछ । मातापिताको सहयोगले काममा सहजता मिल्नेछ । पुँजी बजार या वित्तीय संस्थाबाट राम्रै लाभ मिल्नेछ । राजकीय सम्मान मिल्नेछ । नयाँ कामको जिम्मेवारी प्राप्तिको योग छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

व्यापार तथा उद्योगबाट सामान्य फाइदा हुने देखिन्छ । काममा अधिकार प्राप्तिका लागि प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतिस्पर्धीको चलखेल बढ्नाले चुनौती सामना गर्नुपर्ला । बुधबार र बिहीबार यात्रामा विशेष लाभ मिल्ने देखिन्छ । साताको अन्त्यमा मुद्दा-मामिलामा विजयी भइनेछ । जग्गाजमिनमा लगानीको वातावरण बन्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको सुरुमा रमाइलो यात्राको योग रहेको छ । आँटेका र सोचेका कार्य पूरा हुनेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साताको अन्त्यमा वैदेशिक यात्राको बाटो खुल्नेछ । भाग्यको साथ मिल्नेछ । मांगलिक कार्यको थालनी हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको सुरुवातमा वैदेशिक यात्राको अवसर जुर्नेछ । नयाँ जागिरको थालनी हुनुका साथै शिक्षामा सफलता मिल्नेछ । साताको उत्तरार्धमा प्रतिद्वन्द्वीले कार्यमा अवरोध ल्याउन सक्छन् । पुँजीबजारले पनि सोचेअनुसार साथ नदिन सक्छ । बिहीबारदेखि कलासाहित्य तथा संगीतमा रुचि बढ्नेछ । प्रेमीको सहयोगले अधुरा काम पूरा हुनेछन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा शुभ समाचार सुन्नाले मनमा शान्ति छाउला । नसोचेको ठाउँबाट धन आर्जन हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । पशुपालन तथा कृषि क्षेत्रबाट सामान्य लाभ मिल्ने योग छ । बिहीबार केही प्रतिष्ठित काम बन्नेछन् । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन् । साताको अन्त्यमा पारिवारिक यात्राको योग छ ।

के छ 'पानी पतिया'मा ?

समीक्षा



● **मुनाराज शेर्मा**

इसापूर्व पाँचौं शदीमा जब म्याराथन युद्ध चलिरहेको थियो, डरले लुगलुग कामिरहेको कालिमाकसलाई एथेनियन जनरल मिल्टिएड्सले भने, 'कायर भएर एथेन्सको विनाश देख्नुभन्दा मर्नु राम्रो ।' सम्भवतः ब्रेभनेस बहादुरी यहींबाट सुरु भयो । इतिहासकार प्लुटार्क लेख्छन् ।

दुवै विश्वयुद्धमा ब्रान्ड बन्यो ब्रेभरी । तर, बहादुरहरूको अवस्था सुधार नहुँदा २०० वर्षपछि भारतमा चौकीदारमा झर्‍यो, जो एक जमानामा युरोपको चोक-चोकमा द हिरोज भनिन्थ्यो र त्यहाँका जनता र साशकले सलामी अर्पण गर्थे । कैयौंपटक युद्धमा होमिसकेपछि एउटा भनाइ निर्माण भयो, 'यदि कसैले मृत्युसँग डर लाग्दैन भन्छ भने कि ऊ ढाँटिरहेको छ कि ऊ गोर्खाली हो ।' भारतीय सेनाको फिल्ड मार्सल मानेक्सले भनेका हुन् । तर, वास्तवमा गोर्खाहरू बहादुर भए पनि भयविहीन फलामका मान्छे होइनन् । आकस्मिक परिस्थितिमा निर्माण भएको बहादुरी हो, जो एउटा अव्यक्त तर पछ्याउनुपर्ने साहसको पर्याय नै बन्यो । गोर्खाली विश्वव्यापी ब्रान्डिङ भयो । जसका कारण एडोल्फ हिटलरले समेत यदि गोर्खा सेना भएको भए आफू संसारभरि हार्दिनर्थे भने । ओसामा बिन लादेनले आफूसँग गोर्खा सेना भएको भए अमेरिका जिउँदै खान्थैं भने । डिएगो म्याराडोनाले १९८६ मा विश्वकप जित्दा इंग्ल्यान्डलाई यसरी हरायौं, कारण त्यहाँ गोर्खाली खेलाडी थिएनन् भने । सेनामा विश्वासिलो गोर्खाली सेनाभन्दा अर्को नभएको कुरासमेत विश्वप्रसिद्ध छ । बेलायतले गोर्खालीको बफादारी, विश्वासिलोपन, सहनशीलता, ज्यानको पर्वाह नगर्ने इमानदार देखेरै सेनामा लिएको देखिन्छ ।

युद्ध साहित्यका प्रवर्तक काडमाड नरेश राई ब्रिटिस लाहुरे हुन् । उनको मूल ध्येय गोर्खा सैनिकको इतिहास खोज अनुसन्धान गर्ने, लाहुरेको



‘दक्षिणा’ बनाएपछि बम्बई फर्कन्छु भन्ने सोच थियो । तर, प्रकाश थापा, चेतन कार्की दाइहरूले रोक्नुभयो । मलाई पनि नेपाली फिल्ममै मज्जा आइरहेको थियो । मलाई रोक्नेहरू बित्नुभयो । म यतै काम गरिरहेको छु । अहिले सम्झँदा लाग्छ, मुम्बईमा पैसा धेरै कमाइन्थ्यो होला । तर, यहाँ दर्शकको स्नेह धेरै कमाएँ ।

परिवर्तनका लागि एक बाबुको संघर्ष

फिल्मले भूमिहीन कसरी कष्टकर जीवन बाँचिरहेका छन् भन्ने पनि चित्रण गरेको छ




जातिका मानिसलाई ‘गीत गाउने’ जिम्मेवारी दिइयो । कुनै समय यी जातिका मानिस सारङ्गी बजाउँदै गाउँघरमा गीतको माध्यमबाट सूचना दिने पनि गर्थे । गाइने अर्थात् गन्धर्व समुदायको सूचना दिने पेसा अहिले लोप हुँदै गएको छ । अब सूचना लिनेदिने माध्यम धेरै नै विकसित भइसकेका छन् । बदलिँदो पेसा र आवश्यकतालाई ध्यान दिँदै यी जातिका युवापुस्ता विभिन्न पेसा र व्यवसायमा विभाजित छन् । कतिपय रोजीरोटीका लागि अन्य समुदायका युवाजस्तै बिदेसिएका छन् । उहिलेका पुस्ता सारङ्गी बजाउँदै गाउँघर डुल्थे, मनोरञ्जन दिन्थे, मन पराउनेले पैसा-अन्नपात जे दिन्छन्, त्यही ल्याउँथे र गुजारा चलाउँथे । उतिवेला त्यही नै एक मात्र विकल्प थियो । उनीहरूसँग जग्गा पनि थिएन । अहिले समय बदलिएसँगै यो पेसामा पनि केही फेरबदल आएको छ ।

पोखराको बाटुलेचौरसहित हेम्जा, बडहरे, गगनगौँडा र रिठ्ठेपानीमा ‘गन्धर्व बस्ती’ छन् । तर, गन्धर्वहरू धेरथोर गरी ६९ जिल्लामा बसोवास गर्ने बताइन्छ । २०७८ को जनगणनाअनुसार यो समुदायको जनसंख्या ६ हजार ९७१ छ ।

खोज अनुसन्धानमा क्रियाशील मित्र डिबी नेपाली ‘दमु’ लेख्छन्- गन्धर्व जातिसँग पृथक् अस्तित्व, इतिहास, पहिचान तथा पुख्यौंली ज्ञान परम्परामा आधारित विशिष्ट ज्ञान छ । अर्बाजो, सारङ्गीमा गाउने मौलिक गायनकला छ । यो अलिखित संस्कृति, ज्ञान, शिल्पकला र बुद्धि उनीहरूसँग मात्र पाइन्छ । मौलिक विभिन्न भाका बनाउन, गायनकला गन्धर्वबाटै पछि अरूले सिकेका हुन् । आदिमकालमा सबैभन्दा पहिला भाका, लय वा सुर, ताल गन्धर्वले सुरुवत गरेका हुन् । उनीहरूले लामो समय प्रकृतिसँगको सामीप्य र संघर्षबाट सिके, पछि अरूले सिर्जना गरे । यसपालि ‘पूर्णबहादुरको सारङ्गी’ले रेकर्ड ब्रेक गर्दै ठुलो पैसा जम्मा गरेको छ । स्वदेश तथा विदेश दुवैतर्फ फिल्म हिट बन्यो । यस फिल्मको कमाइले केही गन्धर्व समुदायका बालबालिकाले उच्च शिक्षामा सहयोग पाए कति धेरै न्याय हुन्थ्यो होला ? र, विलोपीकरणको धर्मच्याइँमा परेको गन्धर्व समुदायका सारङ्गी बजाउने पेसाको संरक्षणमा पनि मद्दत पुग्थ्यो होला ।

अर्को पक्ष सारङ्गी रेट्ने गन्धर्वजस्तै नेपाली समाजभित्र यस्तै मौलिक पेसा र परम्परा भएका अरू थुप्रै दलित समुदाय छन् । जो पुस्तौंपुस्ता भूमिहीन छन् । शिक्षाबाट वञ्चित छन् । आर्थिक सहभागिताबाट वञ्चित छन् । राज्यका अवसर र सहभागिताबाट वञ्चित छन् । भएका नीति कार्यान्वयन फितलो हुँदा या भनौं व्यावहारिक कार्यान्वयन नहुँदा यी समुदाय धेरै पीडामा छन् । अधिकारका लागि संघर्ष गरिरहेका छन् । मुलुकको विभिन्न व्यवस्था परिवर्तनको लडाइको अग्रमोर्चामा रहेर सहयोग गर्ने यी समुदायको नयाँ पुस्ताको लागि केही छुट्याइएको आरक्षणको पनि खुबै विरोध भएको हामीले सुन्दै आएका छौं । जुन बिल्कुलै गलत छ । अतः यी समुदायभित्र लुकेका कथा, व्यथा र पीडाहरू ‘पूर्णबहादुरको सारङ्गी’भनेँ पर्दामा आउनु जरुरी छ । यसो भए मात्र पीडाले पनि निकास पाउने सम्भावना रहला । अनि समानताको अभ्यास गर्ने सपना बोकेका तमाम उत्पीडित समुदायले पनि न्याय पाउलान् ।



पूर्णबहादुरको सारङ्गी’ फिल्म उत्कृष्ट बनेको छ । सानातिना कमजोरी होलान्, जसको टिप्पणी गर्ने काम कला र साहित्यका पारखीले गरिरहेकै छन् । दुई घण्टा २५ मिनेटको फिल्मले संसारको ध्यान तान्न सक्नु आफैंमा सफल हुनु हो । लेखक, निर्देशक र कलाकारको मिहिनेतले नै दर्शकको मन जितेको छ । भावुक बनाउने र मन छुने लाइन फिल्ममा धेरै छन् । फिल्मको कथावस्तु कुनै पुरानो समयको काल्पनिकी भने होइन । यो त अहिले पनि नेपाली समाजको एउटा वर्ग (दलित) को साझा कथा हो ।

गरिबी, पीडा, अभाव र अनि संघर्षको कथाले दर्शकको मन छोएको हुनुपर्छ । अझ बढी त फिल्मको मुख्य कथावस्तु बाबुछोराको सम्बन्ध, माया र संवाद अत्यन्तै मौलिक खालको भएकाले दर्शकको मनमुटु छोएको हुनुपर्छ । मेरो भने उक्त फिल्मको कथासँग जोडिएका पात्रको दुःख, संघर्षका व्यथा, गरिबी, भूमि/जमिन नहुँदा पीडा र उनीहरूको जीविकोपार्जनमा परेको प्रभाव र असर, धन सम्पत्ति नहुँदा गरिब (दलित) समुदायले आफ्नो सन्तानलाई दिन नसकेको शिक्षादीक्षा अनि पूर्णबहादुरसँग उनकी श्रीमती बाटुलीसँग भएको विछोड यी पक्षले ध्यान उद्वेलित गऱ्यो ।

सारङ्गी जस्तै दमाईंको कपडा सिलाउने र पञ्जेबाजा बजाउने पेसा लोप हुँदै गएको छ । कामी (विश्वकर्मा) को तामा, फलाम, पित्तल र सिलभरको भाँडा बनाउने पेसा लोप हुँदै गएको छ । सुनचाँदीकर्मीको पेसा पनि परिवर्तन भएको छ । सार्कीले सिलाउने जुत्ताको पेसा पनि फेरिएको छ । धोबीको लुगा धुने पेसा पनि लुगा धुने मेसिनले खोसिदिएका छन् । र, यी समुदायको नयाँ पुस्ताले नयाँ परिवेशमा आफ्नो जीवन गुजार्न ज्यादै संघर्ष गर्नुपरिरहेको छ । यसभित्रका पत्र-पत्र केलाउन जरुरी छ ।

फिल्म करिब ५० को दशकको कथावस्तुलाई लिएर छायांकन गरिएको भनिए पनि उही वेलाको जस्तै राग, रङ, सुर, कला र प्रस्तुति दिन सक्नु ज्यादै राम्रो पक्ष छ । यद्यपि ‘पूर्णबहादुरको सारङ्गी’भित्र लुकेका कथा र व्यथा धेरै छन् । नेपाली समाजमा यसका अन्तरकथा पनि प्रशस्तै छन् । गन्धर्व समुदायको जीवन संघर्षशील छ भन्ने कुरा यस फिल्म हेर्नेले सहजै बुझ्न सक्छन् । यो फिल्मले देखाएकोजस्तो कथा र व्यथा नेपाली समाजभित्र अझै पनि जीवन्त छ । ८० को दशकमा आइपुग्दा पनि हाम्रो समाज बदलिन सकेको छैन । तर, बाँकी कथा कसले लेख्ने ? र, कसरी प्रस्तुति हुने थाहा छैन ।


सिनेमा



● विश्वास नेपाली

फिल्मको केन्द्रमा गन्धर्व समुदाय छ । गरिबीमा बाँचेको गन्धर्व समुदायको जीवन कठिन छ । यो फिल्मले भूमिहीनहरू कसरी कष्टकर जीवन बाँचिरहेका छन् भन्ने चित्रण पनि गर्न खोजेको छ । गन्धर्व समुदायलाई पुस्तौंपुस्ता सारङ्गी नै बजाउने र छोरा-नातिले पनि त्यही पेसा सिक्नुपर्छ भन्ने बाध्यात्मक स्थिति सिर्जना गरिँदै आएको यथार्थ हो । फिल्ममा धेरै ठाउँमा पूर्णबहादुरले छोरालाई सारङ्गी सिकाउँछन्, र काँधमा चढाएर विद्यालय पनि पठाउँछन् । बाटुली (पूर्णबहादुरकी श्रीमती) लाई सधैं अभावमा बाँच्नुपर्ने र हेपाइ मात्र हात लाग्ने आफ्नो श्रीमान्को दुःख देखेर छोरालाई सारङ्गीसँग जोड्न मन लाग्दैन । त्यसैले उनलाई छोराको भविष्यको चिन्ताले अति नै सताउँछ । छोराको भविष्यका लागि पेसा नै फेर्न घरै त्यागेर ‘विद्रोहको बिगुल’ फुकेकी बाटुली यसपछि फिल्ममा देखा पर्दिनन् । अर्थात्, कहाँ के गर्दै होलिन् भन्ने अनुमान दर्शककै जिम्मामा छाडेर बिलाउँछिन् । यसरी नियाल्दा यो फिल्म ‘बाबुछोराको माया र सम्बन्ध’को कथा हो भन्दा फरक पर्दैन । तर, यसो भन्दै गर्दा आमाको भूमिका, त्याग, यथास्थितिको क्रमभंगताका लागि गरेको विद्रोह र सोही विद्रोहलाई बुझेर परिवर्तनका लागि बाबुले गरेको संघर्ष हो भन्ने पनि बिर्सनुहुँदैन ।

गन्धर्व समुदाय वा जातिलाई अर्को शब्दमा ‘गाइने जाति’ पनि भनिँदो रहेछ । सदियौंदेखि यी



योगदान, दुःख र सकस लेख्ने हो । बेलायती सेनामा नेपाल सरकारले कसरी भर्ती गऱ्यो, उनीहरूले कुन-कुन युद्ध लडे, बेलायतबाट कस्तो व्यवहार गरियो, हराएका बेलायती नेपाली सैनिकको परिवारले पेन्सन सुविधा नपाएकाले सात समुद्रपारि कारुणिक जीवन कसरी भोगिरहेका छन् र सैनिक संगठन गेसो र विभिन्न गोर्खा संगठनले सम्पूर्ण सुविधाविमुख भएका भूपू सैनिक र उनीहरूको परिवारका लागि के-के काम गरिरहेको छ जस्ता विषयमा खोजमूलक लेख प्रकाशन गरेका छन् । त्यसरी नै यो पुस्तक ‘पानी पतिया’ गोर्खा सैनिकको विषयमा लेखिएको एक महत्त्वपूर्ण अर्को दस्ताबेज हो ।

‘मोतीराम’ कथाले गोर्खाली सिपाहीले अफगानिस्तानबाट कसरी भागेर ज्यान बचाए भन्ने त्यो समयको युद्धको भयावह चित्रण गर्छ । कतै साधु भए । कतै उनलाई ताकेको बन्दुक पड्केन । कतै हली भए । भारतीय व्यापारीले उनको ९० कम्पनी पैसा लुट्यो । कतै मुसलमान बनेर बाँचे । साथै कथाले अफगानीहरूको गोर्खाली सेनाप्रतिको खराब सोचको पर्दाफास गरेको छ । त्यतिखेर सेनाको परिवारलाई समेत युद्धमा लाने चलनले सबै मारिएपछि महिला बालबच्चालाई दास बनाउने चलनले नेपालीहरू अफगानिस्तानमा दास बनाएको दुःखलाग्दो घटना उजागर छ । युद्धमोर्चाबाट पठाएको पत्रमा लासले भरिएर जमिनमा टेक्ने ठाउँ छैन भन्ने वाक्यले कति भयंकर त्रासदिको वर्णन गरेको छ ।



लाहुरेलाई घर फिर्दा गाईको गहुँत, गोबर, दुध, दही र घिउ पञ्चगव्यले दुई हप्तासम्म नुहाएर पानी पतिया गराइन्थ्यो । पण्डितलाई मोहोर चढाउनुपर्थ्यो । यद्यपि, सन् १९२५ मा ब्ल्याक सी काटेर जान पाउने इस्तिहार चन्द्रशमशेरले जारी गरी यो प्रथाको अन्त्य गरेका थिए । तर पनि सन् १९६० सम्म भैरहवा पक्लिहवा क्याम्पमा यो काम गराइन्थ्यो ।

सन् १९४७ नोभेम्बर ९ मा नेपाल-भारत-बेलायत त्रिदेशीय सन्धिपछि दश रेजिमेन्टमध्ये दोस्रो, छैटौं, सातौं र दसौं चारवटा रेजिमेन्ट बेलायतले लग्यो । नेपाल गणतान्त्रिक मुलुक भइसकेपछि भने पण्डितबाहेक बुद्ध धर्मको दुई लामासमेत नियुक्त गरिएका छन् । तथापि, धेरै पूजाका काम हिन्दु धर्मको तौरतरिकाले मात्र गरिन्छ । अझैसम्म अन्य धर्मावलम्बीको पुजारीको नियुक्ति हुन सकेको छैन ।

सन् १९४८ देखि १९५६ सम्म मलेसियामा र सन् १९६० देखि १९६६ सम्म ब्रुनाईमा युद्ध भयो । त्यहाँ सहभागी गोर्खा सैनिकले अरूले पाउने तलबभन्दा ९५८ प्रतिशत कमले तलब पाए । सिंगापुर प्रहरीमा त्यसरी नै पाँच सय प्रतिशत असमान कम तलब गोर्खाले पाउँथ्यो । बेलायतले असमान तलब दियो तर गोर्खालीको दुःखी तस्बिर विश्वव्यापी प्रचार गरेर दान थाप्यो । जसले गोर्खालीको इमानलाई दाउमा राखेर गोर्खा वेलफेयर ट्रस्ट स्थापना गऱ्यो ।

सन् २००७ सम्म पूर्ण रूपमा विभेद गरी असमान तलब र सेवा-सुविधा दिएको थियो । सैनिक ड्रेसबाहेक अन्य पहिरन लाउन गोर्खालाई प्रतिबन्ध थियो । बेलायतीले जे पनि लाउँथे, त्यसविरुद्ध पुरञ्जन राईले विद्रोहको नेतृत्व गरेका थिए । सन् १९९६ मा ब्रुनाईमा गोर्खा र बेलायती कमान्डरहरूको ज्यादतीविरुद्ध प्रगतिशील कल्याणकारी संघको स्थापना गरी ११ गोर्खा सैनिकले विद्रोह गरेका थिए । विविध संघर्षमार्फत कसरी समान तलब-सुविधा पेन्सन प्राप्त गर्न कोसिस भयो भन्नेबारे ‘पानी पतिया’ पुस्तकले बोल्छ । बेलायती गोर्खा सैनिक सम्बन्धमा धेरै खोज गरी तयार पारिएको यो पुस्तक एक खोजमूलक दस्ताबेज हो ।

> लाहुरेलाई घर फिर्दा गाईको गहुँत, गोबर, दुध, दही र घिउ पञ्चगव्यले दुई हप्तासम्म नुहाएर पानी पतिया गराइन्थ्यो । पण्डितलाई मोहोर चढाउनुपर्थ्यो ।

अधिकांश स्रोतले बेलायती राज्यको नेपाली गोर्खा सैनिकप्रति गर्ने असमान व्यवहारको खुलेर व्याख्या गरेको छ । संसारभरि नेपाली आदिवासीले बेलायतको पक्षमा ज्यान आहुती दिए । युद्धमा कति फर्केनन् । कतिले युद्धबन्दीको रूपमा जीवन जिउनुपऱ्यो । कति पत्नी र छोराछोरीले जिन्दगी पति र बुबालाई पर्खेर सिध्याए । संसारभरि प्रजातन्त्र र मानवता सिकाउने बेलायत आफ्नो देश र साम्राज्यवादका लागि ज्यान दिने गोर्खाली सेनाप्रति कति असंवेदनशील र अमानवीय व्यवहार गऱ्यो, त्यसका लागि सुरुमा नेपाल सरकारले ध्यान नदिएको र कालान्तरमा विद्रोहको स्वर उच्च भएपछि मात्र सुनुवाइ भयो भन्ने बेलीविस्तार पुस्तकले गरेको छ । तथ्यांक प्रस्तुत गर्दा दोहोरिने, शीर्षकमा अलमल हुनेबाहेक लेखकले भरमग्दुर प्रयास गरेको देखिन्छ । अझै गहिरो गरी नयाँ पुस्तकमा नयाँ तथ्य आउने आशासहित शुभकामना !



रवि मिश्र
@rabimishra

झ्याप्पै !



विद्रोह गर्दा अंक घट्ने रहेछ

मेरा सबै समकक्षी प्रधानमन्त्री हुनुभयो । मैले पनि जिम्मेवारी पाउँदा प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न सक्छु भनेको थिएँ । त्यही भनेर बिगारेछु ।



अनुभूति

● वामदेव गौतम

अहिले त केही पनि छैन । रित्तै भएको अनुभव हुन्छ । शक्तिमा नभएपछि कसैले कसैलाई वास्ता पनि नगर्ने रहेछ । पढ्ने, लेख्ने काम चलिरहेको छ । कम्युनिस्ट पार्टीमा संगठित हुन चाहेर पनि अलपत्र परेका युवाहरूलाई खोज्दै छु । संगठन कमजोर भएका पार्टीहरूलाई कसरी बलियो हुने भनेर सुझाव पनि दिने गरेको छु । अहिले जीवित भएका कम्युनिस्टहरूमध्ये मोहनविक्रम सिंह, चित्रबहादुर केसी र मोहन वैद्यपछि म सिनियर हुँ । त्यहीकारण म जसलाई पनि सुझाव दिन सक्छु ।

कम्युनिस्टहरूलाई एकजुट बनाउने प्रयास गरिरहेको छु । तर, ठोस आकार लिन सकिरहेको छैन । नेपालका कम्युनिस्ट पार्टीको नेतृत्वमा रहनुभएकाहरूसँग स्पष्ट दृष्टिकोण नै भएन । त्यहीकारण, नेकपा फुटेर चार टुक्रा भयो । एमाले र माओवादीलाई जुटाएर नेकपा बनाउनका लागि जति खटेको थिएँ, त्यसलाई टिकाउन चुकेँ भन्ने लाग्छ । पार्टीमा त्यतिवेला जे भइरहेको थियो, त्यसलाई अन्त्य नगर्दा विभाजनको अवस्थासम्म पुग्छ भन्ने निष्कर्ष निकाल्न ढिला भयो ।

म झुटो बोल्दिनँ । एकताबद्ध बनाउन सकेजति गरेकै हुँ । एमाले र माओवादीबिच एकता हुँदा दुईजना अध्यक्ष रहने, सरकार पनि आलापालो चलाउने, पार्टीको नेतृत्व पनि आलोपालो गर्ने सहमति भएको थियो । दुईजना अध्यक्ष बसेर सम्झौता गर्नुभयो । तर, कालान्तरमा प्रचण्डले दबिएजस्तो महसुस गर्नुभयो । कुनै पनि कुरामा उहाँले केपी ओलीको प्रतिवाद गर्न नसक्ने । यस्तो अवस्थाले एकता लामो समय नटिक्ला भन्ने लाग्यो । मैले र विष्णु पौडेलले सल्लाह गर्‍यौं । प्रचण्डलाई कार्यकारी अध्यक्ष बनाउँदा दुवैले बराबरी महसुस गर्नुहोला भन्ने भयो । विष्णुले गएर केपीलाई भन्नुभयो । केपीलाई चित्त बुझ्यो । उहाँ अध्यक्ष र प्रधानमन्त्री नै हुनुहुन्थ्यो । कार्यकारी अध्यक्ष प्रचण्डलाई दिने प्रस्ताव मान्नुभयो । यसपछि प्रचण्ड निकै खुसी हुनुभयो । भावनामा बगेर उहाँले पार्टी सञ्चालन गर्न पाएपछि मलाई केही चाहिँदैन, कार्यकारी भएर पार्टी सञ्चालन गर्न पाए यतै खुसी हुन्छु भन्नुभयो । केपीलाई पाँच वर्ष तपाईं नै सरकार चलाउनुस् भन्नुभयो । तर, पछि माओवादीबाट विरोध भएपछि उहाँले मलाई भेटेर 'गल्ती गरिएछ' भन्नुभयो । अन्य नेतालाई पनि त्यस्तै भन्नुभयो । तर, त्यही कुरा बैठकमा राख्नुभएन । सायद, बैठकमा राखिएको भए, आधा-आधा गरौं भनेको भए हुन्थ्यो होला । तर, उहाँको मनमा एउटा र बाहिर अर्को कुरा आयो । फ्याट्ट बोल्ने र भनिसकेपछि गल्ती गरिएछ भन्ने भयो । उहाँको यो स्वभाव धेरै ठाउँमा छ ।

प्रचण्ड, माधव नेपाल, झलनाथ खनालले मिलेर ओलीविरुद्ध अविश्वासको प्रस्ताव नै पेस गर्ने तयारी गर्नुभयो । त्यसमा म संलग्न छैन । यसपछि ओलीले संसद् विघटन गर्नुभयो । यसमा पनि मेरो रिजर्भेसन छ । ओलीले भन्नुभएको थियो,'पार्टी काँक्रो चिरा परेजस्तो परिरहेको छ । यस्तो वेलामा बिचमा बस्दा फालिनुहुन्छ । बिचमा बस्ने कोसिस नगर्नुस्, आउनुस् भन्नुभएको थियो । म आउँदिनँ भनेँ ।'

प्रचण्डतिर जाँदा ओलीलाई गाली गर्नुपर्ने, ओलीतिर जाँदा प्रचण्डलाई गाली गर्नुपर्ने । उहाँहरूले गाली मात्रै गर्नुभयो । म पनि गाली गर्नेमै पर्थें होला । उहाँहरूले पार्टी फुटाउनुभयो, तर पार्टी फुटाएको भन्न सक्नुहुन्न । म शिर ठाडो बनाएर हिँड्छु : मैले पार्टी फुटाएको होइन भन्न सक्छु ।

०५४ सालमा एमाले फुटाएको मान्न तयार छु । त्यतिवेला साधारण सदस्यसमेत नरहने गरी निस्कासन गरिएपछि हामीले पार्टी फुटाएका हौं । कोअर्डिनेसन केन्द्र, जसको जगमा एमाले बनेको थियो, त्यसका मुख्य नेताहरू सबैलाई निष्कासन गरिएको थियो । त्यसपछि हामीले पार्टी फुटाएका हौं । स्विकार्छु । मैले एमालेमा फर्कँदा आत्मालोचना पनि गरेको छु । तर, नेकपा फुटाउन मेरो कुनै पनि भूमिका छैन । जुटाउनका लागि जे गर्नुपर्ने थियो, त्यसमा ढिला भयो ।

एउटै निष्कर्ष निकाल्छु, ओलीजी र प्रचण्डजी दुवैको दृष्टिकोण त्रुटिपूर्ण छ । उहाँहरूले कुनै पनि विषयमा छलफल गरेर त्यसबाट आउने निष्कर्षको आधारमा केही पनि गर्नुभएन । आज बोल्नै नसक्ने, भोलि अंकमाल गरिहाल्ने त हुँदैन । त्यसमा आत्मालोचना पनि नगर्ने । हिजो हामी के भन्यौं र के गर्यौं, त्यसको समीक्षा हुनुपर्छ कि पर्दैन ?

गृहमन्त्री छँदा सम्भावित गृहयुद्ध रोकें

०५४ सालमा गृहमन्त्री छँदा साँखुमा पुलिस बस्ने ठाउँमा घुम्न गएको थिएँ । सुत्ने ठाउँ पनि राम्रो छैन । खाने ठाउँ पनि राम्रो छैन । पानी पर्दा चुहिन्छ, घर व्यवस्थित छैन । ओढ्ने कपडा पनि राम्रा छैनन् । म रोएर फर्किएँ । तत्कालै त्यहाँ राम्रो व्यवस्था गर्न लगायौं । मैले प्रहरीलाई अपमानित हुन दिइनँ । जथाभावी गर्न पनि दिइनँ । राष्ट्रसेवक कर्मचारीको शिर उचो रहनुपर्छ भन्ने थियो । म छँदासम्म उनीहरूको शिर उचो थियो । अहिले त्यस्तो देख्दिनँ, भित्रभित्रै बेथिति भयो होला ।

मेरो तुरुन्तै निर्णय गरिहाल्ने बानी छ । ०५४ सालमा गृहमन्त्री छँदा स्थानीय तहको चुनाव गराएर देखाएँ । जनताको साथ पाइयो । चुनाव सफल भयो ।

पहिलो संविधानसभापछि बनेको सरकारमा गृहमन्त्री भए पनि त्यो सरकार लामो समय टिकेन । संविधान बनाउनै नसकेर सभा विघटन भयो । दोस्रो संविधानसभापछि फेरि गृहमन्त्री भएँ । यतिवेला दुई वर्षभित्रै संविधान बनाउँछौं भनेर चुनाव जितेर आएका थियौं । तर, भारतले संविधान जारी नगर्नका लागि निरन्तर दबाब दिइरहेको थियो । म गृहमन्त्री नभएको भए देशमा ठूलो बर्बादी हुने थियो । पूर्वदेखि पश्चिमसम्म मधेशलाई अलग राज्यका रूपमा खडा गर्ने षड्यन्त्र बनेको थियो । तराईका सरकारी कार्यालयमा मधेश सरकार भनेर लेख्न थालिएको थियो । आत्मनिर्णयको अधिकारसहित मधेश राज्य बनाउने कुरा थियो । त्यो सफल भएको भए गृहयुद्ध हुन्थ्यो । टीकापुरमा ठुलो दुर्घटना भयो । टीकापुरको घटना हुँदा भारतको एक पत्रिकाले 'आज से नेपालमे गृहयुद्ध सुरु हो रहा है' भनेर लेखेको थियो । त्यसलाई मैले रोकें ।

> मैले नेकपाको टुटफुट मिलाउन सकिनँ । तर, त्यसपछि पनि एमालेमै बसिरहनुपर्ने रहेछ । राजीनामा गर्नु नहुने रहेछ । त्यहीँ बसिरहेको भए केही न केही भूमिका हुने थियो होला । त्यो महसुस भएपछि तीनपटक केपी ओलीसँग भेट भयो । 'मलाई जिम्मेवारी दिनुस्, नमर्दासम्म काम गर्छु,' भनेँ । तर, उहाँहरूले निर्णय गर्नुभएन । केही साथीले किन वामदेवलाई ल्याउने, उहाँको आवश्यकता नै छैन भनेर पनि भन्नुभएछ ।

गृहयुद्ध हुन दिइएन । देशलाई बर्बादीबाट जोगाइयो । त्यसक्रममा प्रहरीले अत्यन्तै संयमित रूपमा काम गरेको थियो । शान्तिपूर्ण ढंगले आउने र प्रदर्शन गर्ने भनेका ठाउँमा, प्रहरीकै हत्या भयो । त्यति हुँदा पनि संयमता अपनाइएको हो ।

संविधान जारी गर्न नदिनका लागि भइरहेका षड्यन्त्रबारे बुझेकाले संविधान जारी गरेर मात्रै देशलाई बर्बादीबाट जोगाउन सकिन्छ भन्ने थियो । कुनै समय, हाम्रै पार्टीका धेरै नेताहरू दुई वर्ष होइन, चार वर्षमा संविधान बनाउने भनेर बस्नुभएको थियो । सुशील कोइरालाविरुद्ध अविश्वास प्रस्ताव ल्याएर एमालेको नेतृत्वमा सरकार बनाउने र त्यही सरकारले संविधान जारी गर्ने भन्ने योजना पनि थियो । माओवादी अध्यक्ष प्रचण्ड पनि यसमा सहमत हुनुहुन्थ्यो । मैले मानिनँ । यसरी त कहिल्यै पनि संविधानसभाबाट संविधान नबनाउने योजनामा हामी फस्छौं भनेर पार्टीलाई सहमत गराएँ । केही कमरेडहरू तयार हुनुभएन । तर, पनि स्थायी कमिटीको बहुमतलाई कन्भिन्स गरेँ ।

राजनीतिमा कमजोरी

मेरो चरित्र अलि तुरुन्तै निर्णय गर्ने छ । म पुष्पलालको नेतृत्वमा संगठित भएर त्यहाँबाट राजनीति सुरु गरेको, ०३२ सालमा उहाँसँग विद्रोह गरेर मुक्ति मोर्चा बनाएर अघि बढियो । जेलभित्रै कोअर्डिनेसन केन्द्रको सदस्यता लिएँ । त्यसपछि विभिन्न पार्टीहरू मिलेर राजाको निरंकुशताविरुद्ध संघर्ष गरेर बहुदल ल्यायौं । यसलाई संस्थागत गर्दै थियौं । तर, ०५२ सालमा मदन भण्डारी र जीवराम आश्रितको हत्या देशको ठुलो दुर्भाग्य थियो ।

म दबिएर बस्ने मानिस होइन । मनमा आएका कुरा भन्छु । सिद्धान्तअनुसार चल्छु । मेरा सबै समकक्षी प्रधानमन्त्री हुनुभयो । पार्टी निर्माणमा मैलेजति भूमिका उहाँहरूले खेल्नुभएको छैन । मैलेजति प्रशिक्षण, पार्टी सदस्यता वितरण, मैलेजति आन्दोलन, उहाँहरूले गर्नुभएको छैन । मैले पनि जिम्मेवारी पाउँदा प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न सक्छु भनेको थिएँ । त्यही भनेर बिगारेछु । म त त्यस्तो पात्र भएँ, जसलाई घर बना भन्यो घर बनाउँछ, यो गर् भन्यो त्यही गर्छ । मेरो मूल्यांकन त्यसरी नै भएछ ।


मसँग आधारभूत तहको अनुभव छ । पढ्न नजानेकालाई पढ्न लगाएर, लेख्न सिकाएर, नाम लेख्न जानेपछि मात्रै पार्टी सदस्यता दिएको छु । तर, विद्रोह गर्दै जाँदा पार्टीमा नम्बर थोरैथोरै आउने रहेछ ।

मैले नेकपाको टुटफुट मिलाउन सकिनँ । तर, त्यसपछि पनि एमालेमै बसिरहनुपर्ने रहेछ । राजीनामा गर्नु नहुनेरहेछ । त्यहीँ बसिरहेको भए केही न केही भूमिका हुने थियो होला । त्यो महसुस भएपछि तीनपटक केपी ओलीसँग भेट भयो । 'मलाई जिम्मेवारी दिनुस्, नमर्दासम्म काम गर्छु,' भनेँ । तर, उहाँहरूले निर्णय गर्नुभएन । केही साथीहरूले किन वामदेवलाई ल्याउने, उहाँको आवश्यकता नै छैन भनेर पनि भन्नुभएछ । यति निकृष्ट अभिव्यक्ति दिनुभयो । एकीकृत समाजवादीमा मलाई ल्याउनुपर्छ भनेको सुन्छु । ७० वर्षको उमेरहद पनि उहाँहरूले हटाउनुभएको छ । तर, मैले अहिल्यै कुनै निर्णय गरिसकेको छैन ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

तपाईंसँग आशा छ ?

आशावादी व्यक्ति 'अगाडि झुक्छ र ध्यान दिएर सुन्छ' संसारमा नयाँ के भइरहेको छ भनेर पत्ता लगाउने प्रयास गर्छ ।



समाज



● जसुवा रोथम्यान

आशाले 'मानिसहरूलाई काम गर्न अभिप्रेरित गर्ने शक्तिको विकास गर्छ ।' तपाईं कर्तव्यविमुढतामा अलमलिनु भएको छ र कुन बाटो जाने भनेर थाहा छैन भने आशाले तपाईंको इन्द्रियलाई तिखारिदिन सक्छ, अलिपरसम्म देख्न सकिने ढिस्कामाथि उकालिदिन सक्छ ।' 'आशाको विषयवस्तु पनि हामी नै हौ,' हान लेख्छन् । हामीमा आफ्नै लागि चिजहरू खोज्ने प्रवृत्ति हुन्छ, तर हामी आशा भने अधिक समावेशी भविष्यको गर्छौं । उक्त सम्राट्को सन्देश जेसुकै होसु, तर यो हामी को हौं र हामी यसमा कहाँ फिट हुन्छौं भन्नेसँग बढी सम्बन्धित छ । वास्तवमा, हामी सबै यस्तो सन्देश प्राप्त गर्ने सपना देखिरहेका हुन्छौं ।

एक दार्शनिकको रूपमा हानमा आध्यात्मिक झुकाव हुन सक्छ । उनी आशा स्वभावतः पारलौकिक चिज भएको र यो परमेश्वरबाट आउने अवधारणाप्रति खुलेका देखिन्छन् । तर, उनको आशय पनि धार्मिक नै हो भन्ने पनि छैन । तात्पर्य यति मात्र हो कि यो संसारसँग अकथनीय क्षमता, असीम सम्भावना छन् र अहिले हामी आफूअगाडि जे देखिरहेका छौं ती सबै यहाँ पहिलेदेखि थिए भन्ने होइन । हावेलका अनुसार आशाले यो कुरा महसुस गराउन मद्दत गरेर हामीलाई जस्तोसुकै निराशाजनक परिस्थितिमा पनि बाँच्ने र निरन्तर नयाँ कुराहरू गर्ने बल दिन्छ ।

जब हान 'आशाको विषयवस्तु हामी नै हौं' भनेर लेख्छन्, उनको तात्पर्य हामी हाम्रो परिवारसँग, छरछिमेकी वा सहजात मानिसहरूसँग अक्सर अझ राम्रो र अझ सुमधुर जीवनको अपेक्षा गर्छौं भन्ने पनि हो । साथै, उनको आशय यो पनि हो कि अन्य मानिसहरू पनि हाम्रो आशाको स्रोत हुन सक्छन् । किनकि हामीले देख्न नसक्दा पनि उनीहरूले जीवनको त्यो बाटो देखेका हुन सक्छन् । आशा भनेको अर्को व्यक्ति हो भन्ने अवधारणलाई स्विकार्न कठिन लाग्न सक्छ । विशेष गरी, जब ती अन्य व्यक्तिहरू एकदमै 'पराय'का रूपमा देखिन्छन् अनि तपाईंलाई पनि उसरी नै चरम परायका रूपमा हेर्छन् ।

अमेरिकामा १६ करोडभन्दा बढी सूचीकृत मतदाता छन् र उनीहरू अहिले जसरी सोच्छन् तिनले भोलि सोच्ने तरिका पनि त्यही हुनेछ भन्ने कुनै कानुन पनि त छैन । राजनीतिज्ञहरूको हकमा पनि यही लागू हुन्छ । आशाको राजनीति गर्नु भनेको यो शब्दको उच्चारण गर्नु मात्र होइन । आशा एउटा अनुभूति मात्र पनि होइन, यो पुरानैमा टाँसिनुको सट्टा नयाँको ठोस खोजमा संलग्न विषय हो । यसर्थ, यो व्यावहारिक तवरमा मात्र होइन, भावनात्मकका साथै आध्यात्मिक तवरमा समेत जोखिमपूर्ण छ । आशावादी र निराशावादी दुवै अनिश्चिततालाई घटाउँदै भविष्यमा पुग्छन् । हान के लेख्छन् भने, हामी आशा राख्दा एउटा यस्तो सर्त राख्छौं जसलाई हामी सही साबित गर्न सक्दैनौं । आशाको लगानी गरेर 'त्यो भविष्यको साहुकार' बन्न पुग्छौं हामी । तर, यसले हामीलाई त्यो फर्काउला वा हामीलाई ठग्ला ?

*(रोथम्यान द न्युयोर्करका आइडिया इडिटर हुन् । द न्युयोर्करबाट **नारायण शिवाकोटी**को अनुवाद)*

> आशावादीले चारैतिर हेर्छ र सम्भावित त्राण वा प्रगतिका केही संकेत खोज्छ र सुखद मोड लिन्छ भन्ने निष्कर्षमा पुग्छ । तर, निख्लो उम्मिद/अपेक्षा एकदमै अनौठो हुन्छ र एक हिसाबले अतिशयोक्तिपूर्ण हुन्छ ।

एलेक्स तबारोक 'ट्रम्प प्रेसिडेन्सीको बेस्ट-केस सिनारियो (उत्तम परिदृश्य)'को रूपरेखा प्रस्तुत गर्छन् । तबारोक ट्रम्पले यी काम गर्ने भविष्यवाणी गरिरहेका छैनन्, अन्य चिजको सट्टामा यी काम गरे भने त्यो नै राम्रो हुनेछ मात्र भनिरहेका छन् । आशावादका तह छन्- आशावादी दृष्टिकोण राख्नु एउटा कुरा हो भने ती साकार हुन्छन् भनी विश्वासै गर्नु अर्को कुरा । 'विश्वासी आशावादी' हुनुको समस्या के हुन्छ भने तपाईं राम्रो र नराम्रोको हिसाब-किताबमा एकदमै चयनात्मक हुन सक्नुहुन्छ । यदि स्थिति विकराल छ भने आशावादितामा विश्वास गर्नु एकप्रकारको अस्वीकारोक्तिजस्तो हुन जान्छ ।

यो विन्दुमा अमेरिकी राजनीतिप्रति आशावादी दृष्टिकोण राख्नुको अर्थ के हुन्छ होला ? त्यो आशावादिता कुन कुरामा आधारित हुनेछ ? समग्र तस्बिर अँध्यारो रहेकोमा हामी सहमत रहँदै उज्याला पक्ष औंल्याउन सक्छौं । रिपब्लिकन पार्टी मखलेल छ, डेमोक्र्याटहरू मूलतः स्तब्ध छन् । सर्वोच्च अदालत सम्झौतापरस्त र भ्रष्ट छ; आधारभूत सुधारको छाँट छैन भने ट्रम्पले वृद्ध हुँदै गएका न्यायाधीशहरूलाई प्रतिस्थापन गर्ने कुरा असम्भव देखिन्छ । मिडियाप्रति व्यापक अविश्वास छ र हामी चाँडै 'अल्टरनेटिभ फ्याक्ट्स (भ्रामक तथ्य)'को संसारमा थप डुब्नेछौं । जनवरी-६ का विद्रोहीहरूले सम्भवतः क्षमा पाउनेछन् र तिनलाई हाम्रा सन्ततिले प्रशंसा गर्ने गरी देशभक्तको रूपमा स्थापित गरिनेछ । स्वतीव्रता हासिल गरिरहेका खराब राजनीतिक प्रवृत्तिलाई प्रविधिगत विकासले थप चर्काइरहेको छ भने सम्पूर्ण पृथ्वी जलवायु संकटतर्फ दौडिरहेको छ जसले सम्पूर्ण मानवतालाई खतरामा पार्नेछ ।

मलाई यकिन छ- तपाईंसँग यो सूचीमा थप्न तपाईंका आफ्नै कुरा छन् । राम्रा दिनमा, म थोरै आशावादी हुन सक्छु । खराब दिनमा म विपत्तिको पूर्वाभासको भावना महसुस गर्छु जसलाई म हटाउन सक्दिनँ । राजनीतिबाहेक पनि जीवनका अन्य थुप्रै पक्ष छन् भन्ने कुराबारे म सचेत छु । तर, म हाम्रो राजनीतिक भविष्यसँग सम्बन्धित त्यस्तो कुरा पाउन सकिरहेको छैन, जुन घोर निराशावादी वा साकार हुन असम्भव हिसाबले आशावादी नभएको होस् ।

'द स्पिरिट अफ होप' नामक नयाँ पुस्तकमा दार्शनिक बायुङ-हुल हान 'आशा र आशावादिता' बिच भेद कोर्छन् । 'आशामुखी सोच आशावादी सोच होइन,' हान जोड दिँदै लेख्छन् । आशावादले 'न आशंका जान्दछ, न हताशा नै । यसको सार केवल सकारात्मकता हुन्छ ।' आशावादीले चारैतिर हेर्छ र सम्भावित त्राण वा प्रगतिका केही संकेत खोज्छ र चिजले सुखद मोड लिनेछ भन्ने निष्कर्षमा पुग्छ । तर, निख्लो उम्मिद/अपेक्षा एकदमै अनौठो हुन्छ र एक हिसाबले अतिशयोक्तिपूर्ण हुन्छ । हान लेख्छन्, 'यो पूर्ण निराशाको नकारात्मकतामा उत्पन्न हुन्छ र असम्भव लाग्ने समयमा सान्दर्भिक हुन्छ ।' जब आशा गर्नका लागि कुनै कुरा बाँकी रहँदैन तब विरोधाभाषी रूपले प्रकट हुन्छ यो । यही मरूस्थलले अंकुरित हुने अवसर दिन्छ यसलाई ।

हान, जो दक्षिण कोरियामा जन्मिए, जर्मनीमा बस्छन् र 'द बर्नआउट सोसाइटी'जस्ता पुस्तकका कारण उपभोक्तावादी 'अनलाइन जीवन'को प्रखर आलोचकका रूपमा चिनिन्छन् । उनी हामी आशावादी हुन अभ्यस्त छैनौं भन्नेमा विश्वस्त छन् । 'हामी अक्सर उदासीमा होइन कि उपभोगको मुसे दौडमा बाँचिरहेका हुन्छौं । तसर्थ, हामी आशावादितामाथि भरोसा गर्दैनौं,' उनी लेख्छन्, 'उपभोक्तासँग कुनै आशा नै हुँदैन । उनीहरूसँग हुने भनेको चाहना वा आवश्यकता मात्र हुन् ।' हामी क्रिसमसको उपहारको चाहना राख्छौं अथवा ठुलो घरको वा नयाँ ल्यापटपको वा बाहिर डिनर जान चाहन्छौं । हामी 'आवश्यकता र तिनको सन्तुष्टि पूर्तिको गोलचक्करमा फस्छौं । हामी आशा गर्दा सहजै प्राप्त गर्न सकिने कुरा गर्दैनौं । हान तर्क गर्छन्- आशावादीहरूका लागि 'समयको प्रकृति नै बितेर जान्छ भन्ने हो... कुनै कुरा हुनु होइन ।' छक्क पर्नुपर्दा हामी आशामा भर पर्छौं । आशावादी हुनुपर्ने कुनै कुरा नदेखेपछि आशा गर्न थाल्छौं कि केही नयाँ कुरा आउनेछ भनेर, संसारलाई सुखद मार्गमा धकेल्ने शक्ति अवतरणको ।

चेक गणतन्त्रको राष्ट्रपति बन्नुअघि प्रजातान्त्रिक विचारधाराका कारण जेलनेल भेलेका साहसी लेखक, विद्रोही र राजनीतिक नेता भाक्लाभ हावेललाई हान उद्धृत गर्छन्, 'आशा गर्नु भविष्यवाणी गर्नु होइन । यो संसारको कुनै विशेष अवलोकन वा परिस्थितिको आकलनमा निर्भर हुन्छ भन्ने पनि छैन । यो त 'आत्माको अभिमुखीकरण' हो, जुन 'तत्काल अनुभव हुने जगत्लाई नाघेर पर पुग्छ र यसको क्षितिजभन्दा बाहिर कतै यसको अंकुश घुसिएको हुन्छ ।' आशामा दूरीको भावना समावेश हुन्छ अर्थात् यो साकार नभएका सम्भावनाको भावना हो, जससित तपाईं कुनै न कुनै रूपमा जोडिएको महसुस गर्नुहुन्छ । जेल 'विशेष रूपले निराशाजनक' स्थान हो भन्छन् हावेल । यस्तै, निराशाजनक वा आशाहीन स्थानमा छ नै हो आशाको अमूर्त, अज्ञात अनि पारलौकिक प्रकृति सबैभन्दा बढी दृष्टिगत हुने ।

जब तपाईं कतै हलचल गर्न नसक्ने अवस्थामा पुग्नुहुन्छ, तब केही कुरा कहीँ कतै गतिमान छ भन्ने भावना समाविष्ट गरेर आउँछ आशा । फ्रान्क काफ्काको एक दृष्टान्त पेस गर्छन् हान, 'कल्पना गर्नुस्, तपाईं साम्राज्यको केन्द्रबाट असीम दूरीमा अवस्थित कुनै प्रान्तीय गाउँमा बस्नुहुन्छ । तपाईंले कहिल्यै नभेटेको वा नदेखेको ईश्वरसमान तपाईंका सम्राट्ले कुनै अज्ञेय कारणवश तपाईंकै लागि भनेर मृत्युशय्याबाट एउटा विशेष र गोप्य सन्देश पठाएका छन्, सन्देश वाहकमार्फत । त्यो हुलाकी बलियो छ र सम्राट्लाई घेरेर बसेको भिड पन्छाउँदै ऊ आफ्नो बाटो समात्छ । उसले ती भिडहरू पार गऱ्यो नै भने पनि, अझै त्यस महलका भिडाभिड सिँढीहरू त्यसपछि भिडाम्मे दरबारहरू, त्यसपछि 'बाहिरी महलहरू', शाही राजधानीका हिलाम्मे सडकहरू र त्यहाँदेखि तपाईंसम्मको बाटो तय गर्नुपर्छ । संक्षेपमा भन्दा, खबरीले त्यो सन्देश तपाईंसम्म कहिल्यै पुऱ्याउनेछैन । तसर्थ, दिन ढलेपछि तपाईं आफ्नो झ्यालमा बस्नुहुन्छ र यसको सपना देख्न थाल्नुहुन्छ ।'

यसले आशालाई अलि निष्क्रिय, थोरै निस्याइलो देखाउन सक्छ । तर, हानलाई यो पूरै सही होइन भन्ने लाग्छ । उनी लेख्छन्, 'हामीले कमजोर, निष्क्रिय किसिमको आशा र दृढ अनि सक्रिय आशाबिचको भिन्नता छुट्याउनुपर्छ । आशाको दृढतापूर्ण संस्करण सिकार गर्नुजस्तै हुन्छ । अर्थात् आशावादी व्यक्ति 'अगाडि झुक्छ र ध्यान दिएर सुन्छ' संसारमा नयाँ के भइरहेको छ भनेर पत्ता लगाउने प्रयास गर्छ । ऊ त्यसको भेउ पाउन चाहन्छ । उत्साह र उत्प्रेरणामा जरा गढेको यसप्रकारको

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ८ मंसिर ०८१

संक्षेप

अर्बपति एलन मस्कसँग प्रधानमन्त्रीको संवाद

नेपालमा स्याटेलाइट इन्टरनेट नेटवर्क सञ्चालन गर्न मस्कको चासो



काठमाडौं/ प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार विश्वका धनाढ्य व्यक्तित्व एलन मस्कसँग भर्चुअल माध्यमबाट संवाद गरेका छन् । प्रधानमन्त्रीको फेसबुक पेजमार्फत यसको जानकारी सार्वजनिक भएको हो ।

फेसबुक पेजमा पोस्ट गर्दै प्रधानमन्त्री ओलीले भने, 'अहिले एलन मस्कसँग कुरा गरिरहेको छु ।' मस्कको कम्पनी स्पेसएक्सले नेपालमा स्टारलिंक स्याटेलाइट इन्टरनेट सर्भिस निर्माणमा काम गरिरहेको छ । गत वर्ष स्पेस एक्सले सरकारी स्वीकृति लिनका लागि नेपाली अधिकारीसमक्ष स्याटेलाइट नेटवर्कसम्बन्धी प्रस्तुति पनि गरेको चर्चा भएको थियो । यद्यपि, यसको आधारिक पुष्टि हुन सकेको छैन । नेपालमा स्पेसएक्सले स्याटेलाइट इन्टरनेट सञ्चालनको अनुमति लिन आवेदन दिए पनि विद्यमान कानुन बाधक रहेको बुझिएको छ ।

पुँजी बजार गैरआवासीय नेपालीलाई पनि खुला

काठमाडौं/ धितोपत्र बोर्डले गैरआवासीय नेपाली (एनआरएन)लाई पुँजी बजारमा प्रवेश गराउने नीतिगत बाटो खुला गरेको छ ।

बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका संशोधन गरेर सरकार र एनआरएनको संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीलाई सेयर निष्कासन गर्न दिने व्यवस्था गरिएको हो ।

निर्देशिकाअनुसार संयुक्त लगानीको यस्तो कम्पनीले जारी पुँजीको १० प्रतिशतभन्दा कम र ४९ प्रतिशतभन्दा बढी नहुने गरी गैरआवासीय नेपालीका लागि मात्र सेयर निष्कासन गर्न पाउनेछन् । गैरआवासीय कम्पनी साझेदार रहने यस्ता कम्पनीले प्रिमियम थप गरेर सेयर निष्कासन गर्न भने पाइनेछैन ।

विनियोजित बजेटसमेत खर्च नहुँदा निर्माण क्षेत्र सुस्त

काठमाडौं/ नीतिगत र संस्थागत सुधारविना पुँजीगत खर्च बढाउन कठिन रहेको एक अध्ययनले देखाएको छ । नेपाल उद्योग परिसंघ र नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले संयुक्त रूपमा गरेको अध्ययनमा विनियोजित बजेटमार्फत गरिएका सुधारका कार्यक्रमसमेत कार्यान्वयन नहुँदा बजेट खर्च हुन नसकेको देखिएको हो ।

विनियोजित बजेट खर्च नहुँदा पूर्वाधार निर्माण क्षेत्र प्रभावित भएको अध्ययनमा देखिएको छ । पूर्वतयारीविना योजना राख्दा काम हुन नसकेको, एउटा सरकारले ल्याएको बजेट अर्को सरकारले अपनत्व नलिएको, बजेटमै तोकिएका सुधारका कार्यक्रमहरू कार्यान्वयन नभएकोलगायतका कारण पूर्वाधार क्षेत्रमा विनियोजित बजेट कार्यान्वयन हुन नसकेको उल्लेख छ ।

खानेतेलको आयात-निर्यात बढ्दा वैदेशिक व्यापारमा सुधार

आयात ०.१७ प्रतिशत र निर्यात ४.१६ प्रतिशतले वृद्धि

■ ठुलो मात्रामा व्यावसायिक खेती नहुने सूर्यमुखी र भटमासको कच्चा तेल आयात गर्दै प्रशोधन गरी निर्यात गर्ने प्रचलनले निरन्तरता पाएसँगै समग्र वैदेशिक व्यापार पनि उचालिएको हो

पवन तिमिल्सिना/ नयाँ पत्रिका

खानेतेलको व्यापारमा वृद्धि हुँदा चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो चार महिनाको समग्र वैदेशिक व्यापारमा सामान्य सुधार आएको छ । मुलुकको आयात-निर्यात दुवैमा वृद्धि भएको भन्सार विभागद्वारा शुक्रबार जारी तथ्यांकमा उल्लेख छ । यसो हुनुमा खानेतेलको व्यापारले महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

चार महिनामा नौ अर्ब ६० करोड रुपैयाँको कच्चा सूर्यमुखी तेलको आयात भएको छ । गत आवको यो अवधिमा पाँच अर्ब ४३ करोडको कच्चा सूर्यमुखी तेल आयात भएको थियो । अर्थात्, पोहोरको तुलनामा चार अर्ब १६ करोडभन्दा बढीले कच्चा सूर्यमुखी तेल आयात भएको छ ।

त्यस्तै, गत आवको तुलनामा एक अर्ब ४४ करोडभन्दा बढीले कच्चा भटमासको तेल आयात भएको छ । यो अवधिमा सात अर्ब २१ करोडको कच्चा भटमासको तेल आयात भएको हो ।

निर्याततर्फ पनि सूर्यमुखी र भटमासको तेलमा उल्लेख्य वृद्धि भएको देखिन्छ । चार महिनामा एक अर्ब ५० करोडको सूर्यमुखी तेल निर्यात भएको छ भने तीन अर्ब ४१ करोडको भटमासको तेल निर्यात भएको छ । गत आवको चार महिनाको तुलनामा सूर्यमुखी तेल एक अर्ब ३९ करोड र भटमासको तेल तीन अर्ब २६ करोड बढीले निर्यात भएको हो ।

नेपालमा ठुलो मात्रामा व्यावसायिक खेती नहुने सूर्यमुखी र भटमासको कच्चा तेल आयात गर्दै प्रशोधन गरी निर्यात गर्ने प्रचलनले निरन्तरता पाएसँगै यसले समग्र वैदेशिक व्यापारलाई पनि उचालेको हो । करिब एक महिनाअघि भारतले आयातीत प्रशोधित खानेतेलको महसुल ३२.५ प्रतिशतबाट घटाएर १७.५ प्रतिशत पुऱ्याएको थियो । यसको लाभ उठाउन अहिले उद्योगीहरूले धमाधम तेलको निर्यात बढाउन थालेका हुन् ।

चार महिनाको अवधिमा पाँच खर्ब १३ अर्ब ३८ करोड रुपैयाँको वस्तु आयात भएको भन्सार विभागले जनाएको छ ।



कात्तिकसम्मको वैदेशिक व्यापार

आयात	५ खर्ब १३ अर्ब
निर्यात	५२ अर्ब ६७ करोड
व्यापार घाटा	४ खर्ब ६० अर्ब
कुल व्यापार	५ खर्ब ६६ अर्ब
आयात-निर्यात अनुपात	९.७५ गुणा
आयातको हिस्सा	९०.७०%
निर्यातको हिस्सा	९.३०%

कात्तिकको आयात र निर्यातमा सामान्य वृद्धि

भदौमा सुधार देखिए पनि गत असोजमा वस्तु आयात खस्किएको थियो । तर, कात्तिकमा आयात बढेको देखिन्छ । ०८० को कात्तिकमा एक खर्ब चार अर्बको वस्तु आयात भएकोमा ०८१ को कात्तिकमा एक खर्ब २२ अर्बको वस्तु आयात भएको छ ।

त्यस्तै, चालू आर्थिक वर्षका सुरुका महिनाहरूमा निरन्तर खस्किएको निर्यात कात्तिकमा बढेको हो । ०८१ को कात्तिक महिनामा १४ अर्ब २९ करोडको निर्यात भएको छ । ०८० को कात्तिकमा नौ अर्ब ६९ करोडको निर्यात भएको थियो ।

■ धेरै आयात हुनेमा पेट्रोलियम पदार्थ र निर्यातमा गलैँचा अगाडि



चालू आवको चार महिनामा बढी आयात हुने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलामजन्य उत्पादन, स्मार्टफोन, हट रोल्ड आइरन, औषधिहरू, कच्चा सूर्यमुखी तेल, युरिया, कच्चा भटमासको तेल, १०० किलोवाटसम्मका विद्युतीय गाडी, कोइला र रासायनिक मल परेका छन् । यद्यपि, सबैभन्दा बढी आयात भएको पेट्रोलियम पदार्थ मूल्यमा नौ अर्ब ४६ करोड रुपैयाँले घटेको छ । समीक्षा अवधिमा ७६ अर्ब एक करोडको पेट्रोलियम पदार्थ आयात भएको छ । गत आवको सोही अवधिमा ८५ अर्ब ४८ करोडको आयात भएको थियो । त्यस्तै, कोइलाको पनि आयात ५८ करोड ८८ लाख रुपैयाँले घटेको छ । रासायनिक मलको आयात चार अर्ब ७९ करोडले घटेको छ । १५ अर्ब ९६ करोडको फलामजन्य उत्पादन, १३ अर्ब ४० करोडको स्मार्टफोन, १२ अर्ब ८८ करोडको हट रोल्ड आइरन, नौ अर्ब ९७ करोडको औषधि, नौ अर्ब ५९ करोडको युरिया र पाँच अर्ब ४२ करोडको १०० किलोवाटसम्मका विद्युतीय गाडी आयात भएको छ ।

बढी निर्यात हुने वस्तुहरूमा गलैँचा, भटमासको तेल, धागो, प्लाई, कालो चिया, अलैँची, फेल्ट, रोल्ड आइरन, जुटको फेब्रिक, जुस र सूर्यमुखी तेल छन् । बढी निर्यात भएका गलैँचा, अलैँची र जुसको निर्यात गत आवको सोही अवधिको तुलनामा घटेको देखिन्छ । गलैँचाको निर्यात १० करोड ४१ लाखले घटेर तीन अर्ब ६० करोडमा सीमित छ । अलैँचीको निर्यात २५ करोड ४९ लाखले घटेर एक अर्ब ९० करोडमा खुम्चिएको छ भने जुसको निर्यात ४३ करोड २० लाखले घटेर एक अर्ब ५५ करोडमा सीमित छ । धागोको तीन अर्ब एक करोडको निर्यात भएको छ भने प्लाईको दुई अर्ब ६२ करोडको निर्यात भएको छ । दुई अर्ब २१ करोडको कालो चिया, एक अर्ब ८६ करोडको फेल्ट, एक अर्ब ७२ करोडको रोल्ड आइरन र एक अर्ब ६८ करोडको जुटको फेब्रिक आयात भएको छ ।

'कफी खेतीमा युवालाई आकर्षित गर्नुपर्छ'



काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले कफी खेतीमा युवालाई आकर्षण गर्ने गरी नयाँ योजना, अनुदान र प्रोत्साहनका कार्यक्रम ल्याउन राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई निर्देशन दिएका छन् । २०औँ राष्ट्रिय कफी दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कफी खेतीमा युवा वर्गलाई आकर्षित गर्न नीतिगत सुधारका लागि गृहकार्य थाल्न पनि बोर्डलाई निर्देशन दिए ।

सोल्टीलाई टाइगर प्यालेस व्यवस्थापनको जिम्मेवारी

नयाँ पत्रिका

भैरहवामा सञ्चालित पाँचतारे लक्जरी रिसोर्ट 'टाइगर प्यालेस'को व्यवस्थापनमा सोल्टी होटेल भित्रिएको छ । शुक्रबार सोल्टी होटेल्स एन्ड रिसोर्ट र हिमालयन टाइगर इन्भेस्टमेन्टबिच होटेल व्यवस्थापन सम्झौता भएको हो ।

विदेशमा रहेका नेपालीको कम्पनी हिमालयन टाइगर इन भेस्टमेन्टले १५ महिनाअघि टाइगर प्यालेस खरिद गरेको थियो । नेपालको हस्पिटालिटी क्षेत्रमा प्रख्याति कमाएको सोल्टीलाई व्यवस्थापन सुम्पिएको कम्पनीका अध्यक्ष बुद्धि सुवेदीले बताए । शुक्रबारदेखि नै सोल्टीले टाइगर प्यालेसको व्यवस्थापन सम्हालेको उनको भनाइ छ ।



अब मोफसलकै सबैभन्दा ठुलो रिसोर्ट 'टाइगर प्यालेस बाई सोल्टी'मा रिब्रान्डिङ भएको छ । सोल्टीको व्यवस्थापनमा टाइगर प्यालेस देशकै आइकोनिक प्रपर्टी (रिसोर्ट) बन्ने सोल्टी होटेलका उपाध्यक्ष सुदर्शन चापागाईंले बताए । 'टाइगर प्यालेस पोटेन्सियल प्रपर्टी हो, राम्रो व्यवस्थापन भएमा आइकोनिक प्रपर्टी बन्छ,' उनले भने, 'सोल्टी र टाइगर प्यालेसबिच कोलाब्रेसन भएको छ, हामीले टाइगर प्यालेसलाई नेक्स्ट लेबलमा पुऱ्याउने अठोट गरेका छौं ।'

रिसोर्टमा सेवा-सुविधा विस्तार गर्दै अन्तर्राष्ट्रिय तहमा मार्केटिङ गरेर इन्टरनेसनल प्रोपर्टी बनाउने उनको भनाइ छ । शुक्रबार सम्झौतामा हस्ताक्षर भएसँगै सोल्टीलाई व्यवस्थापन हस्तान्तरण भइसकेको सुवेदीले बताए ।

क्रेडिट रेटिङको नतिजाले वैदेशिक ऋण सस्तो पाइने



> लगानीका लागि नेपाल अनुकूल छ भन्ने विश्वव्यापी सन्देश जाने विश्वास छ । म संसारभरका लगानीकर्तालाई नेपालमा लगानी प्रतिफल प्राप्त गर्न सक्ने देश हो भन्ने सन्देश दिन चाहन्छु । अझ राम्रो गर्नका लागि फिचले दिएका सुझावमा पनि सरकारको ध्यानाकर्षण भएको छ ।
>
> ● **विष्णुप्रसाद पौडेल**
> अर्थमन्त्री

नयाँ पत्रिका

बिहीबार फिच रेटिङ्सले सार्वजनिक गरेको नेपालको सोभरेन क्रेडिट रेटिङको नतिजाले विदेशी ऋणको ब्याजदर सस्तो पर्ने अवसर सिर्जना भएको अर्थ मन्त्रालयले जनाएको छ । शुक्रबार पत्रकार सम्मेलनमार्फत अर्थ मन्त्रालयका वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख नारायण रिसालले यस्तो बताएका हुन् । फिचले नेपालको क्रेडिट रेटिङ स्कोर बिबी माइनस देखाएको छ ।

'क्रेडिट रेटिङको नतिजाले नेपालको साख क्षमता उच्च रहेको, वित्तीय तथा आर्थिक क्षमता सबल रहेको र अन्तर्राष्ट्रिय बजारबाट ऋण लिनुपर्दा न्यून ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरेको छ' उनले भने ।

फिचको सल्लाहकार रहेको स्ट्यान्डर्ड चार्टर्ड बैंकका डेपुटी प्रमुख कार्यकारी अधिकृत गोरख राणाले विदेशी ऋणको लागतका रूपमा रहेको रिस्क प्रिमियम १.५ प्रतिशतमा सीमित हुन सक्ने अवस्था आएको बताए । उनले भने, 'हाल ४ देखि ४.५ प्रतिशतसम्म रहेको ऋणको लागत १.५ प्रतिशतमा प्राप्त गर्न सकिने देखिएको छ ।'

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले यो ऐतिहासिक उपलब्धि भएको बताए । उनले भने, 'नेपालमा लगानी गर्न सुरक्षित छ भन्ने स्थापित गर्न सक्षम भएका छौं । भारतपछाडिको दोस्रो स्थानमा पुगेका छौं ।'

नेपालले प्राप्त गरेको रेटिङले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्त परिचालन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था लगानीमैत्री र उन्नत रहेको संकेत गरेको मन्त्रालयले जनाएको छ । यसले निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न र वैदेशिक लगानी आकर्षित गर्नसमेत सहयोग पुग्ने भट्टराईको भनाइ छ ।

क्रेडिट रेटिङको नतिजालाई दक्षिण एसियाली मुलुकहरूको रेटिङ नतिजासँग तुलना गर्दा नेपालले प्राप्त गरेको रेटिङ सन्तोषजनक रहेको मन्त्रालयको भनाइ छ । नेपाल सन् २०२६ मा अल्पविकसित राष्ट्रबाट स्तरोन्नति भई नवीनतम एवं वैकल्पिक वित्तका स्रोत परिचालन गर्नुपर्ने अवस्थाको पूर्वतयारीका रूपमा समेत सार्वभौम क्रेडिट रेटिङलाई लिन सकिने उल्लेख छ ।

नेपालको सार्वभौम क्रेडिट रेटिङमा हाल प्राप्त गरेको नतिजाले नेपाल लगानीका लागि सहज वातावरण भएको स्थापित गरेकाले विदेशी लगानीकर्ताको विश्वास अभिवृद्धि हुन गई भावी दिनमा नेपालको पूर्वाधार, पर्यटन, कृषि, सेवालगायतका क्षेत्रका ठुला आयोजनाहरूमा लगानी अभिवृद्धि हुने अपेक्षा मन्त्रालयको छ ।

नेपालको क्रेडिट रेटिङमा सल्लाहकारसम्बन्धी काम स्ट्यान्डर्ड चार्टर्ड बैंक र वित्तीय स्रोतको व्यवस्था र क्षमता विकासमा बेलायत सरकारको फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिसले सहयोग गरेको थियो ।

सडक पूर्वाधार विकास कार्यालय, दाङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/०८/०८)

यस कार्यालयको सूचना नं. 02/081/082 अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुंदा निम्न निर्माण व्यवसायीको निम्न बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	आयोजनाहरुको नाम	निर्माण व्यवसायीको नाम	न्यूनतम मुल्याङ्कित कबोल अङ्क (मु.अ.कर सहित)
RIDO/DANG/ NCB/W/ 24/081/082	Construction of Four Roads: 1. Tulsipur-11 Ma Double Nali sahitko Janpragatishil Tole Kotiya Jane Bato Nirman 400m 2. Bijauri Dekhi Kutichaur Sadak Doghare Tole Dekhi Paschim Tarfa Ko Karib 300m Bhitri Sadak, Tulsipur 3. Motipur Dekhi Milanchowk Pugne Sadak Upgrading Tulsipur-7 4. Rajhena Hattitauka Hudai Bypass Jodne Sadak Upgrading Tulsipur-11	B.k Constructio 0n, Dang	5,520,430.45
RIDO/DANG/ NCB/W/ 25/081/082	Construction of Five Roads: 1. Janpragati Tole Kotiya Jane Sadak Upgrading Tulsipur-19 2. Tulsipur-17 Majgai Ganeshpur Bagale Khumkot Chachala Hudai Rolpa ko Holeri Samma Sadak 3. Tulsipur Tarigaon Tarigai Rajhena Rajheni Haripaura Haripauri Hudai Kachila Samma ko Sadak 4. Pukar Pasal Dekhi Gwarkhola Hudai Dhamkapur Jodne Sadak 5. Balapur Bhamake Healthpost Sadak	P and R Construction, Dang	7,027,186.59
RIDO/DANG/ NCB/W/ 26/081/082	Construction of Two Roads: 1. Hemantpur Nimuwa Bankatta Paharuwa Hudai Kothari Jodne Sadak 2. Beljhundi Jamera Road Upgrading	P and R Construction, Dang	3,663,721.16
RIDO/DANG/ NCB/W/ 27/081/082	Construction of Three Roads: 1. Ghorahi Tulsipur Road Dragon farm Dekhi Dakchin jane sadak nala sahit 2. Parseni Kumalgaun pachim dakchin naya basti bato upgrading 3. Patrekhola Dekhi uter naya basti basgajeri bhitri sagram chajala Sadak	Evergreens Construction, Dang	4,131,232.91
RIDO/DANG/ NCB/W/ 28/081/082	Construction of Two Roads: 1. Tulsipur-11 Ma Double Nali sahitko Janpragatishil Tole Kotiya Jane Bato Nirman 400m 2. Bijauri Dekhi Kutichaur Sadak Doghare Tole Dekhi Paschim Tarfa Ko Karib 300m Bhitri Sadak, Tulsipur 3. Motipur Dekhi Milanchowk Pugne Sadak Upgrading Tulsipur-7 4. Rajhena Hattitauka Hudai Bypass Jodne Sadak Upgrading Tulsipur-11	Madhyapaschim Construction Pvt. Ltd, Dang	2,520,548.91
RIDO/DANG/ NCB/W/ 29/081/082	Construction of Four Roads: 1. Wada Karyalaya Mandir Dekhi Rati Pokhari Jodne Bato Upgrading Shantinagar-2 2. Shantinagar-2 Ranipipal Chautari Dekhi Chisapani Jodne Sadak 3. Shantinagar Tole Babai-4 Nali Nirman Babai Ga Pa-4 4. Surkhet Road Dekhi Uttar Baisa Chowk Pahadi Gaon Hudai Hattikhal Janshakti Pra Bi Bato Upgrading Shantinagar Ga Pa-5	Shree Krishna_ Nirman Sewa, Dang	4,458,980.08
RIDO/DANG/ NCB/W/ 30/081/082	Construction of Four Roads: 1. Dangisharan Ga Pa-7 Janata Ma Bi Butaniya Dekhi Dapri Hudai Budadabar Jodne Sadak 2. Balapur Hudai Kuirepani Jane Sadak Upgrading Tulsipur-2 3. Baibang Tharugaon Paschim Galli Dangisharan-4 4. Hekuli Chowk Dekhi Pahaluwa Hudai Ekale Pipal Samma Road Upgrading Tulsipur-2	Shree Krishna_ Nirman Sewa, Dang	3,596,225.54
RIDO/DANG/ NCB/W/ 32/081/082	Construction of Two Roads: 1. Tikkari Road Sambridhhi Chowk Dekhi Surkhet Road Jodne Sadak Tulsipur-8 2. Bijauri Hadimme Kuirepani Chhillikot Jodne Sadak Nirman	Ritu and Nitu Nirman Sewa, Dang	1,804,438.49
RIDO/DANG/ NCB/W/ 33/081/082	Construction of Two Roads: 1. Gairagaon Samudayik Bhawan Dekhi Uttar Jane Sadak Upgrading Ghorahi-17 2. Ghorahi-5 Kabar Chowk Dekhi Deva Cottage Samma Kalopatre Ghorahi-5	Alikchhya Nirman sewa, Dang	2,942,555.81
RIDO/DANG/ NCB/W/ 34/081/082	Construction Of Two Road 1. Bagarbaba Jalasaye Dekhi Dera Hudai Jurpani Jodne Sadak 2. Rihar Dekhi Dera Hudai Jurpani Sadak	Binayak Nirman Sewa,Dang	4,500,651.03
RIDO/DANG/ NCB/W/ 35/081/082	Construction Of Damodarmarg Kuirepani Sarra Sadak	Satyam Construction, Dang	4,059,674.98
RIDO/DANG/ NCB/W/ 36/081/082	Construction Of Naya Basti Sadak Rapti -3	Suresh KC Nirman Sewa, Dang	3,112,075.31
RIDO/DANG/ NCB/W/ 37/081/082	Upgrading of two Road 1.Kasiyapur Dekhi Deupur Samma Road 2. Lamahi Deupur Sadak dekhi 6 no ward Office Jaane Sadak	Binayak Nirman Sewa, Dang	2,528,654.86
RIDO/DANG/ NCB/W/ 38/081/082	Sunpur Chowk Devisthan Dekhi Pathraiya Jhumketari Guruwahari Syalapani Samma	Jamuna Nirman Sewa, Dang	6,170,425.68

कार्यालय प्रमुख

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ८ मंसिर ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

सागको पाँच हजार मिटर दौडमा ऐतिहासिक स्वर्ण दिलाएका गोपी

सन् २०१९ मा १३औँ दक्षिण एसियाली खेलकुद (साग) नेपालमा भएको थियो । एथ्लेटिक्सको पाँच हजार मिटर दौडमा भारत र श्रीलंकाली खेलाडीको दबदबा थियो । यी दुई राष्ट्रका खेलाडीको एकाधिकार चिर्दै नेपालका धावक **गोपीचन्द्र पार्की**ले पाँच हजार मिटरमा राष्ट्रलाई ऐतिहासिक स्वर्ण दिलाउन सफल भए । यद्यपि, सन् २००६ को कोलम्बो सागमा राजेन्द्र भण्डारीले स्वर्ण नजितेका होइनन् । तर, डोपिङमा मुछिएपछि उनका दुवै स्वर्ण खोसिए । पार्कीले सानैदेखि भण्डारीले गुमाएको स्वर्ण जित्ने संकल्प गरेका थिए । घरमै आयोजना भएको सागमा उनले आफ्नो प्रतिज्ञासँगै स्वर्ण हात पारे । धनगढीमा जन्मिएका पार्कीको अर्को सपना ओलम्पिक खेल्नु थियो । तर, टोकियो ओलम्पिकमा नेपाल ओलम्पिक कमिटीले उनको स्थानमा अर्कै खेलाडीलाई प्रतिस्पर्धा गर्न पठायो । उनको ओलम्पिक खेल्ने सपना अझै जीवितै छ । पार्कीले १३औँ सागमा पदक जित्दाको क्षण र ओलम्पिकको सपना पूरा नभएको क्षणलाई नयाँ पत्रिकाका **रमेश सुवेदी**लाई सुनाएका छन् :



> दौड सकिन एक सय १० मिटर बाँकी रहँदा भएभरको बल लगाएर कुर्दै । अन्तिम ल्यापमा भारतीय र हरि दाइलाई एक वा दुई मिटरले पछि पार्दै राष्ट्रलाई स्वर्ण दिलाएँ । अनि सागमा मेरो स्वर्ण जित्ने र राजेन्द्र दाइले यसै विधामा गुमाएको स्वर्ण फर्काउने सपना पूरा भयो ।

आठ कक्षामा पढ्दा राजेन्द्र भण्डारी दाइले सन् २००६ मा कोलम्बो सागमा जित्नुभएको स्वर्ण खोसिएको थाहा पाएको थिएँ । उहाँको त्यो पदक कसरी खोसिएको थियो भन्ने जिज्ञासा थियो । त्यही समयमा एउटा संकल्प गरेको थिएँ, जसरी पनि राजेन्द्र दाइले गुमाएको पदक मैले राष्ट्रलाई दिलाउनुपर्छ । बुबा र आमाका आठ सन्तानमध्ये मैले एथ्लेटिक्स रोजेको हुँ । स्कुल लेभलमै मैले राष्ट्रपति रनिङ सिल्डमा दुई सय मिटरमा राम्रो दौडिएपछि काठमाडौं आउने अवसर मिल्यो । ०६३ ताका दुई महिनाका लागि म काठमाडौं आएँ ।

यहाँ एथ्लेटिक्स विधामा स्पाइक भन्ने के हो ? थाहा थिएन । काठमाडौंमा भएको प्रतियोगितामा म आठजना सहभागीमा आठौं स्थानमा सीमित भएँ । मलाई विभागीय टोलीबाट खेल्ने इच्छा जाग्यो । धनगढीको बनबेडामा एपिएफको गण थियो । ०६६ सालमा म एपिएफको जागिरे भएँ । वास्तवमा म एपिएफमा खेलाडीका रूपमा छिरेको थिएँ । तर, सरहरूले मलाई बन्दुक बोकाएर ड्युटीमा खटाए । यसबिच मैले वैद्यनाथ बाहिनीमा १२ महिनाको तालिम लिएँ । र, मेरो दरबन्दी खत्तड भयो ।

मैले पहाडमा पनि खुबै दौडिएँ । तर, मलाई प्रशिक्षण र ड्युटी पटक्कै मन परेको थिएन । एपिएफमा खेल्न आएको व्यक्ति बन्दुके हुन थालिसकेको थिएँ । विशेष तालिममा पहिलो हुँदा काठमाडौं जान पाइन्ह भन्ने थाहा पाएँ । तर, काठमाडौंमा आउँदा क्लबमा बस्न नपाइने रहेछ । साथीहरूले क्लबमा जान दबाब दिएका थिए । मेरो भाग्य नै भन्नुपर्छ, माधव रेग्मी सर क्लबमा आउनुभयो । जीवेश पाण्डे सरसँग म काठमाडौंमा आए र ०७९ देखि एपिएफको क्लबबाटै जोडिए । सोही वर्ष राष्ट्रिय टिममा पर्ने ।

२०७० देखि राष्ट्रिय टोलीमा

०७० सालदेखि निरन्तर राष्ट्रिय टोलीमा छु । कहिलेकाहीं स्वास्थ्यका कारण टिमबाहिर भएको छु । ०७७ सालमा भएको आठौं राष्ट्रिय खेलकुदमा राम्रो प्रदर्शन गर्दै एपिएफलाई पदक दिलाएँ । मेरो विशेषता १० किमि र पाँच किमि दौड हो । यही दुई विधामा मैले राम्रो तयारी गरेको थिएँ । आठौं राष्ट्रिय खेलमा मभन्दा अनिश थापा मगर र दुर्गा बुढा असाध्यै राम्रा थिए । दौडको चार ल्यापपछि थाहा पाएँ, मैले स्वर्ण जित्न सक्दिनँ । यद्यपि, म तेस्रो भएँ । अहिले पाँच हजार मिटरमा मलाई उछिन्न कोही आएको छैन भन्दा फरक नहोला ।

आठौं राष्ट्रिय खेलकुदपछि राष्ट्रिय टोलीको क्याम्पमा राखियो । क्याम्पमा हरि रिमाल, गजेन्द्र राई र दीपक अधिकारी थिए । हामी सबैले १० र पाँच किलोमिटरमा प्रतिस्पर्धा गरेका थियौं । एकै विधामा धेरै खेलाडी हुँदा कुनै एक विधा छान्नुपर्छ । सबैको सल्लाहअनुसार मैले १३औं सागमा पाँच हजार मिटरमा प्रतिस्पर्धा गर्ने निर्णय लिएँ ।

प्रशिक्षणमै स्वर्ण जित्ने आत्मविश्वास

सन् २०१९ मा काठमाडौंमा भएको १३औं सागको प्रशिक्षणमा रहँदा मैले संघका तत्कालीन महासचिव सुनील राजवंशीलाई पाँच हजारमा स्वर्ण पदक राष्ट्रलाई दिलाउन सक्छु भनेको थिएँ । यो विधामा मलाई कुनै समस्या थिएन । मेरो अर्को लक्ष्य ओलम्पिक खेल्ने थियो । यसका लागि सागमा स्वर्ण जितुपर्छ भन्ने थियो । यसै कारण घरमै आयोजना भएको सागमा स्वर्ण जित्नेप्रति म ढुक्क थिएँ । वास्तवमा त्यसबेला ओलम्पिक खेल्नका लागि स्वर्णमा दाबेदारी दिएको थिएँ । फेरि एक खेलाडीले आफूलाई समर्थक र राष्ट्रलाई चिनाउने उत्तम माध्यम स्वर्ण थियो ।

रजत वा कांस्य जित्दा केही समयका लागि नाम रहन्छ । तर, स्वर्ण जित्ने खेलाडीको नाम भने सधैं लिने गरिन्छ । यसै कारण मेरो दृढ संकल्प नै १३औं सागमा स्वर्ण थियो । योबाहेक मैले अरू विकल्प नै गरिनँ । प्रशिक्षणमा रहँदा एउटा रोचक पक्ष छ । हाम्रा मुख्य गुरु चन्द्रबहादुर गुरुङलाई भने मैले सागमा स्वर्ण जित्छु भन्ने पटक्कै विश्वास थिएन । उहाँलाई मैले अक्सर भन्थें, 'गुरु मेरोतर्फबाट स्वर्णबाहेक अरू आउँदैन ।' यसो भन्दा गुरु मुसुक्क हाँस्नुहुन्थ्यो । मैले आफूमाथि विश्वास राख्नुपर्छ । अरूले विश्वास गर्दैनन् । सागको प्रशिक्षणमा फुटबल, क्रिकेट र भलिबल खेलले जस्तो सुविधा पाएनौं । यद्यपि, एथ्लेटिक्सको प्रशिक्षण उनीहरूको भन्दा नराम्रो भने थिएन । सुन्धारामा बसेर ६ महिनाभन्दा बढी प्रशिक्षण गर्ने अवसर मिल्यो । प्रतियोगिताका क्रममा हामी एथ्लेटिक्स टोलीलाई ठमेलको होटेलमा राखियो ।

सन्तोषीको प्रदर्शनले हौसिएँ

दशरथ रंगशालामा साग सुरु भयो । एथ्लेटिक्स खेल पछि नै थियो । यस क्रममा म हरेक खेलाडीको खेल हेर्न पुग्थें । एथ्लेटिक्समा टंक कार्कीले पहिलो प्रतिस्पर्धामै कांस्य जितेपछि हामी सबै हौसियौं । तर, मेरो लक्ष्य पहिलो स्थान नै थियो । अर्को दिन सन्तोषी श्रेष्ठको खेल थियो । उसले स्वर्ण नै पदक जित्यो । नेपालको एथ्लेटिक्स विधामा एक महिला नेपाली खेलाडीले स्वर्ण जितेको पहिलो अवसर थियो । यसले पनि हामी झनै आत्मविश्वासी भयौं । सन्तोषीपछि मलाई पुरुषतर्फ स्वर्ण पदक जित्ने अवसर जुरेको थियो । पाँच हजार मिटरमा म र हरि रिमालले भाग लियौं । हामीलाई दक्षिण एसियामा पछि पार्ने अरू खेलाडी छैनन् । सधैं हामी दुईबिच अन्तिम ल्यापसम्म सँगै हुन्थ्यौं ।

> रजत वा कांस्य जित्दा केही समयका लागि नाम रहन्छ । तर, स्वर्ण जित्ने खेलाडीको नाम भने सधैं लिने गरिन्छ । मेरो दृढ संकल्प नै १३औं सागमा स्वर्ण थियो । योबाहेक मसँग अरू विकल्प नै थिएन ।

सागको पाँच हजार मिटर दौडको फाइनलमा म, हरि, भारत, श्रीलंका र भुटानका खेलाडी स्वर्णका लागि दाबेदारीमा उभिएका थिए । वास्तवमा खेलमा दबाब थियो । मुख्य स्पर्धाको राति सुत्ने वेला धेरै सोच आएको थियो । जिन्दगीभरको मिहिनेत देखाउने अवसर आएको छ । यही सोचले खासै निद्रा लागेन । बिहानदेखि मुटु जोडले ढुकढुक भइरहेको थियो । खान मन खासै लागेन । तर, घाँटीमा स्वर्ण पदक भिरेको झलझली देखिरहेको थिएँ । गुवाहाटीमा भएको १२औं सागमा पाँचौं भएको थिएँ । तर, १३औं सागमा स्वर्ण पदक जित्ने संकल्प थियो ।

भारतीय र हरि दाइलाई उछिन्दै स्वर्ण जितें

पाँच हजार मिटर दौडको फाइनल सुरु भयो । सबै खेलाडीले आआफ्नै रणनीति बनाएका थिए । ट्र्याकमा मभन्दा पनि तीव्र गतिका धावक थिए । दौडमा २० मिटर पछि हुँदा धेरै फरक पर्न सक्छ । अचम्म ! जब दौड सुरु भयो, मैले सोचेको भन्दा फरक पाएँ । मसँगै दौडिएका विपक्षी धावकले सुस्त सुरुवात गरे । मैले ट्रायलमा १४ मिनेट १० सेकेन्ड र १४ मिनेट १५ सेकेन्डमा दौड पूरा गरेको थिएँ । सुशीलनरसिंह राणा गुरुले मेरो बारे सबै अध्ययन गर्नुभएको थियो । चार ल्यापपछि ६६ रेस ल्याएँ । यही वेला भारतीय खेलाडी सुनील र अर्का खेलाडीले मलाई ट्र्याकमा छेक्न कोसिस गरेका थिए ।

एक हजार मिटरका लागि दौडिँदा म चारजनाभन्दा पछि थिएँ । अन्तिम एक ल्यापमा म, हरि दाइ, भारतका सुनील र भुटानी खेलाडी मात्र थियौं । यही समयमा मैले आफ्नो गतिलाई बढाएँ । बस, मेरो तर्फबाट कुनै गल्ती गर्नु भएन भन्ने थियो । भारतीय धावक अगाडि कुदे । दुई सय मिटर बाँकी रहँदा भारतीय र हरि दाइलाई अगाडि पाएँ । अझै पनि म २० मिटर पछि छु भन्ने लाग्यो अनि दिमाग लगाएँ । एक सय १० मिटरपछि बाटो खाली भयो । भएभरको बल लगाएर कुदें । अन्तिममा उनीहरूलाई एक वा दुई मिटरले पछि पार्दै राष्ट्रलाई स्वर्ण दिलाएँ । अनि सागमा मेरो स्वर्ण जित्ने र राजेन्द्र दाइले यसै विधामा गुमाएको स्वर्ण फर्काउने सपना पूरा भयो । त्यसपछि ओलम्पिक खेल्ने सपना पनि पूरा भयो ।

सागमा राष्ट्रलाई स्वर्ण दिलाएपछि समर्थक, घरपरिवार र म आबद्ध विभागबाट नसोचेको बधाई पाएँ । त्यही वेला एक खेलाडीका लागि स्वर्णको महत्त्व कति रहेछ थाहा भयो । सागमा दीपक विष्ट, वैकुण्ठ मानन्धर दाइहरूसँगै नेपाली खेलकुदमा मेरो नाम पनि थप भयो । यससँघि दशरथ रंगशालामा छिर्दा मलाई कसैले चिन्दैनथ्यो । अब सागको स्वर्णधारी भनी सबैले चिन्न थाले । उनीहरूले फरक व्यवहार देखाए । सागमा स्वर्ण जित्दा मैले १५-२० लाख रुपैयाँ जम्मा गर्रे ।

ओलम्पिक खेल्ने सपना अझै अधुरै

स्वर्ण पदक जितेपछि मलाई सन् २०२० मा टोकियो ओलम्पिकमा पठाउने वाचा सम्बन्धित निकायका पदाधिकारीले 'तिमी नै उत्कृष्ट खेलाडी' भनेका थिए । नेपाल ओलम्पिक कमिटीले अन्तिममा झेल गऱ्यो । मेरो स्थानमा सरस्वती चौधरीलाई ओलम्पिक खेल्न पठायो । स्वर्ण जितेको व्यक्ति नेपालमा र सागमा केही सफलता हात नपारेका खेलाडीले ओलम्पिक खेल्ने अवसर पाए । ओलम्पिक कमिटीले टोकियो ओलम्पिकमा आफ्नो तर्फबाट गल्ती भएको भन्यो । उनीहरूले अर्कोपटक ओलम्पिकमा पठाउँछौं भनेर दोस्रो वाचा गरे । एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठसँग एक घण्टा कुराकानी हुँदा मलाई चीनको हाङ्झाउमा भएको १९औं एसियाडमा पठाउने भनियो । तर, दोस्रोपटक थाहा नै नदिएर सन्तोषी श्रेष्ठलाई पठाइयो । मलाई खेलाडीप्रति कुनै गुनासो छैन । सबै प्रतिभावान् खेलाडी हुन् । मेरो सपनासँग उनीहरूले खेलबाड गरे । मेरो सबै मिहिनेत पानीमा बग्यो । कोरोनाको समयमा पनि ओलम्पिकको तयारी गरेको थिएँ । त्यसवेला राति दुई बजे कुद्ने गर्थें । कोरोनाको समयमा चार बजेपछि प्रहरीले बाटोमै उभ्याउने हुँदा दुई बजेदेखि चार बजे बिहान रिङरोडमा दौडिन्थें । मेरो अझै ओलम्पिक खेल्ने सपना मरेको छैन ।

खेल संक्षेप

युएईमा सदभावले जिते उपाधि



काठमाडौं/ नेपालका नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्यले युएईमा २८औं फाल्डो जुनियर टुर युरोप ग्रान्ड फाइनलअन्तर्गत यू-२१ विधामा उपाधि जितेका छन् । नेपालले फाल्डो सिरिज ग्रान्ड फाइनलमा उपाधि जितेको यो पहिलो अवसर हो । समग्रमा सदभाव ओभरअलतर्फ दोस्रो भएका छन् । युएईको आबुधाबीस्थित अल आइन इक्वेसटेरियन सुटिङ एन्ड गल्फ क्लबमा भएको प्रतियोगितामा उनले एक अन्डर ६९ स्कोर गरी यू-२१ तर्फ उपाधि जितेका हुन् । समग्रमा उनले पाँच अन्डर २०५ गरेका थिए ।

सदभावले उपाधि जित्दा डेनमार्कका भिक्टोर कोफोड उसलेन दुई स्ट्रोकले पछि परेका छन् । १८ होल सुरु हुँदा सदभाव दुई स्ट्रोकले पछि थिए । सदभावले फ्रन्ट नाइनमा इभन पार गर्दै ३५ स्कोर गरे । उनले ब्याक नाइनमा एक अन्डर ३४ स्कोर गरेका थिए । उनले पहिलो दिन इभन-पार ७० र दोस्रो दिन चार अन्डर ६६ स्कोर गरे । दोस्रो स्थानमा रहेको डेनमार्कका भिक्टोरले दुई सय सात स्कोर गरे ।

प्रतियोगितामा नेपालबाट प्रतिनिधि गरेका जयवीर आचार्य यू-१६ पुरुषमा ११औं स्थानमा रहे । महिला यू-१६ मा आइसटिना टन्डन नवौं स्थानमा रहेकी छिन् । युएईमा युरोप, मिडल इस्ट र एसियाबाट ७० जुनियर गल्फरले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । यो प्रतियोगिताबाट एमेच्योर गल्फ वरीयतामा अंक जोडिने प्रावधान छ । सन् २०२५ को एसिया ग्रान्ड फाइनल, जुनियर दुबई डेसर्ट क्लासिक र अनिका इनभिटेसनल युरोपको छनोट प्रतियोगितासमेत हो ।

भ्याली पब्लिकको सहज जित

काठमाडौं/ आयोजक भ्याली पब्लिक स्कुलले १८औं भ्याली पब्लिक बास्केटबल प्रतियोगिताका तीनवटै विधामा सहज जित निकालेको छ । सिनियर पुरुषमा भ्याली पब्लिकले जागृतिलाई ३०-१९ ले हरायो । यसै विधामा बागमतीले स्कोलर्स होमलाई ४८-३३ र मोक्षदाले रिलायन्सलाई ४२-३२ ले हराए । सिनियर महिलामा भ्याली पब्लिक 'बी'ले बागमतीलाई ३०-१० र क्यानभासले अपीलाई १४-९ ले पराजित गरेका छन् । जुनियर पुरुषमा भ्याली पब्लिकले ह्वाइट माउन्टेनलाई ३३-२२ ले पाखा लगायो । अपीले न्यु एरालाई १३-७ र ग्रिनफिल्डले ओडिसी इन्टरनेसनल एकेडेमीलाई २६-३ ले निराश पारे । पारामाउन्टले स्किब्सलाई १७-१२ र ग्रिनल्यान्डले एन्जल्स किड्सलाई २८-४ को स्कोरमा जित निकाले । प्रतियोगिताको सिनियर पुरुष र जुनियरमा समान ३२ टोली छन् । सिनियर महिलामा २० टोलीले प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ । तीनवटै समूहका विजेताले २० हजार र उपविजेताले १० हजार रुपैयाँ पाउनेछन् ।



सुदूरपश्चिमका आइकोनिक खेलाडीमा वसन्त छनोट

नयाँ पत्रिका

नेपाल प्रिमियर लिगका लागि फ्रेन्चाइज टोली सुदूरपश्चिम रोयल्सले ट्यालेन्ट हन्टबाट आइकोनिक खेलाडीका रूपमा अलराउन्डर वसन्त खत्रीलाई छनोट गरेको छ । धनगढी क्रिकेट एकेडेमीको मैदानमा सञ्चालन भएको ट्यालेन्ट हन्टबाट वसन्त आइकोनिक खेलाडीको भूमिकामा टोलीमा समावेश भएका हुन् । उनी अब एनपिएल खेल्ने सुदूरपश्चिमको अधिकारिक टोलीमा हुनेछन् । ट्यालेन्ट हन्टबाट उत्कृष्ट प्रतिभा छनोट गर्दै सात खेलाडीलाई सुदूरपश्चिम हिरोजको पहिचानका साथ टोलीमा समावेश गर्ने जनाएको छ ।



आयुब चन्द, अभिषेक पाल, वसन्तसिंह कार्की, भूपेश जोशी, धर्मराज जोशी, सुशील रावल र टेक रावतले एनपिएल अवधिभर टोलीसँग प्रशिक्षण गर्ने अवसर पाउनेछन् । सुदूरपश्चिमले पछिल्ला केही दिनदेखि धनगढीमा रहेर प्रशिक्षण गरिरहेको छ । टोली केही दिनपछि एनपिएल खेल्न काठमाडौं आउनेछ । सुदूरपश्चिम रोयल्सको मार्की खेलाडी सुदूरपश्चिम प्रदेशकै दीपेन्द्रसिंह ऐरी छन् । मेन्टरमा अस्ट्रेलियाका ब्राड हज र मुख्य प्रशिक्षकमा जगत टमाटा छन् ।

टोलीमा राम्रा चार विदेशी खेलाडी पनि छन् । ब्रान्डन मक्मलेन (स्कटल्यान्ड), सेफ अली जेब (इंग्ल्यान्ड), स्कट कुगेलेइन (न्युजिल्यान्ड) र रोहन मुस्तफा (युएई)लाई सुदूरपश्चिमले अनुबन्ध गरेको हो । अक्सनबाट आरिफ शेख, अभिनाश बोहरा, विनोद भण्डारी, अर्जुन कुमाल, खड्क बोहरा, इशान पाण्डे, नरेश बुढाऐर, भोजराज भट्ट, नरेन साउद, अमित श्रेष्ठलाई भिऱ्याएका हुन् । अर्जुन र नरेन भने हाल यू-१९ टोलीमा व्यस्त छन् ।

विराटनगरले छान्यो तीन उदीयमान खेलाडी



विराटनगर किंग्सले ट्यालेन्ट हन्टबाट तीनजना खेलाडी छनोट गरेको छ । कोशी प्रदेशका पाँच जिल्लामा भएको छनोट प्रतियोगिताबाट छानिएका तीन उत्कृष्ट खेलाडीमा फिर्दोस अन्सारी, कमल खत्री र सुजन थपलिया छनोट भएका हुन् । अब अन्तिम चरणको छनोटबाट तीनमध्ये एकजनाले एनपिएलमा विराटनगरको प्रतिनिधित्व गर्न पाउनेछन् ।

विराटनगरले कोशी प्रदेशका इलाम, झापा, सुनसरी, उदयपुर र मोरङमा ट्यालेन्ट हन्ट गरेको थियो । विराटनगरको मुख्य प्रशिक्षकमा आयरल्यान्डका पूर्वक्रिकेटर केभिन ओ ब्राइन रहेका छन् । विराटनगरको मार्की खेलाडीमा राष्ट्रिय क्रिकेट टोलीका लेग स्पिनर तथा पूर्वकप्तान सन्दीप लामिछाने रहेका छन् ।

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा आठ टोलीको सहभागितामा एनपिएल १५ मंसिरदेखि ६ पुससम्म त्रिवि क्रिकेट मैदानमा हुँदै छ । प्रतियोगितामा आठ फ्रेन्चाइज टोलीको सहभागिता रहनेछ ।

विराटनगरसँगै पोखरा एभेन्जर्स, जनकपुर बोल्ट्स, काठमाडौं गुर्खाज, चितवन राइनोज, सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स र लुम्बिनी लायन्सले प्रतिस्पर्धा गर्नेछन् । विराटनगरले उद्घाटन खेलमा जनकपुरको सामना गर्नेछ ।


कबड्डीको लोगो, फ्रेन्चाइज टिम र ट्रफी सार्वजनिक



काठमाडौं/ आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले नेपाल कबड्डी लिग (एनकेएल)को शुक्रबार लोगो, ट्रफी र फ्रेन्चाइज ६ टोलीको घोषणा गरेको छ । एनकेएल लिगमा ६ प्रदेशका फ्रेन्चाइज टोलीले भाग लिनेछन् । आयोजकले लिगको मिति घोषणा गरेको छैन । तर, लिगमा काठमाडौं, पोखरा, विराटनगर, बुटवल, जनकपुर र धनगढीले प्रतिस्पर्धा गर्नेछन् ।

अखिल नेपाल कबड्डी संघले आगामी १० वर्षसम्म लिग गर्न एस्ट्रोनिक्स म्यानेजमेन्ट प्रालिलाई अधिकार दिएको थियो । खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपालमा पहिलोपल्ट आयोजना हुन लागेको लिगमा छुट्टै उत्साह र उमंग हुने बताए ।

उनले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङप्रति आक्रोश पोखे । सदस्यसचिवले स्वार्थ बाझिने खेलमा मात्रै ध्यान दिँदा कबड्डीजस्ता खेल खेलाउने कभर्डहल नपाएको मन्त्री चौधरीले गुनासो पोखे । 'अहिले सरकार खेलकुदमा लगानी गर्न तयार छ । तर, राखेपका सदस्यसचिव राजनीति स्वार्थबाट माथि उठ्न सकेनन्,' उनले भने, 'राष्ट्रको पैसा मात्रै सकियो । उहाँले केही नतिजा नआउने खेललाई प्राथमिकतामा राख्नुभएको छ ।'





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com